वर्ष : १९, अंक : २२, काठमाडौं, २०८० भाद्र २९ गते शुक्रबार, 15 September, 2023, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित — www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvani

https://twitter.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

संवैधानिक व्यवस्था नै त्रुटिपूर्ण : अध्यक्ष यादव

काठमाडौं । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले संवैधानिक व्यवस्था त्रुटिपूर्ण रहेकोले अहिले विभिन्न संवैधानिक संकटहरु आइरहेको बताएका छन् । संविधान जारी भएदेखि नै संशोधनको माग गर्दै आएका जसपा अध्यक्ष यादव अहिले संविधानको त्रुटिहरुबारे आफ्नो धारणा राखेका छन् । उनले सरकार गठनसम्बन्धी सँविधानमा उल्लेखित विषय नै त्रुटिपूर्ण रहेको बताएका छन् । सत्ता साझेदार जसपाका अध्यक्ष यादवले संविधानमा सरकार गठन प्रक्रियामा गंभीर त्रुटि रहेको बताएका छन् ।

'संविधानमा त्रुटिकै कारण कोशी प्रदेशमा सरकार गठनमा समस्या सिर्जना भएको छ 'उनले भने, सरकार गठनसम्बन्धी ५ चरणसम्मको व्यवस्था राख्नु नै त्रुटि हो । 'कोशी प्रदेशमा कुनै पनि दलले बहुमत नपाएको अवस्थामा हुने यसखालका घटना सामान्य हुन' अध्यक्ष यादवले भने, संसदीय व्यवस्थामा दुई तिहाई निजक भएका दलहरु पनि धरासायी भए । विराटनगर विमानस्थलमा सोमबार सञ्चारकर्मीसँग कुरा गर्दै उनले भने- हाम्रो सिस्टममै दोष छ । ' हालको संसदीय व्यवस्थाको संरचनामा पुनःविचार गर्नुपर्छ,' उनले भने, 'संसदीय प्रावधान भनेको बहुमत रहेसम्म सरकार बनाउने, बहुमत नरहँदा हट्ने गरी प्रावधान राख्नुपर्छ । संवैधानिक व्यवस्था नै त्रुटिपूर्ण रहेको उल्लेख गर्दै उनले भने, मन्त्रिमण्डल बन्ने अवस्था ५ स्टेपसम्म राख्नु हुँदैन ।' कांग्रेसको सल्लाह, सहमति र सहकार्यमै समाजवादी मोर्चा बनेको यादवले बताए । 'मोर्चाले कांग्रेससँग सहकार्य गर्दै अगाडि बढ्छ ' उनले भने, भ्रमबस कोही साथीहरु तसिँनु भएको छ भने त्यहाँबाट मुक्त हुनुपर्छ । मोर्चा र कांग्रेस सहकार्यका साथ अगाडि बढ्छौं,' यादवले भने ।

प्रभु साहसहित पाँचविरुद्ध मुद्दा दर्ता

रौतहट । आम जनता पार्टीका अध्यक्ष प्रभु साहसहितका पाँच जना नेतामाथि गाली बेइज्जती मुद्दा दर्ता गरिएको छ । जनता समाजवादी पार्टी (जसपा) नेपाल रौतहटका समाजवादी युवा संघ रौतहटका इन्चार्ज सन्जीव कुमार यादवले जिल्ला अदालत गौरमा उनीहरुमाथि गाली बेइज्जतीको मुद्दा दर्ता गराएका छन् । आजपाका नेता उपेन्द्र साह, त्रिभुवन भनिने अमर साह, चन्देश्वर साह र प्रवक्ता चन्द्रभुषण साहमाथि जिल्ला अदालत रौतहटमा गाली बेइज्जतीको मुद्दा दर्ता गरिएको यादवले जनाएका हुन् । 'प्रभु साहको निर्देशनमा आफूलाई घेरा हाली हातपात गर्नुको साथै गाली बेइज्जती गरिएको छ' उनले भने, आफ्नो मान मर्यादा र प्रतिष्ठामा आँच पुऱ्याउने काम गरिएकोले मुद्दा दर्ता गरेको छु । साह विरुद्ध दर्ता गरिएको मुद्दाको जिल्ला अदालत रौतहटमा दर्ता नम्बर ०११८ कायम भएको छ । उनले दायर गरेको मुद्दाको लागि असोज २५ गते तारेख तोकिएको छ । यादवले गाली बेइज्जती मुद्दा दर्ता गराएकाहरुमध्ये त्रिभुवन भनिने अमर साहले जसपाका अध्यक्ष उपेन्द्र यादवमाथि गौर हत्याको किटानी जाहेरी दिएका छन् । जसपा अध्यक्ष यादवलाई गौर घटनाका मुख्य अभियुक्त भन्दै उनी विरुद्ध जाहेरी दर्ता गराएका छन् । यादवले गाली बेइज्जती मुद्दामा प्रभु साहलाई मुख्य अभियुक्त बनाएका छन् । यादवले प्रभु साहको निर्देशनमा अभियुक्तहरुले घेरा हाली आफ्नो चरित्र हत्या गर्ने नियतले लछारपछार गरी सामान्य हातपात समेत गरेको उल्लेख गर्दै सर्वसाधारणको उपस्थितिमा लुगाफाटा च्यातेको जनाएका छन् ।

संविधानको अन्त्येष्टि गर्नुपर्छ : प्रभु साह

विराटनगर । आम जनता पार्टी (आजपा) का अध्यक्ष एवं सांसद प्रभु साहले अहिलेको संविधानको अन्त्येष्टि गर्नुपर्ने बताएका छन् । सरकारले असोज ३ गते संविधान दिवस उत्सवका रुपमा मनाउँने तयारी गर्दै गर्दा उनले संविधान दिवसको कुनै औचित्य नभएको बताए । विराटनगरमा सोमबार आजपाको कोशी प्रदेश स्तरीय बैठकलाई सम्बोधन गर्दै अध्यक्ष साहले अहिलेको व्यवस्था 'गण्डा व्यवस्था' भएको टिप्पणी गर्दै अहिलेको संविधानले नेपाली जनताको चाहना पुरा हुन नसक्ने बताए । 'अहिलेको संविधानको रक्षा गर्न सकिँदैन् । अहिलेको व्यवस्था र संविधानले देशलाई अगाडी बढाउँन सक्दैन् । देशमा लोकतन्त्र होईन, दलतन्त्र छ' साहले भने, 'नेपालमा राजतन्त्र फालेर लोकतन्त्र ल्याउँने भनियो तर लोकतन्त्र हैन, दलतन्त्र आएको छ । आजको दिनमा राजन्त्र त हटयो तर छोटे राजाहरुको जन्म भएको छ ।'

अहिले कुनै पनि कार्यालयमा विना घुसको काम गराउँन सकिने अवस्था नभएको बताउँदै उनीहरुले ति भ्रष्टहरुलाई ठुला दलका शीर्ष नेताहरुले नै संरक्षण गरिरहेको आरोप उनले लगाए । विदेशमा मौज गरिरहेका, नेपालबाट लुटेर विदेशमा पुगेकाको पक्षमा सरकार उभिने गरेको तर विदेशमा मजदुरी गर्ने श्रमजिवि मजदुर जसले नेपाल बनाउँन श्रम गर्ने गरेको त्यसलाई हेला गर्ने काम सरकारबाट भईरहेको उनले बताए । 'भगौडा दलालाको पक्षमा कानून निर्माण गर्ने, नेपालमा लुटेर विदेशमा मौज गर्नेकै पक्षमा लाग्ने सरकार उनीहरुकै पक्षमा थप कानून बनाएर नेपालको पैसा विदेशमा पुर्याउँन काम गरिरहेका छन' साहले भने, 'तर विदेशमा श्रम गर्ने, विदेशमा काम गरेर नेपालमा पैसा पठाएर नेपाललाई समृद्ध बनाउँन चाहने युवा, श्रमिकको पक्षमा सरकार नलाग्नु लाजमर्दो कुरा हो ।'

बाँकी अन्तिम पृष्ठमा

नेपालमा राजनीति नगर्न चिनियाँ राजदूतलाई लोसपा नेता झाको चेतावनी

काठमाडौं । लोकतान्त्रिक समाजबादी पार्टी नेपालका बौद्धिक नेता डा.सुरेन्द्र झाले नेपालका लागि चिनियाँ राजदूत छन् सोडलाई नेपालमा राजनीति नगर्न चेतावनी दिएका छन् । चिनियाँ राजदूत सोडले केही दिन अगाडि दिएको अभिव्यक्तिको बिरोधमा लोसपानिकट लोबिसंघले शनिबार निकाले बिरोध जुलुसमा नेता झाले सो चेतावनी दिएका हुन् । राजदूत सोडलाई इङ्गित गर्दै नेता झाले भने, 'तपाई कुनै नेता होइन, चीन सरकारको एउटा कर्मचारी हो । तपाई नेपालमा राजनीति गर्ने होइन । राजनीति गर्ने मन छ भने चीनमा गएर राजनीति गर्नुस् ।'

उनले गैरमयार्दित र गैरकुटनीतिक अभिव्यक्ति दिने चिनियाँ राजदूतलाई सरकारले अविलम्ब फिर्ता बोलाउनुपर्ने माग गरेका छन् । नेपाल-भारतबीचको बहुआयामिक सम्बन्ध र व्यापार सम्बन्धलाई असर पुग्ने अभिव्यक्ति दिन कुनै पनि अन्य देशका प्रतिनिधिलाई अधिकार नरहेको जिकिर गरे । चीनले नेपालमाथि अघोषित नाकाबन्दी गरेको कारण नेपालका कैयौं व्यापारीहरु आत्महत्या गरेको र अझै पनि कैयौं व्यापारीहरुहरु पीडामा रहेको कुरा स्मरण गराए । भारत सरकारले नेपालको १० हजार मेगाबाट बिजुली किन्ने निर्णय गरेलगत्तै चिनियाँ राजदूतले त्यसमा असर पर्ने गरी अभिव्यक्ति दिनु गैरकुटनीतिक रहेको उनको भनाइ । भारतले नेपालको बिजुली किन्ने गरेको निर्णय नेपालको आर्थिक समृद्धिमा ठूलो सहयोग पुग्ने उनले उल्लेख गरे ।

मधेशमा अराजकता बढ्दै

दंगा फैलाउनेलाई गोली हान्ने मुख्यमन्त्रीको चेतावनी

मधेशवाणी डेस्क

काठमाडौं । केही समयदेखि मधेश प्रदेशमा अराजक वातावरण बन्दै गएको छ । कहिले धर्मको नाउँमा, कहिले जातको नाममा त कहिले दलहरुबीचको टकरावको नाममा अराजक गतिविधि बढ्न थालेको छ । हुन न देशभरि नै अराजक र गुण्डाराज जस्तो माहोल बन्दै गएको छ भने मधेशमा शान्ति व्यवस्था कायम गर्न सरकारको ध्यान पुग्न सकेको छैन । मधेशमा हुने अराजक गतिविधिको जिम्मेवार मधेश सरकारलाई दिने गरेको छ । तर मधेश सरकारले केही गर्ने वातावरण नै छैन । संघीय सरकारको केन्द्रित नीतिका कारण कुनै पनि प्रादेशिक सरकार निरीहता बाहेक अन्य केही गर्न सकिरहेको छैन ।

नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको यत्रो समय भइसक्दा पनि संस्थागत हुन सकेको छैन । संघीयता संस्थागतका लागि मधेश प्रदेश सरकारले भरपूर प्रयास गरिरहेको छ तर संघीय सरकारले केन्द्रित शासनलाई नै आत्मसात गर्दै अगाडि बढिरहेको छ । प्रदेश सरकारको आफ्नो प्रहरी प्रशासन छैन, कर्मचारी छैन । अनि जनतामा भ्रम फैलाउन खोजिदैछ कि प्रदेश सरकारले केही गरेन ।

मधेशको शान्ति सुरक्षाको व्यवस्था

मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादव

मधेश सरकारको जिम्मा भएको भए कुनै पनि घटना परिघटना जिम्मा मधेश सरकारले लिनुपर्ने हुन्थ्यो । तर, मधेश मुख्यमन्त्री हैसियत एउटा सामान्य कर्मचारी जतिको पनि छैन । मुख्यमन्त्रीलाई प्रहरी प्रशासन चलाउने अधिकार छैन । प्रदेशमा कर्मचारीदेखि सुरक्षा अधिकारीसमेत संघीय सरकारले खटाएको छ ।

संघीय सरकारको बिरुद्धमा मधेश प्रदेश सरकारले दर्जनौं मुद्दासमेत अदालतका दर्ता गराएको छ । तर अदालतले पनि त्यसप्रति कुनै चाँसो देखाएको छैन । संविधानले प्रदेशको आफ्नै कर्मचारी, प्रहरी प्रशासन हुने अधिकार दिएको छ, तर व्यवहारतः छैन । जसका कारण मधेशमा दिनप्रति दिन बिभिन्न अराजकहरु देखा परिरहेका छन् ।

यसैबीच, मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादवले हिन्दू र मुस्लिमबीच दंगा फैलाउनेलाई गोली हान्ने चेतावनी दिएका छन् । मुख्यमन्त्री यादव मंगलबार बाराको बारागढी गाउँपालिका १ स्थित नुरी जामा मस्जिदको उद्घाटन गर्दै यस्तो अभिव्यक्ति दिएका हुन् ।

मुख्यमन्त्री बनेको एक महिनापछि केहि हिन्दूबादीहरु भेट्न आएको र उनीहरु हिन्दूमाथि अत्याचार हुने गरेको गुनासो गरेको प्रसँग केलाउँदै मुख्यमन्त्री यादवले भने, 'गलत गर्नेतर्फ लागिए लाठीले मात्र होइन्, गोलीले ठोक्न सुरु भइहाल्छ । यो प्रदेशमा कुनै किसिमको दंगा हुनु हुँदैन् ।'

उनले बिहारमा जस्तै मधेशमा उर्दु पढाई हुने सरकारी विद्यालय स्थापना गर्ने उद्घोष गरे । 'बिहारमा उर्दु विद्यालय हेरेको छु । नेपालमा छैन । तर मधेशबाट सुरुवात

बाँकी अन्तिम पृष्ठमा

आलोचनापछि चिनियाँ राजदूतसँग परराष्ट्रले सोध्यो स्पष्टीकरण

काठमाडौं । कूटनीतिक मर्यादा विपरीत सार्वजनिक रुपमा भाषण गरेका चिनियाँ राजदूत छन् सोडलाई परराष्ट्र मन्त्रालय बोलाएर स्पष्टीकरण लिइएको छ ।

परराष्ट्र सचिव भरतराज पौडेलले चिनियाँ राजदूतलाई मन्त्रालयमै बोलाएर स्पष्टीकरण माग गरेको परराष्ट्र स्रोतले जनाएको छ ।

नेपालका लागि चिनियाँ राजदूत छन् सोडले नेपाल-भारतबीचको सम्बन्ध र नेपालको आर्थिक अवस्थाप्रति विवादस्पद अभिव्यक्ति गत हप्ता दिएका थिए ।

काठमाडौंमा आयोजित एक कार्यक्रममा उनले कूटनीतिक मर्यादा विपरीत नेपाल-भारतबीचको सम्बन्ध र व्यापारमा खलल पुऱ्याउनेगरी टिप्पणी गरेका थिए ।

चिनियाँ राजदूतको यस विवादास्पद

अभिव्यक्ति पछि उनको चर्कों आलोचना भएको थियो । प्रतिनिधि सभा र राष्ट्रीय सभा दुबै सदनमा चिनियाँ राजदूतको अभिव्यक्ति प्रति कडा आलोचना गर्दै सांसदहरूले राजदूतलाई चिन फिर्ता पठाउने मागसम्म गरेका थिए ।

यस्तै संसदको अन्तर्राष्ट्रीय सम्बन्ध समितिले बैठक नै डाकेर चिनियाँ राजदूतको अभिव्यक्तिको बिरोध गर्दै उनलाई स्पष्टीकरण सोध्न परराष्ट्र मन्त्रालयलाई निर्देशन दिएको थियो ।

समितिका सबै सदस्यहरूले चिनियाँ राजदूतलाई आफ्नो कूटनीतिक सीमा ननाघ्न चेतावनी समेत दिएका थिए । समितिको निर्देशन पछि परराष्ट्र सचिवले चिनियाँ राजदूतलाई बोलाएर स्पष्टीकरण माग गरेका हुन् ।

परराष्ट्र स्रोतका अनुसार सोमबार अपराह्न करीब सवा चार बजे परराष्ट्र मन्त्रालय छिरेका चिनियाँ राजदूत परराष्ट्र सचिवको कार्यकक्षबाट आधा घण्टापछि बाहिर निस्केका थिए ।

नाम नखुलाउने शर्तमा परराष्ट्रका एक जना उच्च अधिकारीले चिनियाँ राजदूतलाई आइन्दा नेपाल र तेस्रो मुलुकको सम्बन्ध बारे नबोल्न र कूटनीतिक मर्यादामा बसेर अभिव्यक्ति दिन निर्देशन समेत दिइएको जानकारी गराए ।

परराष्ट्र मन्त्रालयमा कार्यरत सुरक्षाकर्मीहरूले चिनियाँ राजदूत मन्त्रालयमा आएको, सचिवको कोठामा छिरेको पुष्टि गरेको छन् । तर परराष्ट्रका कोही कर्मचारीले पनि यसबारे बोल्न तैयार भएनन् । स्रोतका अनुसार चिनियाँ राजदूतले स्पष्टीकरणको कुरा कहीं कतै मीडियामा नआओस् भनेर परराष्ट्रका कर्मचारीहरूलाई दबाब दिएका थिए ।

महासंघ मधेश प्रदेशको जिल्ला अध्यक्षहरूको संयुक्त विज्ञप्ति विवादित

कलैया । नेपाल पत्रकार महासंघ मधेस प्रदेशका ८ जिल्लाका अध्यक्षले निकालेको संयुक्त प्रेस विज्ञप्तिप्रति यतिबेला मधेश प्रदेशका पत्रकारहरु चौतर्फी बिरोध गरिरहेका छन् । बिज्ञप्तीमा ८ जिल्लाका अध्यक्षको नामसहित हस्ताक्षर भए पनि सप्तरी जिल्ला अध्यक्ष श्रवन देव एक हप्तादेखि भारत भ्रमण रहेको तथ्य खुलेको छ ।

उनी आफ्ना सहकर्मी शिव नारायण साहसँग भारत भ्रमणमा भए पनि उनकोसमेत किर्ते हस्ताक्षर गरी मधेस प्रदेश अन्तर्गतका जिल्लाहरूका संचारकर्मीहरुको सदस्यता हटाउने प्रपन्चमा लागेको आरोप छ ।

नेपाल प्रेस युनियन केन्द्रिय कार्यसमितिका उपाध्यक्ष अनिल कर्णले मधेश प्रदेशमा पत्रकार महासंघका अध्यक्षहरुद्वारा भइरहेको गतिविधिलाई आफूले गम्भीरता पुर्वक नियालिरहेको बताए । उनले संघीय संरचनालाई लत्याएर अध्यक्षहरुले आफ्नो उद्देश्य प्राप्ती नभएपछि प्रदेश समितिमा हिलो छ्याप्ने काम गर्नु दुःखद रहेको बताए ।

उनले यो कदम नसच्चयाए पत्रकार महासंघ मधेश प्रदेशका जिल्लाहरुका अध्यक्षहरविरुद्ध आन्दोलनको आँधीबेरी सिर्जना गर्ने बताए ।

प्रेस युनियन मधेस प्रदेश महासचिव अजय साहले नेपाल पत्रकार महासंघ कै विधानअन्तर्गतनै प्रदेश महासंघ पनि गठन भएको र सोही विधान अनुसार गठित जिल्ला महासंघका अध्यक्षहरुले व्यक्तिगत स्वर्थपूर्तीको लागि आफूले गरेको निर्णय विधान अनुसार हुने र सोही विधाकन अनुसार गठन भएको माथिल्लो निकाय गलत भन्नु कतिको ठिक छ? यो सोचनिय र गम्भीर विषय हो भनी समाजिक सञ्जालमार्फत लेखेका छन् ।

यसैगरी मधेस प्रदेशका ८ जिल्लाका अध्यक्षहरुले निकालेको संयुक्त प्रेस विज्ञप्ति बिरुद्ध सर्लाहीका दुई पत्रकार संगठनले आफ्नो गम्भीर ध्यानाकर्षण भएको जनाएका छन् । नेपाली कांग्रेस निकट नेपाल प्रेस युनियन सर्लाही र नेकपा(माओवादी केन्द्र) निकट प्रेस सेन्टर नेपाल जिल्ला समन्वय समिति सर्लाहीले, नेपाल पत्रकार महासंघ मधेस प्रदेशका ८ जिल्लाका अध्यक्षहरुले निकालेको संयुक्त प्रेस विज्ञप्ति प्रति गम्भीर ध्यानाकर्षण भएको जनाएका हुन ।

नेपाली पत्रकारितालाे प्रवर्द्धन तथा श्रमजीवी पत्रकारहरुको अधिकार सुनिश्चित गर्न सक्रिय भूमिका निर्वाह गर्नुपर्ने र संगठनलाई मजबुत बनाउने सम्पुर्ण पत्रकारहरुको छाता संगठन नेपाल पत्रकार महासंघ मधेस प्रदेशका जिल्ला अध्यक्षहरुले आफू अनुकूलको सदस्यता नभए आन्दोलन गर्ने धम्की दिनु आफैंमा आपतिजनक रहेको दुई संगठनद्वारा विज्ञप्तिमा उल्लेख छ ।

संघिय लोकतान्त्रीक गणतन्त्रात्मक व्यवस्था अनुसार संघीय संरचनालाई अस्वीकार गर्दै नेपाल पत्रकार महासंघ मधेश प्रदेशका आठै जिल्लका जिल्ला अध्यक्षहरुले निकालेको विज्ञप्ति उचित नरहेको उनीहरुले जारी गरेको विज्ञप्तीमा उल्लेख गरेका छन् ।

नेपाल पत्रकार महासंघको सुर्खेतमा सम्पन्न साधारणसभा र लुम्बिनी भेलाबाट पारित १५ बुँदे मापदण्ड नेपाल पत्रकार महासंघको विधान संसोधनसगै भएका निर्णय भएकाले यसलाई पालना गर्नु हरेक पत्रकारहरुको जिम्मेबारी र दायित्व रहेको भएपनि मधेश प्रदेशका आठै जिल्लाका अध्यक्षहरुले अड्डी कसिरहदा देशै भरका प्रदेश महासंघ पनि सोहि संस्थाको विधान अनुसार गठन भएका हुन भन्ने बिर्सन नहुने विज्ञप्तीमा उल्लेख छ ।

व्यक्तिगत उद्देश्य पूर्तिको लागि आफूले गरेको निर्णय विधान अनुसार हुने र सोहि विधान अनुसार गठन भएको माथिल्लो निकाय गलत भन्नु कतिको ठिक हो ? यो सोचनिय र गम्भीर विषय हो । विज्ञप्तीमा भनिएको छ ।

नेपाल प्रेस युनियन सर्लाही र प्रेस सेन्टर जिल्ला समन्वय समिति सर्लाही रही सक्रियतापूर्वक पत्रकारीता गरिरहेका सर्लाहीका श्रमजीवी पत्रकारहरुको सदस्यता नबीकरण र नयाँ सदस्यता सिफारिस नगरि नेपाल पत्रकार महासंघ जिल्ला कार्य समितिका पत्रकारहरुलाई समेत बैठकमा नबोलाई अध्यक्षहरुले गरेको निर्णय कदापी श्रमजीवी पत्रकारहरुको पक्षमा नरहेको विज्ञप्तीमा उल्लेख गरिएको छ ।

आफु अनुकुलका सदस्यलाई मात्र सदस्यता दिने र सदस्यता नबीकरण सिफारिस गर्ने कार्यको नेपाल प्रेस युनियन सर्लाही घोर निन्दा गर्दछ,भन्युनियन सर्लाही अध्यक्ष कृष्ण प्रसाद थपलिया र सेन्टर नेपाल जिल्ला समन्वय समिति सर्लाही,सचिव रितिक अधिकारीद्वारा हस्ताक्षरीत विज्ञप्तीमा उल्लेख छ ।

विज्ञप्तिमा लुम्बिनी घोषणापत्र विपरित सक्रिय पत्रकारलाई गैर पत्रकारको बिल्ला भिराएर सदस्यता समाप्ति पार्ने नियतका साथ उन्विएकाहरूको भत्सर्ना गरिएको छ । नयाँ सदस्यता तथा सदस्यता नविकरणका लागि नेपाल पत्रकार महासंघ प्रदेश र केन्द्रमा समेत उजुरी व्यावस्था अनुसार पुनः सदस्यता पाएका श्रमजीवि पत्रकारहरुको सदस्यता खोस्ने षड्यन्त्रका साथ जारी गरिएको विज्ञप्तीलाई नेपाल प्रेस युनियन सर्लाही र प्रेस सेन्टर नेपाल जिल्ला समन्वय समिति सर्लाही कदापी स्वीकार गर्दैन ,झ विज्ञप्तिमा उल्लेख छ। संघिय लोकतान्त्रीक गणतन्त्रात्मक व्यवस्थालाई चुनौती दिंदै सम्बन्धीत निकायहरुको अस्तित्वलाई नै अस्विकार गर्नुपे शाखा अध्यक्षहरुको मनोमानि र एकलौटी निर्णय प्रष्ट देखिन्छ विज्ञप्तिमा भनिएको छ ।

सदस्यता नविकरण र नयाँ सदस्यता पाउन सर्लाही लगायत मधेश प्रदेशका सबै जिल्लाबाट फरक फरक सिफारिस जानुले

बाँकी अन्तिम पृष्ठमा

सम्पादकीय

संविधानको आयु कति ?

नेपालको संविधान जारी भएको आठ वर्ष पुग्दैछ । यो आठ वर्षको अवधिलाई समीक्षा गर्दा विगतमा नेपालमा जसरी ६ वटा संविधान खारेज भइसकेको छ, यसको पनि अवधि बढीमा एक दशक रहेको देखिन्छ । यो संविधानलाई विश्वकै उत्कृष्ट भनियो तर, संविधानभित्रका त्रुटिहरुकै कारण जारी भएदेखि विभिन्न संवैधानिक संकटहरु देखा पर्दै आएको छ । संविधान जनताको साझा दस्तावेज हो । संविधान सबैलाई समान अधिकार, पहिचान, शक्ति र समान रूपमा बाँच्न दिने र सिकाउने कानुनी दस्तावेज पनि हो । वर्तमान संविधानमा केही विरोधाभासका आवाज सुनिएका र देखिएका छन् । मुख्यतया: मधेशी जनतामाझ उनीहरूको बुझाईमा संविधानले अधिकारमा कञ्जुस्याइँ गरिएको छ । मधेशसँगको सम्झौता वारम्वार कागजमा सीमित भए । मधेशसँग गरिएको २००७ मा गरिएको सम्झौता होस् या २०६३ मा २२ बुँदे या २०६४ सालमा सरकार र तात्कालीन मधेशी मोर्चाबीच ८ बुँदे सहमति या ४ बुँदे सम्झौता होस् अहिलेसम्म कुनै पनि लागू भएको छैन । यस्ता अनेकौ सहमति र सम्झौताका बुँदाहरू छन् जसलाई विगत र वर्तमान सरकारले चेपमा पारेर राख्दै आएका छन् । ती सबै सहमति र सम्झौताहरू कुनै न कुनै रूपमा संविधान र मधेशको मुद्दासँग जोडिएको छ । संविधानमा आफ्नो हक सुनिश्चत नभएपछि मधेशका जनताहरूले आक्रोश पोख्ने आन्दोलन चर्काउने र विद्रोहको बिगुल फुक्ने काम पनि गरे तर उनीहरूको मागलाई संविधान संशोधनमार्फत पूरा गरिदिने आश्वासन मात्रै पाए । संविधानको आठौं वर्षगाँठ मनाइरहँदा पनि त्यसमा मधेशवादी दलको भूमिका पनि महत्वपूर्ण देखिएको छैन । संविधान जारी भएको चार वर्ष वितिसक्दा पनि मधेशी जनताले आफ्नो अधिकार स्थापित गर्न सकेका छैनन् । संविधान देशको शासन व्यवस्थालाई कानूनी रूप प्रदान गर्ने मूल कानून हो । संविधानविना देशले आफ्नो विविधतापूर्ण राज्य व्यवस्थित र सामाजिक धारहरूलाई परिवर्तनशील बनाउन सकिदैन । त्यसैले संविधान देशको एक महत्वपूर्ण ग्रन्थ हो । संविधान न्यायसंगत नहुँदा मधेशका जनताले आफ्नो हकहितका लागि आन्दोलन र विभिन्न मोर्चा बनाएर पहिचानको विम्व खोज्न आन्दोलन त गरे त्यो अहिले अर्थहीन भइरहेको छ । गलत राजनीतिक मानसिकताले अनाहकमा मधेश जनता शहीद भएको प्रतीत भइरहेको छ । आज पनि मधेशी, थारू, मुस्लिम, दलित, आदिवासी, पिछडिएको वर्ग यो संविधानबाट अस्तुष्ट छन् । संविधानमा असन्तुष्टिका भाव हुँदाहुँदै मधेशको भावनालाई कुल्चेर संविधान पारित गर्नु र संविधान संशोधनको खोक्रो सम्झौता गरेर मधेशी जनतामाथि मधेशी र गैरमधेशी दलहरूले राजनीति गर्दै आइरहेका छन् । आठ वर्ष भयो संविधान जारी भएको तर मधेशका जनताहरू लगातार संविधान जारी भएदेखि नै संविधान घोषणा भएको दिनलाई कालो दिनको रूपमा मनाउँदै आएका छन् । एउटै संविधानलाई फरक फरक तरिकाले मनाउनु पक्कै राम्रो होइन । किन संविधान दिवसलाई सम्पूर्ण देशले गौरवका साथ राष्ट्रिय दिवसका रूपमा मनाउन सक्दैनन् ? संविधान दिवसलाई राष्ट्रिय पर्वको रूपमा मनाउन वातावरण तयार पारिदिने दायित्व कसको ? यावत प्रश्नहरू आठ वर्षसम्म पनि गम्भीर रूपमा उठ्नु पक्कै पनि संविधानप्रतिको अनादर हो । दिनप्रति दिन बढ्दै गएको असन्तुष्टिलाई बेलैमा सम्बोधन गरिएन भने यो संविधान पनि कति टिक्ने भन्ने निश्चित छैन । विश्वका समृद्ध देशहरुमा सयौं वर्षमा एक थान संविधान जारी भएको हुन्छ र त्यसलाई समय सान्दर्भिक बनाउँदै संशोधन गर्दै आएको छ । तर नेपालका शासकहरुको नश्लीय सोचका कारण संविधानको भविष्य खतरामा छ ।

तीन दशकमा कृषि विकासको अवस्था

विचार - विश्लेषण भाग-१९४

उपेन्द्र झा

प्रतिवर्ष कृषिमा बजेट विनियोजन हुने, कृषिको दुर्दशा हेरि अतिरिक्त वैदेशिक अनुदान सहयोग प्राप्त हुने, समय समयमा ऋण सहयोग पनि उपलब्ध गरि कृषिमा लगानी गर्ने प्रयासका वावजूद पनि कृषिको प्रगति सूचक सकारात्मक नदेखिएको ठूलो बिडम्बना हो । अर्थ मन्त्रालय र कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोषवीच १ वर्ष पूर्व ८० मिलियन अमेरिकी डलर वित्तीय ऋण सहयोगको सम्झौता भएको थियो । तर नतिजा शुन्य देखियो ।

राणा शासनकालमा (वि.सं.१९८२) कृषि विकास गर्ने योजना घोषणा भएको थियो । त्यसैको फलस्वरुप वि.सं. १९९४ मा कृषि विकास परिषदको स्थापना भएको थियो । यसरी कृषि विकासको अवधि झण्डै ९ दशक भएको छ ।

पहिलो पञ्चवर्षीय योजनादेखि (२०१३) कृषि उत्थानका लागि विभिन्न कार्यक्रम तर्जुमा गरि कृषि विकासमा सरकारको पहल रहँदै आएको छ । ०२१ सालमा तत्कालीन राजा महेन्द्रले ठूला ठूला जमीन्दारहरुले कृषि उत्पादनबाट बञ्चित हजार हजार बीघा जग्गा नाउँमा राखेर बस्नेहरुबाट हदबन्दीभन्दा बढि जग्गा खोसेर भूमि सुधार ऐन लागु गरि त्यस अन्तर्गत जमीन जोत्नेको कार्यक्रम लागु गऱ्यो । जग्गा नहुने गरिब किसानलाई जमीन जोते बापत पहिले २५ प्रतिशत, पछि ५० प्रतिशत जोतेको जग्गामा हक लाग्ने मोहीयानी अधिकारको स्थापना गऱ्यो । श्रमशक्तिको अभावमा बाँझो रहेको जग्गा गरिब किसानको हातमा परेपछि कृषिक्षेत्रको उत्पादन बढ्यो ।

कृषि उत्पादनलाई व्यवस्थित गर्न, कृषकलाई कृषि उत्पादनको उचित मूल्य प्रदान गर्न तथा खपतभन्दा बढि खाद्यान्न निर्यात गर्न तत्कालीन सरकारले धान चामल निर्यात कम्पनी हरेक जिल्लामा स्थापना गरेको थियो । किसानहरु पनि बिचौलियाको ठग प्रवृतिबाट मुक्त भई उत्पादनको उचित मूल्य पाउन थाल्यो । नेपाल खाद्यान्न निर्यातको देशमा गनिन थाल्यो ।

हरेक क्षेत्र सामन्तहरुको कब्जामा रहेको, उत्पादन र वितरण प्रणालीमा कुनै सन्तुलन नरहेको, वाक स्वतन्त्रता नरहेको, जनताको कुनै अधिकार नरहेको भनेर प्रजातन्त्रवादी तथा कम्युनिष्टहरुको विरोधका आवाजहरु पंचायत व्यवस्थाको विरुद्ध उठि रहेको थियो । केही प्रतिशत व्यक्तिको स्वेच्छाचारितालै प्रणालीमाथि प्रश्न उठ्न शुरु भएको थियो । विकासको जग राखेपनि यसलाई व्यवस्थित गर्न राजा महेन्द्रले पर्याप्त अवसर पाएन । ०२८ सालमा उनको मृत्यु भयो ।

प्रजातन्त्रको पुनर्स्थापना पश्चात् प्रजातन्त्रवादी तथा कम्युनिष्टहरु नयाँ विचार, नयाँ जोश, जाँगर, उत्साह लिएर सरकार बनायो । वैज्ञानिक विचारले लैस सबैको घोषणा पत्र उत्कृष्ट नै थियो । स्वार्थ लिप्सा पूरा गर्ने चाहनाले घोषणा पत्रमा यी वैज्ञानिक विचार आएपनि व्यवहारमा एउटा पनि आउन सकेन । देश र जनताको जीवन स्तर बदल्ने राजनीतिक आदर्श एउटा पनि पूरा गर्न सकेन । वैज्ञानिक कृषिको अवधारणा किताव मै सिमित रह्यो ।

उत्पादन क्षेत्रमा कृषि पहिलो आवश्यकता रहेको कुरा मनन गरि प्रतिवर्ष बजेटमा समावेश गरिएको कृषि कार्यक्रमबाहेक पनि २० वर्षे, ३ वर्षे अतिरिक्त कार्यक्रमहरु सरकारले नल्याएका होइनन् तर कुनै कार्यक्रम गुणात्मक रुपले परिणाममुखी हुन सकेन । बरु जमीनबाट द्वैध स्वामित्व हटाउने नाममा सबै मोहीबाट जग्गा खोसियो । कृषिबाट जोताहा किसानको ठूलो संख्या कृषिबाट विस्थापित भयो । २०४२ साल अघि जनसंख्याको ९० प्रतिशत मानिस कृषिमा निर्भर रहेको अवस्थाले नै नेपाललाई कृषि प्रधान देश भनिएको हो । वि.सं. २०४०मा जीडीपीमा कृषिक्षेत्रको योगदान ६० प्रतिशत रहेकोमा ०७८ को सर्वेले २५.८ प्रतिशतमा झरेको तथ्यांक देखाउँछ ।

प्रजातन्त्र पुनर्स्थापना पश्चात् खुला वातावरणमा कृषि निर्वाहमुखी पनि रहन सकेन । फलत: कृषिमाथि निर्भर रहने जनशक्ति पलायन हुन थाले । विकल्पको खोजीमा नेपाली श्रमशक्ति विदेशतिर आफ्नो श्रम बेच्न बाध्य भयो । ०७८ को सर्वे अनुसार लगभग ६० प्रतिशत जनता कृषि कार्यमा संलग्न छन् । पलायन हुने क्रम रोकिएको छैन । किनभने कृषि निर्वाहमुखी पनि रहेन । सरकारले दिने कृषि सुविधा बिचौलियाको हातमा पर्छ र असल किसान सरकारी सुविधाबाट बञ्चित रहेकोले श्रमशक्ति पलायन रोकिएको छैन ।

आ.व. २०५६/०५७ कुल गार्हस्थ्य उत्पादनमा उद्योग क्षेत्रको योगदान १६ प्रतिशत थियो । आ.व. ०७८/०७९ मा घटेर १२.६ प्रतिशतमा झरेको छ । दुई दशक अघि कुल गार्हस्थ्य उत्पादनमा उत्पादनमूलक उद्योगको योगदान १५ प्रतिशत रहेकोमा ०७८/०७९ मा घटेर ५.१ मा पुगेको छ ।

नेपालको अर्थतन्त्रलाई आयातमुखी बनाउने जिम्मेवार पक्षले प्रतिवर्ष कृषिक्षेत्रमा अर्बौं रुपैया लगानी गरेपनि कृषिको परनिर्भरता घटेको छैन । ०७८/०७९ मा १५ खर्ब ७७ अर्बको व्यापार घाटा थियो । ०७९/०८० मा केही वस्तुको आयातमा अंकुश लगाउँदा यो वर्ष व्यापार घाटा १३ खर्ब ३७ अर्ब ३९ करोडमा सिमित हुन पुग्यो । त्यस्तै ०७८/०७९ मा आयात १७ खर्ब ६३ अर्ब २२ करोडको थियो भने ने.रा.बैंकले अनावश्यक केही वस्तुको आयातमा अंकुश लगाउँदा ०७९/०८० मा आयात १६ प्रतिशतले कम भई १४ खर्ब ८१ अर्बमा सिमित रह्यो ।

०६८ को गणना अनुसार २५ लाख २५ हजार हेक्टरमा कृषि भएको रेकर्ड देखाउँछ । ०७८ को सर्वेले २२ लाख १८ हजारमा मात्र कृषि कार्य भई रहेको देखाउँछ । ३ लाख ७ हजार २ सय २९ हेक्टर जमीन के कारणले कम भयो । त्यस्तै परिवार संख्या पनि कृषीकार्यबाट विस्थापित भई रहेको छ । नीति तहमा योजना तर्जुमा तथा यसलाई कार्यान्वयन गराउँदा यस्तो लाग्दछ कि आगामी ३ वर्षमा नेपाल कृषिक्षेत्रमा आत्मनिर्भर हुने पक्का छ तर प्रजातन्त्र पुनर्स्थापनाको ३ दशक पुग्दासम्म अर्थतन्त्रका कुनै सूचक प्रगतिशील छैन तथ्यांकले यही देखाएको छ । कृषीमा प्रतिवर्ष खर्च भई रहेको अर्बौं अर्ब रुपैयाबारे चासो पनि नराख्नुको अर्थ के हो ?

विश्व बैंकको सन् २०२१ सम्मको विकास तथ्यांकको आधारमा तयार पारेको प्रतिवेदनमा नेपाल अहिले निर्यात गरि रहेको परिमाणमा १२ गुणा बढि निर्यात गर्ने क्षमता राख्दछ भनेको छ । विश्व बैंकले १०४ मुलुकको सर्वेमा सबैभन्दा धेरै निर्यात गुमाउने नेपाल पहिलो मुलुक हो । आफ्नो क्षमता अनुसार पनि निर्यात गर्न नसक्नु, लाखौं लाख राजगारी सिर्जना गर्न नसक्नु यो कस्तो प्रवृति हो ।

प्रतिवर्ष कृषिमा बजेट विनियोजन हुने, कृषिको दुर्दशा हेरि अतिरिक्त वैदेशिक अनुदान सहयोग प्राप्त हुने, समय समयमा ऋण सहयोग पनि उपलब्ध गरि कृषिमा लगानी गर्ने प्रयासका वावजूद पनि कृषिको प्रगति सूचक सकारात्मक नदेखिएको ठूलो बिडम्बना हो । अर्थ मन्त्रालय र कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोषवीच १ वर्ष पूर्व ८० मिलियन अमेरिकी डलर वित्तीय ऋण सहयोगको सम्झौता भएको थियो । तर नतिजा शुन्य देखियो । यसको ठूलो कारण राज्यका सम्पूर्ण संयन्त्र भ्रष्टाचारमा संलग्न हुनु नै हो । यसको अन्त नभएसम्म देशमा प्रगति देख्नु सम्भव छैन ।

janukjha24@gmail.com

देशबाहिर रहेका लाखौं युवाहरूको भविष्य खोज्दैछु : प्रधानमन्त्री प्रचण्ड

विराटनगर । प्रधानमन्त्री तथा नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले वैदेशिक रोजगारीमा रहेका लाखौं युवाहरूको भविष्य खोज्न आफू गम्भीरतापूर्वक लागिरहेको बताउनुभएको छ।

सोमबार विराटनगरमा समाजवादी मोर्चा नेपालको प्रदेशस्तरीय सन्देश सभा कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्रीले उक्त कुरा बताउनुभएको हो।

सन्देश सभामा प्रधानमन्त्री प्रचण्डले भन्नुभयो, "यो सभामा मोर्चाका नेताहरूले जुन विषय राख्नुभएको छ, सरकारप्रति जुन समर्थन र प्रतिवद्धता व्यक्त गर्नुभएको छ। यो आफैमा महत्त्वपूर्ण छ। यसले मलाई नयाँ उर्जा पैदा भएको छ।"

"यसपटक कुरा होइन, काम र एक्सनबाट केही नयाँ गर्न चाहन्छु। जनताका समस्या सम्बोधन गर्न सरकारले जुन मेहेनत गरेको छ, त्यसले हाम्रो इमानदार प्रयासलाई प्रमाणित गरिसकेको छ" प्रधानमन्त्रीले भन्नुभयो, "आज देशमा क्रमशः जुन उत्साह पैदा भएको छ। यसले जनतामा भरोसा बढेको छ, देशमा केही हुन्छ भन्ने आशा जागेको छ। यसले निरासालाई चिर्नेछ, समाजवादको आधार तयार पार्न भूमिका खेल्नेछ।"

प्रधानमन्त्रीले भन्नुभयो, "यसपटक मेरो सबैभन्दा धेरै चासो र चिन्ता विदेशमा रहेका लाखौं नेपाली युवाहरूप्रति छ। उनीहरूको भविष्यबारे नसोचिकन देशको परिवर्तन, विकास र रूपान्तरण सम्भव छैन। त्यसैले यसपटक के गरी उनीहरूको हितरक्षा हुन्छ, के गरी उनीहरूको सुरक्षा र आत्मसम्मान हुन्छ, के गरि देशभित्रै रोजगारी सिर्जना गर्न सकिन्छ, त्यसमा गम्भीरतापूर्वक लागेको छु। विदेशमा रहेका लाखौं युवाहरूलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने प्रक्रिया सुरू गरेका छौं। केही महिनाभित्र विदेशमा रहेका २५ लाख नेपाली युवाहरूलाई कोषमा आवद्ध गर्छौं।"

"युवाहरू देशभित्रै केही गर्न चाहन्छन्, त्यसको वातावरण बनाउने जिम्मेवारी राज्यको हो" प्रधानमन्त्रीले भन्नुभयो, "आजबाट विभिन्न १३ देशमा कार्यरत नेपाली राजदूत बोलाएर अन्तर्क्रिया सुरू गरेको छु। विदेशमा रहेका नेपाली कामदारहरूका समस्या के छन् र कसरी सम्बोधन गर्ने भन्ने गम्भीर छलफल गर्छौं।"

प्रधानमन्त्रीले भन्नुभयो, "सामाजिक न्याय, सुशासन र समृद्धिबाट नै समाजवादको आधार तयार पार्न सकिन्छ। यसबीचमा मिटरब्याज पीडित किसानलाई न्याय दिइएको छ। नागरिकताविहीन नागरिकले नागरिकता पाएका छन्। भ्रष्टाचार र वेथितिका विरूद्ध कठोर कदम चालिएको छ। भ्रष्टाचार र वेथितिमाथि प्रहार नगरी समाजवादको आधार तयार हुन सक्दैन। सरकार यसमा प्रष्ट छ र दृढतापूर्वक अगाडि बढ्छ।"

प्रदेशको नामाकरणबारे बोल्दै प्रधानमन्त्रीले भन्नुभयो, "विवादलाई संवादको माध्यमबाट समाधान गर्न सकिन्छ र गरिनुपर्दछ। एकथरि मान्छेहरू सामाजिक सद्भाव खल्वलाउने र जातीय द्वन्द्व भड्काएर परिवर्तनका उपलब्धी उल्टाउने वहाना खोजिरहेका छन्। त्यसमा हामी सतर्क रहनुपर्छ। परिवर्तनका पक्षमा लाखौं जनतालाई सडकमा ल्याएर प्रतिगमनको हावाहुरी समाप्त पार्नुपर्छ।"

"पछिल्लोसमय राजनीतिमा कुनै योगदान नभएको, देशप्रति कुनै चिन्ता र सरोकार नभएको, सबैभन्दा अराजक हावाहुरी देखिएको छ। जसले सबैभन्दा बढी गाली गर्न सक्यो, ऊ नै नेताजस्तो देखाइएको छ। अश्लिल, अराजक, कुनै योगदान र दृष्टिकोण नभएको शक्ति र प्रवृत्तिले समाज विशाक्त पार्दैछन्। सामाजिक सञ्जालमा हेर्नै नसकिने दृश्य, सुन्नै नसकिने गाली देखिन्छ, समाजका सबैभन्दा खराब पात्र नै नेता बनाउन खोजिँदैछ, यो देशको भविष्यकै निम्ति गम्भीर कुरा हो। तसर्थ हामी सचेत हुनुपर्छ। देशमा असल संस्कार, असल राजनीति र निष्ठा स्थापित गर्ने जिम्मेवारी हाम्रो हो, अरूले गर्दैनन् र सक्दैनन् पनि" प्रधानमन्त्रीले भन्नुभयो।

सन्देश सभामा नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपाल, जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव, नेपाल कम्युनिस्ट पार्टीका महासचिव नेत्रविक्रम चन्द विप्लव लगायतले सम्बोधन गर्नुभएको थियो।

मधेशको एजेण्डा र गजेन्द्रबाबुको आदर्शलाई जनमत पार्टीले प्राथमिकतामा राखेको छ

जनमत पार्टीको प्राथमिकतामा मधेशका एजेण्डा र गजेन्द्रबाबुका आदर्श रहेको महसुस गरेको छु ।

सत्तामा जानु अपराध होइन । सत्तामा गएर पैसा मात्र कमाउनेभन्दा उसले मधेशका लागि कतिको आवाज उठाइरहेका छन्, मधेशलाई प्राथमिकता दिएको छ कि छैन, यी कुराहरु महत्वपूर्ण हो ।

मधेश आन्दोलन कमजोर हुनुमा ठूलो कारण सत्ता नै हो । यो कुरोबाट पाठ सिक्नुपर्छ ।

अहिले मधेशको लागि काम गर्ने पार्टी डा.सीके राउतको जनमत पार्टी नै हो ।

मधेशमा गएर सर्वे गर्नुस्, जो जनमत पार्टीका सदस्य पनि छैनन्, उनीहरु भन्छन् कि जनमत पार्टीले मात्रै मधेशको कुरा लिएर अगाडि बढिरहेको छ ।

देवेन्द्र मिश्र
नेता, जनमत पार्टी

० तपाईं नेपाल सद्भावना पार्टीबाट राजनीतिक यात्रा सुरु गर्नुभएको थियो । विभिन्न कालखण्डमा सद्भावना, राजपा, जसपा हुँदै आहिले डा.सीके राउतको जनमत पार्टीमा प्रवेश गर्नुभएको छ । तपाईं एउटा पार्टीमा किन टिक्न सक्नुभएको छैन ?

– वास्तविक कुरा गर्ने हो भने मैले सद्भावना पार्टीपछि टिकट लिएकै पहिलो पटक जनमत पार्टीमा हो । सद्भावना पार्टी वि.सं. २०४७ सालमा स्थापना भयो, त्यसअगाडि नेपाल सद्भावना परिषद् थियो । त्यहींबाट मेरो राजनीतिक यात्रा सुरुवात भयो । गजेन्द्रबाबुसँगै काम गर्दागर्दै उहाँकै पालामा महामन्त्री भएँ । क्रमशः पाँच जना राष्ट्रिय अध्यक्षहरुको म महामन्त्री भएर काम गरें । गजेन्द्रबाबुको देहावसान भएपछि पार्टीको स्थिति नराम्ररी बिग्रियो । विचारभन्दा पनि व्यक्ति हावी भए, पैसाको चलखेल भयो, विभिन्न टुटफुट भयो । यस्तो अवस्थामा विस्तारै मुद्दामामिलामा पनि सद्भावना पार्टी अल्झियो । त्यहीं क्रममा मेरा अन्तिम अध्यक्ष श्यामसुन्दर गुप्ता पनि विवाद फँसे, उनी जेल गए । त्यसपछि पार्टीको राष्ट्रिय कार्यसामितिले मलाई कार्यवाहक अध्यक्ष बनायो र निर्वाचन आयोगले त्यसलाई स्वीकृति दियो । त्यसमा पनि मेरो विरुद्धमा आधिकारिकताका लागि मुद्दाहरु चल्न थाले । ३९ वटा मुद्दा खेप्दाखेप्दै म थाकेर न्यायाधीशलाई भनेर मुद्दा हार्न लगाएँ र मैले अपिल गरिनँ । तर सद्भावनाकोा नेतृत्व अब कसले गर्ने भन्ने कुरा आयो । जसले मुद्दा जित्यो, उसले पैसाको चलखेल गर्दागर्दै राजपामा गयो । राजपा पनि जसपामा परिणत भयो । जसपाबाट एक्कासी के व्यक्तिहरु छुट्टिएर लोसपा बनाए । लोसपामा मेरो नाम थिएन, जसपामा थियो । अनि जसपामै बसें । यस किसिमले जसपासम्म मेरो यात्रा रह्यो । अन्ततः एक साता अगाडि मात्रै जसपाबाट जनमतमा आएको छु । अर्थात् मैले पार्टी परिवर्तन गरेको होइन, परिस्थिवश जसरी मधेशको राजनीतिक अगाडि बढ्दै गयो, त्यसरी नै मेरो राजनीतिक यात्रा पनि घुमिरह्यो । मैले पहिलो सदस्यता नै लिएको सद्भावनापछि जनमत पार्टीको हो ।

० सद्भावना स्कुलिङ्ग भएका तपाईंजस्ता धेरै मधेशवादी नेताहरु विकल्पको खोजीमा छन् । तर, हालै गठन भएको जनमत पार्टी जो राष्ट्रिय दलको मान्यता पाएको छ । जसपा त जनमतभन्दा ठूलो पार्टी छ, त्यसको नेतृत्व मधेश आन्दोलनका नेतृत्वकर्ता उपेन्द्र यादवले गरिरहनुभएको छ । जसपा छोडेर हाले गठन भएको नयाँ पार्टी जनमतमा जानुको कारण के हो ?

– सद्भावना स्कूलिङ्ग भएका गजेन्द्रबाबुसँग काम गरेका साथीहरु घर बसिसके । किनभने सबै जना त्यहीं किसिमको वातावरण खोजिरहेका छन्, जहाँ प्राथमिकतामा मधेशका कुराहरु होस् । त्यो नपाएपछि धेरै साथीहरु घर बसेका छन् । म जसपामा गएँ । जतिबेला मधेशी जनअधिकार फोरम थियो, त्यतिबेला एउटा ठूलो राजनीतिको ह्वीम पैदा गऱ्यो । मेचीदेखि महाकालीसम्मका यादव समुदायलाई जोड्ने काम उपेन्द्र यादवले गर्नुभयो । मधेशमा एउटा नयाँ उत्साह र उमंगका मधेश आन्दोलनहरु पनि भए, त्यसमा म आफै पनि सहभागी भएँ । आज जसपा उपेन्द्र यादवको नेतृत्वमा एउटा बलियो पार्टीको रुपमा आए । तर मधेशको राजनीतिलाई राष्ट्रिय राजनीतितिर मोडिने काम भयो । जसको परिणाम अशोक राई, राजेन्द्र श्रेष्ठ जस्ता नेतृत्वहरु आए । उहाँहरुको स्कूलिङ्ग कम्युनिष्ट थियो, उहाँहरु कम्युनिष्ट ढर्रामा लाने प्रयास गर्नुभयो । उपेन्द्र यादवको स्कूलिङ्ग पनि कम्युनिष्टकै थियो । यस किसिमबाट जुन मधेशका विचारधारा र मुद्दाहरु लिएर उपेन्द्र यादव अगाडि बढ्नुभयो, त्यसमा मधेशको प्राथमिकता कम भयो । जसले गर्दा हामीजस्तो सद्भावना स्कूलिङ्गबाट आएकाहरुका लागि असजिलो महसुस भयो । राजनीति त पैसा कमाउने थलो होइन । मधेशका लागि काम गर्ने स्थिति सहज भएन भने त्यहाँ सकिने अवस्था हुँदैन । यो स्थितिको जुन वातावरण जसपामा देखियो, त्यसपछि म विकल्प खोज्न सुरु गरें । किनभने जसपाको विधान अधिवेशनमा झण्डा परिवर्तन भयो, विचारधाराहरु परिवर्तन भए । त्यहाँ मधेशका कुराहरु पनि थिए तर त्यसको प्राथमिकता थिएन । त्यस्तो अवस्थामा मलाई बस्न त्यहाँ असहज भयो । म विकल्प खोज्दै थिएँ, त्यतिखेर जनमतका साथीहरुले मसँग कुरा गर्न थाले, मैले उहाँहरुको दस्तावेज हेरें । जनमतका अध्यक्ष डा.सीके राउत भन्दै आउनुभएको छ कि गजेन्द्रबाबुको विचार लिएर अगाडि बढ्दै जान्छौं । जनमतका राष्ट्रिय अध्यक्ष डा.सीके राउतले मसँग पनि भन्नुभयो कि म गजेन्द्रबाबुबाट प्रेरित छु, उहाँका कुराहरु लिएर अगाडि बढ्छु । उहाँले मलाई सहयोग गर्नुस्, आउनुस् भनेपछि म जनमतमा प्रवेश गर्ने स्थितिमा पुगें । मलाई महसुस भयो कि अब हामीजस्ताका लागि मधेशको पक्षमा काम गर्ने ठाउँ जनमत पाटी हुनसक्छ । अहिलेसम्म मलाई जनमत पार्टीमा कुनै किसिमको असहज महसुस भएको छैन ।

० जनमत पार्टीले मजेन्द्र नारायण सिंहकै मुद्दालाई लिएर अगाडि बढिरहेको छ ?

– गजेन्द्रबाबुराको विचारधारा लामो र धेरै कुराहरु छैन । उहाँले स्पष्टरुपमा भाषा, संस्कृति, स्वाभिमान, पहिचान, नागरिकता, आरक्षण, संघीयता, समानुपातिक समावेशिता लगायतका निश्चित मुद्दाहरु छन् । ती मुद्दाहरुमा यदि कसैले काम गर्छन् भने ती गजेन्द्रबाबुको विचारधारा हो । गजेन्द्रबाबुले उत्थान गर्नुभएका कुराहरुलाई जनमत पार्टीले प्राथमिकताको आधारमा उठाइरहेको छ । मधेश मुद्दाको प्राथामिकता मैले खोजिरहेको थिएँ, जुन प्राथमिकता अन्य पार्टीहरुमा देखिँदैन । अन्य पार्टीहरुमा कुर्सी, पैसा, पद, सत्ताशासनको खेल देखिएको छ । जनमतमा पनि कुर्सीको खेल नभएको होइन तर पनि प्राथमिकता मधेशका एजेण्डाहरु र गजेन्द्रबाबुका आदर्श रहेको मैले महसुस गरेको छु ।

० जनमत पार्टी पनि सत्ता र पावरको खेलबाट बाहिर रहन सकेको स्थिति छैन । मसँरै पार्टी गठन भएको छ, राष्ट्रिय पार्टीको मान्यता पाएको छ तर प्रदेशदेखि केन्द्रसँग सत्ताकै नजिक भइरहेको छ । अहिलेसम्म आश्वासनमात्रै दिएको छ । अन्य दलभन्दा जनमत कसरी फरक भयो त ?

– गजेन्द्रबाबुको पालामा २०५२ सालमा हामी सत्तामा नगएको होइन, उहाँ पनि सत्तामा जानुहुन्थ्यो । उहाँको विचार थियो कि संघर्ष मात्र एक ठाउँबाट गरेर हुँदैन । संसद, सडक र सरकारमा पनि संघर्ष गर्नुपर्छ । सोहीअनुरुप मधेश आन्दोलनपश्चात् उदाएका मधेशी दलहरु सरकारमा जाने कुरा गरे । मुख्य कुरा हो कि सत्तामा गएर तपाईं मधेशका लागि के-के गर्नुभयो । त्यसकारण सत्तामा जानु अपराध होइन । सत्तामा गएर पैसा मात्र कमाउनेभन्दा उसले मधेशका लागि कतिको आवाज उठाइरहेका छन्, मधेशलाई प्राथमिकता दिएको छ कि छैन, यी कुराहरु महत्वपूर्ण हो ।

० तर, मधेशको नामभा खोलिएका दलहरु सत्तामै गएका कारण विस्तारै कमजोर हुँदै गए र अहिले अस्तित्व रक्षाको संघर्षमा छन् । मधेशका लागि सत्ता त अभिषाप साबित हुँदै आएको छ नि ?

– यो एकदम सही कुरा हो । गजेन्द्रबाबुको पनि नेपाल सद्भावना पार्टी जब सत्ताको करिडोरमा गयो, त्यसपछि कमजोर नभएको होइन । सत्तामा गएपछि टुटफुटको राजनीति सुरु भइहाल्छ, महत्वकांक्षा बढ्छ, अरुले खेल्ने ठाउँ पाउँछन् । सरकारमा जाने वित्तिकै त्यस्ता विकृतिहरु भोग्नुपर्ने स्थिति आउँछ । तर विगतका कमीकमजोरीबाट नेताहरुले अनुभव त लिइरहेका छन् कि कुन-कुन कारणले गर्दा आज मधेशको आन्दोलन कमजोर भयो । सत्तामा बसेर रुमलिने कि मधेशका लागि संघर्ष गर्ने भन्ने कुरा मुख्य हो । मधेश आन्दोलन कमजोर हुनुमा ठूलो कारण सत्ता नै हो । यो कुरोबाट पाठ सिक्नुपर्छ । मलाई लाग्छ कि जनमतका नेतृत्वले विगतका अनुभवबाट अवश्य पनि पाठ सिकेका होलान् र उहाँले सतर्कताका साथ अगाडि बढाउने प्रयास गर्नुहुन्छ । किनभने सत्तामा नजानुस् भनेर जनताले विरोध गरेको होइन, सत्तामा गएपछि जनतालाई बिर्सिने कुराको विरोध गर्छन् । सत्तामा गएपछि जनताका कुरा छोड्ने कुराको विरोध जनताले गर्छन् । यस किसिमबाट जनता नयाँ नेतृत्वको खोजीमा हुन्छन् । सत्तामा जानु ठूलो अपराध होइन । राजनीति गरिन्छ भने सत्तामा गइन्छ । राजनीति भनेको सत्तासँग जोडिकएपै कुरा हो । त्यसैले सत्तामा जाँदा सतर्क भइराख्नुपर्छ कि जनतासँग के वाचा गरेको थिएँ, ती वाचा पूरा गरिरहेको छ कि छैन ?

० डा.सीके राउतले मधेशी जनतामा धेरै ठूलठूला सपनाहरु देखाउनुभएको छ । जनमतको आगामी यात्रा कतिको सहज छ ?

– जनमत पार्टी होस् वा जुनसुकै पार्टी होस्, यात्रा सहज हुँदैन । जनतासँग जुन वाचा गरेर हामी आएका छौं, ती एजेण्डाबाट स्खलित भयो भने जनताले त्यसलाई स्वीकार गर्दैन । किनभने जनताको मुद्दा उठाइरहेको छ कि छैन भन्ने हेर्छन् । ती मुद्दाहरु पूरा हुनु वा नहुनु त्यो त आफ्नो ठाउँमा छ । किनभने मुद्दालाई निन्तर उठाइरह्यो भने बहुमत भएपछि पूरा हुन्छ । अहिले जनमत पार्टीसँग संसदमा बहुमत छैन, उसले संविधानका नियम कानूनहरु परिवर्तन गर्न सक्दैन । तर मैले यी कुराहरु परिवर्तन गर्नुपर्छ भन्ने आवाज त उठाइराख्नुपर्छ । जनताले महसुस गर्नुपर्छ कि यो पार्टी हाम्रो लागि संघर्ष गरिरहेको छ । त्यसैले अहिले जनमत पार्टी जनताको आवाज उठाउन सबभन्दा अगाडि देखिएको छ । जनताको आवाज उठाएर अगाडि बढिरहेको अवस्था छ । म जनमत पार्टी प्रवेश गर्दा धेरै मान्छेलाई मलाई भने कि तपाईंले धेरै राम्रो काम गर्नुभयो । किनभने हामी त मधेशवादी व्यक्ति, मधेशको कुरा गर्ने व्यक्ति । त्यस्तो अवस्थामा मधेशका लागि कुरा गरिदिने कोही छ भने त्यो जनमत पार्टी छ । अहिले मधेशको लागि काम गर्ने पार्टी डा.सीके राउतको जनमत पार्टी नै छ । त्यसैले जनमत पार्टीबाट जनताले आशा गरेका छन् र भोलि यसबाट प्रतिफल पनि पाउनेछन् ।

० मनेपछि, अहिलेका जसपा, लोसपाले मधेशको मुद्दा छोडिसके ?

– ती दलहरु मधेशको मुद्दा छोड्नुभन्दा पनि अल्झियो । ती दलका नेताहरु मधेशको मुद्दा नउठाउने होइनन्, तर उहाँहरुको प्राथमिकतामा कमी आयो । राष्ट्रिय पार्टी बन्नुपर्छ भनेर मधेशीका मुद्दाहरु छोड्दै गएका छन् । मधेशको मुद्दासँग सम्झौता गर्दै गएका छन् । यी कुराहरुलाई मधेशका जनताले हेरिरहेका छन् नि ।

० जनमत पार्टी मधेशको वैकल्पिक राजनीतिक शक्ति बन्न सक्छ ?

– त्यो कुरा त समयले बताउँला । किनभने २०४७/४८ को निर्वाचनमा सद्भावना पार्टीले धेरै कम मत पाएको थियो तर पनि उसले राष्ट्रिय पार्टीको दर्जा पाएको थियो । २०५२ सालपछि पनि सद्भावनाले नेतृत्व गरेकै थियो, मधेशका कुराहरु लिएर अगाडि बढेकै थियो । तर, पछि विभिन्न किसिमका विकृतिहरु आएर धारासायी भयो । आज सद्भावनाको नामै छैन । त्यसपछि विभिन्न दलहरु आए । २०६४ को निर्वाचनमा मधेशका दलहरुले राम्रो अवस्था हासिल गरे । पछि तिनीहरुको अवस्था पनि खस्किँदै गयो । अहिले जनमत पार्टी मधेशको मुद्दा लिएर अगाडि बढिरहेको देखेर जनमत पार्टीप्रति नै जनताको रुझान देखिएको छ । त्यसैले मधेशको वैकल्पिक राजनीतिक शक्तिको रुपमा जनमत पार्टी आउने सम्भावना छ । मधेशमा गएर सर्वे गर्नुस्, जो जनमत पार्टीका सदस्य पनि छैनन्, उनीहरु भन्छन् कि जनमत पार्टीले मात्रै मधेशको कुरा लिएर अगाडि बढिरहेको छ । अर्थात् मधेशको पार्टीहरुको विकल्पमा जनमत पार्टी मात्रै छन् ।

० नेपाल-भारतको सम्बन्धलाई कसरी हेरिरहनुभएको छ ?

– नेपालमा कुनै व्यक्ति वा पार्टीले भारतसँगको सम्बन्धलाई विशेष महत्वका साथ नै लिएर अगाडि बढ्नुपर्छ । नेपाल र भारतबीच विशेष सम्बन्ध हो । सद्भावना पार्टीले आफ्नो समयमा भन्यो कि चीन लगायत अन्य देशहरुसँग नेपालको मैत्री सम्बन्ध छ तर भारतसँग विशेष सम्बन्ध छ । यसको अर्थ के हो भने भारतसँग हाम्रो बेटीरोटी, खुल्ला सिमानाको सम्बन्ध छ । सम्पूर्ण कुरासँग जोडिएको छ । त्यसैले, भारतसँगको सम्बन्धलाई चीन वा अन्य देशको सम्बन्धजस्तै हेर्न मिल्दैन ।

० नेपाल-भारत सम्बन्धका विषयमा चिनियाँ राजदूतले जुन अभिव्यक्ति दिए, त्यसलाई कसरी लिनुहुन्छ ?

– नेपालमा हुने चिनियाँ गतिविधिहरु सकारात्मक छैनन् । विकास र मैत्रीपूर्ण सम्बन्धमा पनि चीनको सकारात्मक गतिविधि छैन । त्यसैले चीनबाट नेपाललाई धेरै फाइदा हुनेवाला छैन । चीनले नेपाल र भारतबीचको सम्बन्धमा विवाद मात्रै उत्पन्न गराउन खोजछ । सोहीअनुसार चिनियाँ राजदूतको एउटा अभिव्यक्ति आयो, त्यसले विवाद सिर्जना गऱ्यो । तर, नेपालका जनता र सबै राजनीतिक दललाई राम्ररी थाहा छ कि नेपाल र भारतबीचको सम्बन्ध राम्रो हुनुपर्छ ।

जसपाको प्रथम विधान अधिवेशनबाट पारित विधान-४

(ख) आफ्नो जिम्मेवारी कार्यक्षेत्रमा राष्ट्रिय समितिको प्रतिनिधिको हैसियतले कार्य गर्ने।
(ग) आफ्नो कार्यक्षेत्रमा माथिल्लो समिति तथा आफ्नो समितिको निर्णय तथा निर्देशनअनुरूप पार्टी काम विस्तार गर्ने र पार्टीलाई सुदृढ तथा एकताबद्ध बनाउने।

परिच्छेद - ११
स्थानीय तह/निकायहरू

धारा - ६० पार्टीका स्थानीय तह र समितिहरू निम्नानुसार हुने छन्।
१. जिल्ला अधिवेशन
२. जिल्ला समिति र जिल्ला कार्यकारिणी समिति
३. पालिका अधिवेशन
४. पालिका समिति र पालिका कार्यकारिणी समिति
५. वडा अधिवेशन
६. वडा समिति
७. प्रारम्भिक समिति/टोल समिति/ बुथ समिति

धारा - ६१ जिल्ला अधिवेशन
१. जिल्ला समितिले हरेक चार वर्षमा जिल्ला अधिवेशनको आयोजना गर्ने छ।
२. जिल्ला अधिवेशनमा देहायबमोजिमका प्रतिनिधिहरू सहभागी हुने छन्।
(क) जिल्ला समितिले तोकेबमोजिम पार्टी सदस्य सङ्ख्याको अनुपातमा प्रत्येक वडाबाट सङ्गठित पार्टी सदस्यबाट निर्वाचित प्रतिनिधिहरू, जिल्ला सल्लाहकार समिति र पालिका समितिबाट निर्वाचित प्रतिनिधिहरू र जिल्ला स्तरीय जनवर्गीय सङ्गठनहरूबाट सङ्गठित पार्टी सदस्यहरूमध्येबाट निर्वाचित प्रतिनिधिहरू।
(ख) निर्वाचित प्रतिनिधिको पाँच प्रतिशतमा नबढ्ने गरी जिल्ला समितिबाट समावेशीको प्रयोजनार्थ मनोनित प्रतिनिधिहरू।
३. जिल्ला समितिका पदाधिकारी र सदस्यहरू जिल्ला अधिवेशनको आयोजक हुने छ, तर प्रतिनिधि हुनका लागि तोकिएको कुनै क्षेत्रबाट निर्वाचित हुनुपर्ने छ।
४. आवश्यकताअनुसार जिल्ला समितिले पर्यवेक्षकहरू मनोनित गर्न सकिने छ।

धारा - ६२ जिल्ला अधिवेशनको काम, कर्तव्य र अधिकार
जिल्ला अधिवेशनको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छन्:
१. अधिवेशन सञ्चालन गर्न ५ सदस्यीय अध्यक्ष मण्डल र आवश्यक संरचना गठन गर्ने।
२. जिल्ला समितिको तर्फबाट प्रस्तुत राजनीतिक, सङ्गठनात्मक र आर्थिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने।
३. जिल्ला समितिको लेखा परिक्षण प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने।
४. जिल्ला समितिका पदाधिकारी र सदस्यको निर्वाचन गर्ने।

धारा - ६३ जिल्ला समिति
१. जिल्ला समिति दुई जिल्ला अधिवेशनबिचको अवधिमा आफ्नो कार्यक्षेत्रभित्र पार्टीको मुख्य कार्यकारी संस्था हुने छ। जिल्ला समिति जिल्ला अधिवेशन, प्रदेश/राष्ट्रिय समिति र केन्द्रीय समितिप्रति उत्तरदायी हुने छ।
२. जिल्ला अधिवेशनले अध्यक्ष -१, उपाध्यक्ष -२, सचिव -१, उपसचिव -२, कोषाध्यक्ष -१ समेत गरी ५७ जना सम्म सदस्यहरू रहेको जिल्ला समिति निर्वाचन गर्ने छ। जिल्लामातहतका पालिका समितिका अध्यक्षहरू, निर्वाचन क्षेत्र (प्रतिनिधि सभा र प्रदेश सभा) का संयोजकहरू, जिल्ला समितिका पदेन सदस्य हुने छन्।
३. जिल्ला समितिमा कम्तीमा एक तिहाई महिलासहित जिल्लाको विविधता प्रतिविम्बित हुनेगरी जातीय/भाषिक/धार्मिक/साँस्कृतिक समुदायहरूको समावेशीकरण गरिने छ।
४. जिल्ला सदस्यहरूका लागि ५० प्रतिशत जातीय/सामाजिक समूहरूको समावेशीकरणबाट र ५० प्रतिशत खुला प्रतिस्पर्धाबाट निर्वाचित हुने छ।
५. सङ्घीय राजधानीमा विभिन्न पेसा व्यवसायमा संलग्न पार्टी कार्यकर्ताहरूबिचको पार्टी कामलाई व्यवस्थित गर्न नेवा: राष्ट्रिय समितिअन्तर्गत बौद्धिक पेसाकर्मी, मजदूर तथा विद्यार्थी विशेष जिल्ला समिति हुने छ। जिल्ला समितिको काम, कर्तव्य र अधिकार नै विशेष जिल्ला समितिको पनि काम, कर्तव्य र अधिकार हुने छ। यससम्बन्धि थप व्यवस्था तोकिएबमोजिम हुने छ।
६. अधिवेशनबाट नयाँ समिति निर्वाचित भई शपथग्रहण गरेपछि पुरानो समिति स्वत: विघटन हुने छ।

धारा - ६४ जिल्ला समितिको काम, कर्तव्य र अधिकार
जिल्ला समितिको काम, कर्तव्य र अधिकार देहायबमोजम हुने छन्।
१. जिल्लाभित्रका प्रतिनिधिसभा, प्रदेशसभा, निर्वाचन क्षेत्रका समन्वय समितिहरू र गाउँपालिका समितिबिच सम्पर्क र समन्वयको काम गर्ने। मातहतका समिति र निकायहरूलाई आवश्यक सहयोग र निर्देशन दिने।
२. जिल्लाभित्र अन्य राजनीतिक दलहरूको प्रभावबारे जानकारी लिने र पार्टीप्रति जनआकर्षण बढाउन आवश्यक कार्य गर्ने, गराउने।
३. जिल्लाभित्रको जनसङ्ख्या, मतदाता सङ्ख्या र बसोबासको अवस्था जानकारी हुने गरी जिल्ला प्रोफइल बनाउने र अद्यावधिक गर्ने। आफूमातहतको सबै निकायलाई आफ्नो क्षेत्रभित्रका प्रोफाइल बनाउन लगाउने।
४. जिल्ला अधिवेशन, जिल्ला समिति र माथिल्लो तहका निर्णय र निर्देशनहरू कार्यान्वयन गर्ने, गराउने।
५. पार्टी सदस्यता निरन्तर वितरण गर्ने, गराउने र यसको अभिलेख राखी माथिल्लो समितिमा विवरण पठाउने।
६. सङ्गठित पार्टी सदस्यता नवीकरण गराई अभिलेख राख्ने।
७. पार्टीको उद्देश्य, नीति, कार्यक्रम, घोषणा-पत्रलगायत पार्टी प्रकाशनहरूको व्यापक प्रचार प्रसार गर्ने गराउने, समय समयमा प्रशिक्षण, गोष्ठी, अभिमुखीकरण र भ्रमण आदिको आयोजना गर्ने।
८. जिल्ला समितिका कुनै पद रित्त भएमा पदपूर्ति गर्ने र सोको जानकारी प्रदेश निर्वाचन आयोगलाई गराउने।
९. मातहतका समितिबाट प्राप्त रायसहित पार्टीको तर्फबाट निर्वाचनका लागि उम्मेदवारको नाम सिफारिश गर्ने र आफ्नो क्षेत्राधिकारभित्र पर्ने विषयमा निर्णय गर्ने।
१०. निर्वाचनको तयारी, सञ्चालन र व्यवस्थापनसम्बन्धी सबै काम गर्ने, गराउने।
११. जिल्ला स्तरीय जनवर्गीय सङ्गठनहरूको परिचालन, समन्वय गर्ने र आवश्यक निर्देशन दिने।
१२. मातहतका पार्टी समिति र जनवर्गीय सङ्गठनहरूलाई क्रियाशील बनाउने, क्रियाशील हुन नसक्ने पार्टी समितिहरूलाई विघटन वा पुनर्गठन गरी क्रियाशील बनाउने।
१३. पार्टीको तर्फबाट जिल्ला स्तरमा वा पालिका वा वडामा निर्वाचित जनप्रतिनिधि र उम्मेदवारसँग कम्तीमा ३/३ महिनामा एकपटक बैठक गरी छलफल, परामर्श र प्रशिक्षण दिने, निर्देशन दिने र समन्वय गर्ने।
१४. सञ्चार माध्यम र सामाजिक सञ्जालमार्फत पार्टीका गतिविधिको व्यापक प्रचार प्रसार गर्ने, गराउने र सोका लागि आवश्यक कार्य गर्ने गराउने।
१५. जिल्लाभित्रको पार्टी कामको नेतृत्व गर्ने, माथिल्लो समिति र महाधिवेशनको निर्णयको प्रतिकूल नहुने गरी आफ्नो कार्यक्षेत्रअन्तर्गतका राजनीतिक र सङ्गठनात्मक निर्णय गर्ने।
१६. जिल्ला समितिको पदाधिकारीहरू र जिल्ला समिति सदस्यहरू मध्येबाट जिल्ला समितिद्वारा निर्वाचित आठ जना सदस्यसहित १५ (पन्ध्र) सदस्यीय जिल्ला कार्यकारिणी समिति गठन गर्ने।
१७. आवश्यकताबमोजिमका विभाग, संयन्त्र र कार्यदल गठन गर्ने तिनको काम, कर्तव्य र अधिकार तोक्ने।
१८. आवश्यकताअनुसार जिल्ला सल्लाहकार समिति गठन गरी काम, कर्तव्य र अधिकार तोक्ने,
१९ राष्ट्र र जनताको हितका लागि आवश्यकताअनुसार जनसङ्घर्ष, जनआन्दोलन,



जनपरिचालन र अन्य कार्यक्रम गर्ने।
२० आफ्नो कार्यक्षेत्रभित्रका जनतालाई पार्टीमा गोलबन्द गर्ने, प्रशिक्षित गर्ने, सङ्गठित गर्ने।
२१. पालिका समितिबाट पार्टी सदस्यताको सिफारिश भएकोमा आवश्यक निर्णय गरी अनुमोदन गर्ने सङ्गठित पार्टी सदस्यता प्रदान गर्नका लागि माथिल्लो समितिमा पठाउने।
२२. विधानअनुरूप नियमित बैठकको आयोजना गर्ने र मातहतका समितिहरू, जनवर्गीय सङ्गठनहरूको अनुगमन गरी नियमित बैठक तथा अधिवेशन गर्न लगाउने।
२३. पदाधिकारी र सदस्यहरूको कार्य विभाजन गर्ने, समितिले आवश्यक निर्णय गरी मातहतका समितिहरूलाई अन्तरपार्टी परिपत्र जारी गर्ने। पार्टी प्रशिक्षण कार्यक्रमको आयोजना गर्ने, गराउने।
२४. मातहतका समितिलाई लेभी तथा शुल्क तोक्ने, माथिल्लो समितिले तोकेको लेभी तथा शुल्क बुझाउने।
२५. अनुशासन पालना नगर्ने मातहतको पार्टी समितिलाई विधानबमोजिम विघटन गर्ने र त्यस्ता निर्णय माथिल्लो समितिबाट अनुमोदन भएपछि कार्यान्वयन गर्ने। आफ्ना समितिका पदाधिकारी तथा सदस्यहरूलाई अनुशासनको कारवाही गर्ने, मातहतका समितिका सदस्यहरूमध्ये अनुशासनको कारवाहीमा परेका व्यक्ति तथा समितिको उजुरीमाथि निर्णय दिने।
२६. पार्टीको विधान, नियमावली तथा निर्देशिकामा जिल्ला समितिले गर्ने भनिएको कार्य गर्ने।

धारा - ६५ जिल्ला कार्यकारिणी समितिको काम, कर्तव्य र अधिकार
जिल्ला कार्यकारिणी समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम रहेका छन्।
१. जिल्ला समितिको बैठक बस्न नसकेको अवस्थामा जिल्ला समितिको अधिकार प्रयोग गरी आवश्यक निर्णयहरू गरी कार्यान्वयन गर्ने गराउने।
२. समसामयिक विषयमा पार्टीको धारणा सार्वजनिक गर्ने।
३. जिल्ला समिति र माथिल्लो समितिले गरेका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने।
४. दैनिक कार्य सञ्चालन गर्ने र निर्णयहरूको कार्यान्वयनको अनुगमन गर्ने।
५. पार्टीका जिल्ला स्तरीय कामहरू, विभागहरू र संयन्त्र तथा कार्यदलहरूको निर्माण गर्ने सन्दर्भमा आवश्यक गृहकार्य गर्ने।
६. जिल्ला समितिद्वारा तोकिएका अन्य कार्यहरू गर्ने।

धारा - ६६ जिल्ला समितिका पदाधिकारी तथा सदस्यको काम, कर्तव्य र अधिकार
जिल्ला समितिका पदाधिकारी तथा सदस्यको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छन्।
१. अध्यक्ष
जिल्ला अध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ।
(क) आफ्नो कार्य क्षेत्रको पार्टी प्रमुख नेताको हैसियतमा नेतृत्व गर्ने। जिल्ला समितिको बैठक बोलाउन निर्देशन दिने।
(ख) माथिल्लो समिति, जिल्ला अधिवेशन र जिल्ला समितिका निर्णयहरूको कार्यान्वयनमा नेतृत्व गर्ने।
(ग) जिल्ला समिति, जिल्ला कार्यकारिणी समिति, जिल्ला सचिवालयको बैठकको अध्यक्षता गर्ने,
(घ) जिल्ला समिति र जिल्ला अधिवेशनमा राजनीतिक प्रतिवेदन प्रस्तुत गर्ने।
(ङ) आय-व्ययको लेखा राख्न लगाउने।
(च) जिल्ला समिति, राष्ट्रिय समिति, प्रदेश समिति र केन्द्रीय समितिले तोकेका अन्य कार्यहरू गर्ने।
२. उपाध्यक्ष
जिल्ला उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ।
(क) अध्यक्षको काममा सहयोग गर्ने।
(ख) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण कार्यहरू गर्ने।
(ग) जिल्ला समिति, जिल्ला कार्यकारिणी समिति र जिल्ला सिचिवालयले अन्य कार्यहरू गर्ने।
३. सचिवको काम, कर्तव्य र अधिकार
जिल्ला सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ।
(क) केन्द्रीय समिति, राष्ट्रिय समिति र जिल्ला अधिवेशनको निर्णयहरू कार्यान्वयन गर्न कार्ययोजना तयार पार्ने र जिल्ला समितिसमक्ष प्रस्तुत गर्ने।
(ख) जिल्ला समितिको कार्यालय सञ्चालन गर्ने।
(ग) जिल्ला समितिको कार्यक्षेत्रभित्रको सङ्गठनात्मक कार्यको अनुगमन गर्ने, सङ्गठनात्मक अभिलेख राख्ने,
(घ) अध्यक्षको परामर्शमा जिल्ला समिति/जिल्ला कार्यकारिणी समिति बैठकको कार्यसूची तयार गर्ने र बोलाउने।
(ङ) जिल्ला अधिवेशन र जिल्ला समितिको बैठकमा सङ्गठनात्मक प्रतिवेदन पेस गर्ने।
(च) आफ्नो समितिको बैठक सञ्चालन गर्ने।
(छ) जिल्ला समिति/जिल्ला कार्यकारिणी समिति र जिल्ला सचिवालयले तोकेका अन्य कार्यहरू गर्ने।
४. उपसचिव
जिल्ला उपसचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ।
(क) सचिवको काममा आवश्यक सहयोग गर्ने।
(ख) सचिवको अनुपस्थितिमा सचिवले गर्ने कार्यहरू गर्ने।
(ग) जिल्ला समिति/जिल्ला कार्यकारिणी समिति र जिल्ला सचिवालयले तोकेका अन्य कार्यहरू गर्ने।
५. कोषाध्यक्ष
जिल्ला कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ।
(क) जिल्ला कोषको संरक्षण र सम्वर्द्धन गर्ने।
(ख) आय-व्ययको अभिलेख राख्ने।
(ग) जिल्ला कोषको निर्माण तथा व्यवस्थापनको योजना बनाउने। अनुमोदनका लागि जिल्ला समितिसमक्ष प्रस्तुत गर्ने।
(घ) पार्टी कोषको सञ्चालन गर्ने।
(ङ) जिल्ला समितिले तोकेबमोजिमको बैंक खाता खोली कोषलाई व्यवस्थित गर्ने।
(च) नियमानुसार लेखा परिक्षण गराउने।
(छ) जिल्ला समिति/जिल्ला कार्यकारिणी समिति र जिल्ला सचिवालयले तोकेका अन्य कार्यहरू गर्ने।
६. सदस्य
जिल्ला सदस्यको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ।
(क) जिल्ल्ला समिति, जिल्ला कार्यकारिणी समिति र सचिवालयले तोकेका कार्यहरू गर्ने।
(ख) आफ्नो जिम्मेवारीको कार्यक्षेत्रमा आफ्नो समिकिो प्रतिनिधिको हैसियतले कार्य गर्ने।
(ग) आफ्नो कार्य क्षेत्रमा आफ्नो समिति तथा माथिल्लो समितिको निर्णय तथा निर्देशनअनुरूप पार्टीकाम विस्तार गर्ने र पार्टीलाई सुदृढ तथा एकताबद्ध बनाउने।

धारा - ६७ निर्वाचन क्षेत्र समन्वय समिति
१. जिल्ला समितिले सम्बन्धित निर्वाचन क्षेत्रबाट जिल्ला समितिमा प्रतिनिधित्व गर्ने सदस्यहरू, पालिका समितिका पदाधिकारीहरू र पालिकाअन्तर्गतका वडा समितिका अध्यक्षहरू रहेको प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचन क्षेत्र समन्वय समिति गठन गर्न सक्ने छ। वडा अध्यक्ष र सोभन्दा माथिल्लो जिम्मेवारीमा रहेका जनप्रतिनिधिहरू निर्वाचन क्षेत्र समन्वय समितिका स्थायी आमन्त्रित हुने छन्। जिल्ला समितिले बढीमा पाँच जना सम्म सदस्यहरू मनोनित गर्न सक्ने छ। एक मात्र प्रतिनिधि सभा निर्वाचन क्षेत्र रहेको जिल्लामा प्रतिनिधि सभा निर्वाचन क्षेत्र समन्वय समिति रहने छैन।
२. प्रतिनिधि सभा र प्रदेश सभाका छुट्टा-छुट्टै निर्वाचन क्षेत्र समन्वय समिति हुनेछन्। निर्वाचन क्षेत्र समन्वय समितिका संयोजक, सहसंयोजक र सचिव जिल्ला समितिले निर्णय गरेबमोजिम हुने छ।
३. निर्वाचन क्षेत्र समन्वय समितिको कार्यकाल सामान्यतया चार वर्षको हुने छ।
४. निर्वाचन क्षेत्र समन्वय समितिका अधिकार तथा कर्तव्य देहायबमोजिम हुने छन्।
(क) पार्टीको नीति तथा माथिल्लो समितिको निर्देशनअनुरूप प्रतिनिधि सभा/प्रदेश सभा निर्वाचन क्षेत्रको पार्टीको काम संयोजन गर्ने।
(ख) प्रतिनिधि सभा/प्रदेश सभा सदस्यको निर्वाचनमा संयोजन र जनपरिचालन गर्ने।
(ग) नियमित बैठक बसी कामको योजना बनाउने र कार्यान्वयन गर्ने।
(घ) आफ्नो क्षेत्रको समग्र विकास र आर्थिक, सामाजिक रूपान्तरणको योजना निर्माण, कार्यान्वयन, अनुगमन र मुल्याङ्कन गर्ने।
(ङ) समितिका सदस्यहरूको क्षमता वृद्धिका लागि प्रशिक्षणको व्यवस्था गर्ने।
(च) जिल्ला समितिले तोकेका अन्य कार्यहरू गर्ने।
(छ) प्रतिनिधि सभा/प्रदेश सभा क्षेत्रीय समन्वय समितिको बैठक कम्तीमा प्रत्येक महिनामा एकपटक बस्ने।
(ज) आफ्नो निर्वाचन क्षेत्रभित्र पर्ने मातहतका वडा, गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका, महानगरपालिकामा पार्टी सदस्यता वितरण, जनवर्गीय सङ्गठनहरूको निर्माणलगायतका कामहरूमा सहयोग गर्ने।
(झ) प्रतिनिधि सभा/प्रदेश सभा क्षेत्रीय समन्वय समितिले प्रतिनिधि सभा/प्रदेश सभा सदस्य र अन्य सबै तहको निर्वाचनको तयारी, सञ्चालन तथा व्यवस्थापनसम्बन्धी आवश्यक काम गर्ने।
(ञ) मातहतका निकाय र जिल्लासँग सम्पर्क र समन्वय गरी सङ्गठनको विस्तार र सुदृढीकरणका लागि सक्रिय रहने।
(ट) तोकिएबमोजिमका बाहेक आवश्यकताअनुसार विभिन्न समिति/उपसमिति गठन गर्ने, परिचालन गर्ने, अनुगमन र मुल्याङ्कन गर्ने।
(ठ) प्रत्येक वर्ष आफ्नो कार्यको प्रतिवेदन जिल्ला समितिमा पठाउने।

धारा - ६८ पालिकाको अधिवेशन
१. पालिका समितिले सामान्यतया हरेक तीन वर्षमा आफ्नो तहको अधिवेशन आयोजना गर्ने छ।
२. पालिका अधिवेशनमा देहायबमोजिमका प्रतिनिधिहरू सहभागी हुने छन्:
(क) पालिका समितिले सङ्गठित पार्टी सदस्य सङ्ख्याको अनुपातमा प्रत्येक वडाहरूबाट निर्वाचित प्रतिनिधिहरू।
(ख) पालिका समिति र सल्लाहकार समितिका सदस्यहरू।
(ग) निर्वाचित प्रतिनिधिको पाँच प्रतिशतमा नबढ्ने गरी पालिका समितिद्वारा सङ्गठित पार्टी सदस्यहरूबाट समानुपातिक समावेशीको प्रयोजनार्थ मनोनित प्रतिनिधिहरू।
३. सम्बन्धित समितिले निर्णय गरेका पार्टी सदस्यहरू पर्यवेक्षक हुने छन्।

धारा - ६९ पालिका अधिवेशनको काम, कर्तव्य र अधिकार
पालिका अधिवेशनको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छन्।
१. अधिवेशन सञ्चालन गर्न ५ सदस्यीय अध्यक्ष मण्डल र आवश्यक संरचनाहरू गठन गर्ने।
२. पालिका तर्फबाट प्रस्तुत राजनीतिक, सङ्गठनात्मक र आर्थिक प्रतिवेदनहरूमाथि छलफल गरी पारित गर्ने।
३. पालिका समितिको लेखा परिक्षण प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने।
४. पालिका समितिका पदाधिकारी र सदस्यको निर्वाचन गर्ने।

धारा - ७० पालिका समिति
१ पालिका समिति दुई अधिवेशनबिचको अवधिमा आफ्नो कार्यक्षेत्रमा पार्टीको प्रमुख कार्यकारी संस्था हुने छ।
२. पालिका अधिवेशनले अध्यक्ष -१, उपाध्यक्ष-२, सचिव - १, उपसचिव -२, कोषाध्यक्ष - १ समेत गरी गाउँपालिका र नगरपालिका समितिको सदस्य सङ्ख्या ७१ जना सम्म, उपमहानगरपालिका समितिको अधिकतम् सदस्य सङ्ख्या ९१ जनासम्म, महानगरपालिका समितिको सदस्य सङ्ख्या १०५ जनासम्म हुने छ। पालिकामातहतका वडा समितिका अध्यक्षहरू पालिका समितिका पदेन सदस्य हुने छन्।
३. पालिका समितिमा कम्तीमा एक तिहाई महिलासहित पालिकाको विविधता झल्कने गरी समावेशीकरण हुने छ।
४. अधिवेशनबाट नयाँ समिति निर्वाचित भई शपथग्रहण गरेपछि पुरानो समिति स्वत: विघटन हुनेछ।

धारा - ७१ पालिका समितिको काम, कर्तव्य र अधिकार
पालिका समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छन्।
१. पालिका समितिका पदाधिकारीहरू र पालिका समिति सदस्यहरू मध्येबाट पालिका समितिद्वारा निर्वाचित १४ जना सदस्यसहित २१ जनासम्म सदस्यहरू रहने गरी पालिका कार्यकारिणी समिति गठन गर्ने।
२. पालिकाभित्रको पार्टीको कामको नेतृत्व गर्ने। राष्ट्रिय महाधिवेशन र माथिल्लो समितिका निर्णयको प्रतिकूल नहुने गरी आफ्नो कार्यक्षेत्रअन्तर्गतका राजनीतिक र सङ्गठनात्मक विषयमा निर्णय गर्ने। आफ्नो समितिको निर्णय र माथिल्लो समितिका निर्देशन कार्यान्वयन गर्ने, गराउने।
३. पार्टी सदस्यता निरन्तर वितरण गर्ने, गराउने र यसको अभिलेख राखी माथिल्लो निकायमा विवरण पठाउने।
४. सङ्गठित पार्टी सदस्यको सदस्यता नवीकरण गर्नका लागि वडा समितिको समेत रायसहित माथिल्लो निकायमा सिफरिश गर्ने।
५. पालिकाअन्तर्गतका वडा समितिलाई परिचालन र समन्वय गरी आवश्यक निर्देशन दिने।
६. पालिका क्षेत्रभित्रका मतदाताको विवराण राख्ने, अद्यावधिक गर्ने, मतदाता नामावलीमा थपघट गर्नुपर्ने कार्य गर्ने, गराउने।
७. निर्वाचनको समयमा निर्वाचन तथा मतदातासँग सम्बन्धित आवश्यक व्यवस्थापन गर्ने, गराउने र वडा समिति समेतको रायको आधारमा निर्वाचनको समग्र मूल्याङ्कन र समीक्षा गरी माथिल्लो निकायमा प्रतिवेदन पठाउने।
८. पालिकाभित्रका विकास निर्माणका योजना छनौट गरी पालिका र नगरपालिकामा सिफारिश गर्ने,
९. पालिका अधिवेशन, पालिका समिति र माथिल्लो निकायका निर्णयहरू कार्यान्वयन गर्ने गराउने,
१०. कम्तीमा प्रत्येक ६/६ महिनामा पालिका क्षेत्रभित्रका सङ्गठित पार्टी सदस्यहरूको भेला र

बाँकी पृष्ठ ५ मा

मधेश अपडेट

विपीको जन्मजयन्त्रीमा प्रवचन कार्यक्रम

वीरगन्ज। नेपाली कांग्रेसका संस्थापक एवम् प्रथम जननिर्वाचित प्रधानमन्त्री स्वर्गीय विश्वेश्वरप्रसाद कोइरालाको ११०औं जन्मजयन्तीको अवसरमा वीरगन्जमा प्रवचन कार्यक्रम गरिएको छ। नेपाली कांग्रेस पर्साद्वारा आइतबार आयोजित प्रवचन कार्यक्रमलाई सम्बोधन गर्दै उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले बिपीले प्रतिपादन गरेको राष्ट्रिय एकता तथा मेलमिलापको नीति र मर्म अनुसार मुलुकको राजनीति अघि बढिरहेको बताएका छन्। नेपाली कांग्रेसका केन्द्रीय सदस्य समेत रहेका मन्त्री रिजालले विपी कांग्रेसको मात्रै नभई सिङ्गो राष्ट्रको सम्पत्ति भएको दाबी गरे। उनले कांग्रेस र नेपाली राष्ट्रिय राजनीतिका लागि बिपी कोइरालाले राष्ट्रियता, प्रजातन्त्र र समाजमाथि दिएको विचार र नेपालको राष्ट्रियतामाथि मडारिएको खतरालाई ध्यान राखेर राष्ट्र जोड्न, राष्ट्रियतालाई बलियो बनाउन ०३३ सालमा राष्ट्रसामु राखेको राष्ट्रिय एकता र मेलमिलापको नीति इतिहासले बिर्सिन नसक्ने बताए। नेपाली कांग्रेस पर्साका सभापति जनार्दन सिंह क्षेत्रीको सभापतित्वमा सम्पन्न कार्यक्रममा प्रदेश सभा सदस्य एवं नेपाली कांग्रेस मधेश प्रदेशका महामन्त्री बृहस्पति कृष्ण श्रेष्ठ, पूर्व ऊर्जा मन्त्री ओम प्रकाश शर्मा, नेपाली कांग्रेस पर्साका उपसभापति रामनारायण कुर्मी, श्याम पोखरेल, वीरगन्ज महानगरपालिकाका उपप्रमुख इम्तियाज आलम लगायतको सहभागिता रहेको थियो।

प्रदेश सांसद यादवको निधनप्रति मधेशका अर्थमन्त्रीद्वारा दु:ख व्यक्त

जनकपुरधाम। लामो समयदेखि 'क्यान्सर'बाट पीडित जनता समाजवादी पार्टी(जसपा) नेपालको केन्द्रिय सदस्य एवं मधेश प्रदेशका प्रदेश सभा सदस्य विन्दु कुमारी यादवको निधनप्रति मधेश प्रदेशका अर्थमन्त्री संजय कुमार यादवले दु:ख व्यक्त गरेका छन्। अर्थमन्त्री यादवले शोक वक्तव्य जारी गर्दै भनेका छन्, 'उहाँको देहावसानले मधेशलाई अकल्पनीय र अपूरणीय क्षति भएको छ। पहिचानवादी अधिकारका लडाईमा सुरुदेखि नै अग्रणी भूमिकामा रहनुभएका उहाँको यो योगदान सदैव अविस्मरणीय हुनेछ।' मधेश प्रदेशले एउटा कुशल, क्रान्तिकारी योद्धा महिला नेतृका साथै आन्दोलनकारी समेत गुमाएको छ। 'स्वर्गीय विन्दुकुमारी यादव प्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दै शोकाकुल परिवारमा गहिरो सम्वेदना।' उनले भनेका छन्।

अभियानद्वारा चिनियाँ राजदूतको पुतला दहन

जनकपुरधाम। कूटनीतिक मर्यादाविपरीत देशको आन्तरिक मामिलामा हस्तक्षेप गरेको भन्दै राष्ट्रिय एकता अभियान जनकपुरले नेपालका लागि चिनियाँ राजदूतको पुतला दहन गरेको छ। राष्ट्रिय एकता अभियान जनकपुरका युवा प्रमुख अमित यादवको नेतृत्वमा जनकपुरको जनक चौकमा गरिएको विरोध प्रदर्शनमा चिनियाँ राजदूतलाई फिर्ता गर, ऋणजाल चाहिँदैन, देश डुबाउन पाइदैन, आन्तरिक मामिलामा हस्तक्षेप बन्द गर, चिनियाँ विस्तारवाद मुर्दावाद, राष्ट्रिय एकता अभियान जिन्दावादका नारा लगाएका थिए। प्रदर्शनपछि कोण सभालाई सम्बोधन गर्दै जनकपुर संयोजक मनीष पुर्बेले कूटनीतक मर्यादाविपरीत चिनियाँ राजदूतले नेपाल भारत सम्बन्ध बिगार्ने उद्देश्यले दिएको अभिव्यक्ति निन्दनीय रहेकोले चिनियाँ राजदूतलाई तत्काल देश निकाला गर्नु पर्ने बताएका छन्। नेपाल-भारत जल विद्यूत सम्झौता नेपाल सरकारले प्राथमिकतामा राखेको र यसबाट नेपाललाई दीर्घकालीन उपलब्धि हुने भएकोले यों चीनलाई अपाच्य भएको र चीनले नेपाललाई आर्थिक रुपले ऋणमा फसाई तिब्बत बनाउन खोजेको आरोप लगाए। प्रदर्शनमा अभियानका संजीव झा, रामकरण साह, संजय यादव, गौतम झा, राजू कापर, अनुराग चौधरी, सुमित महरा, शिवनाथ साहलगायतका अभियानीहरु सहभागी थिए।

निजामती सेवा दिवसमा कालोपट्टी बाँधेर विरोध

कपिलवस्तु। शुद्धोधन गाउँपालिका लवनीका कर्मचारीहरुले सरकारले स्थानीय तह र प्रदेश स्तरका कर्मचारीहलाई विभेद गरेको भन्दै निजामती कर्मचारी निजामती सेवा दिवस मनाउनुको साटो उल्टै स्थापना दिवसमा कालोपट्टी बाँधेर विरोध जनाएका छन्। संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट मन्त्रिपरषद्मार्फत सदनमा पेश गर्न लागेको निजामति ऐनमा स्थानीय तहका कर्मचारिहरुको मानमर्दन हुने खालको देखिएकोले कालोपट्टी बाँधेर विरोध गरेको कर्मचारीहरुले जनाएका छन्। उनीहरुले संघीय निजामति ऐनको ठाउँमा एकीकृत कर्मचारी ऐन ल्याउनु पर्ने, स्थानीय तहका कर्मचारीलाइ पनि निजामति ऐनमा समेट्नु पर्ने, कर्मचारी समायोजन ऐन २०७५ अनुसार समायोजन भएका कर्मचारीलाई १ पटक पुनरावलोकन गर्नुपर्ने, स्थानीय तहका कर्मचारीहरुको सुरक्षित रहनुपर्ने लगायतका मागहरु रहेको शुद्धोधन गाउँपालिकाका शिक्षा शाखा प्रमुख धनि प्रसाद शर्माले बताए।

छोरी संरक्षण कार्यक्रमअन्तर्गत नगद हस्तान्तरण

रौतहट। रौतहटको दुर्गा भगवती गाउँपालिका वडा नं. ३ मत्सरीले छोरी संरक्षण कार्यक्रम अन्तर्गत ४० जना छोरीको अभिभावकलाई जनही पाँच हजारको चेक हस्तान्तरण गरेको छ। मत्सरी गाउँका २०७९ जेठ ५ देखि २०८० असार २५ गतेसम्म जन्मिएका सम्पूर्ण छोरीका अभिभावकहरूलाई वडाध्यक्ष धर्मेन्द्र कुमार झाले चेक हस्तान्तरण गरेका छन्। मत्सरी दुर्गा मन्दिरमा आयोजित एक कार्यक्रमकाबिच वडाध्यक्ष झाले छोरी संरक्षण कार्यक्रम अन्तर्गत अभिभावकहरूलाई उक्त चेक हस्तान्तरण गरेका हुन्। उनले छोरा छोरीबिच कुनै किसिमको विभेदलाई अन्त्य गरी छोरा जस्तै व्यवहार छोरीसँग गरेर एउटा जागरूक नागरिक तथा देश विकासमा छोरीलाई अगाडि बढाउनुपर्नेमा जोड दिए। छोरी संरक्षण कार्यक्रममा लाभान्वित भएका अभिभावकहरूले वडाध्यक्ष झाको निकै नै सराहनीय कार्य रहेको भन्दै यसले छोरी जन्मिने बित्तिकै घरपरिवारमा हुने निराशा अन्त्य हुने विश्वास व्यक्त गरे। वडाध्यक्ष झाको अध्यक्षता भएको छोरी संरक्षण कार्यक्रम अन्तर्गत चेक हस्तान्तरण कार्यक्रममा समाजसेवी मनोज कुमार झा, मङ्गल मिश्र, पूर्व वडा सदस्य कमलेश झा, नवीन कुमार झा लाभान्वित परिवार लगायत स्थानीयवासीको उपस्थिति रहेको थियो।

माओवादीको अभियान जारी

रुपन्देही। नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) ले भदौ १६ गतेदेखि सुरु गरेको तीनमहिने 'जनतासँग माओवादी विशेष रूपान्तरण अभियान' लुम्बिनी प्रदेशमा जारी रहेको छ। नेकपा (माओवादी केन्द्र) का लुम्बिनी प्रदेश कमिटी अध्यक्ष सुदर्शन बरालका अनुसार प्रदेशका १२ वटै जिल्लामा रूपान्तरण अभियान जारी रहेको छ। नेताहरू गाउँ गाउँमा पुगेर जनतासँग छलफल गरिरहेका छन्। जनताका आधारभूत आवश्यकता र चाहना बुझ्ने काम भइरहेको छ। जनतासँग सम्बन्ध विस्तार गर्ने अभियान अन्तर्गत हरेक वडामा पार्टीको बैठक बस्ने, सदस्यता नवीकरण गर्ने, नयाँ सदस्य थप्ने, पार्टीसँग रिसाएर बसेका नेता तथा कार्यकर्तालाई फर्काउने र सरकारी कार्यालयमा जनताको काममा सहजताका लागि सहजीकरण गर्नेलगायतका कार्य भइरहेका छन्।

मुक्त कमैयालाई नयाँ घर हस्तान्तरण

कैलाली। कैलालीको विपद् प्रभावित मुक्त कमैयालाई नयाँ घर हस्तान्तरण गरिएको छ। कैलारी गाउँपालिका-७ विपतपुरका अग्नि पीडित मुक्त कमैयालाई आज नयाँ घर हस्तान्तरण गरिएको हो। २०७९ वैशाख ११ गते आगलागी हुँदा मुक्त कमैयाबस्तीको २७ घर पूर्ण रूपमा जलेर नष्ट भएको थियो। पूर्ण रूपमा घर क्षति भई घरबारविहीन भएका मुक्त कमैयालाई मुख्यमन्त्री एकीकृत बस्ती विकास कार्यक्रम अन्तर्गत सुदूरपश्चिम प्रदेश सरकारले घर बनाएर हस्तान्तरण गरेको हो। प्रदेश सरकारले बनाएको २७ वटा घर भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्री रामेश्वर चौधरी, राज्यमन्त्री कैलाश चौधरी र कैलारी गाउँपालिकाका अध्यक्ष राजसमझ चौधरीले संयुक्त रूपमा हस्तान्तरण गरेका थिए। एक करोड ८२ लाख १२ हजार रुपियाँ लागतमा घर निर्माण गरिएको छ। जसमा सुदूरपश्चिम प्रदेश सरकारको ९० लाख, साझेदार संस्था ह्याबिटेट फर ह्युमानिटी नेपालको ३४ लाख लगानी छ। यसैगरी, लाभग्राही परिवारले ३८ लाख १२ हजार रुपियाँ बराबरको श्रमदान गरेका छन्। प्रत्येक परिवारका लागि ब्लक प्रयोग गरिएको दुई कोठे घर बनाइएको छ।

राष्ट्रिय साप्ताहिक मधेशवाणी

जसपाको...

अन्तरक्रियात्मक कार्यक्रम गर्ने ।
११. पालिका स्तरका जनवर्गीय सङ्गठनहरूलाई परिचालन, समन्वय गरी आवश्यक निर्देशन दिने ।
१२. समय समयमा पालिका स्तरीय पार्टी कार्यकर्ता प्रशिक्षण, गोष्ठी, भ्रमण आदि कार्यक्रमको सञ्चालन गर्ने, गराउने ।
१३. सार्वजनिक सम्पत्ति, धार्मिक, साँस्कृतिक एवम् ऐतिहासिक सम्पदाको संरक्षण गर्न क्रियाशील रहने ।
१४. पालिकाभित्रका नगरपालिका आवश्यकता र समस्याको पहिचान गरी तिनको समाधान गर्न क्रियाशील रहने ।
१५. पार्टीको तर्फ बाट निर्वाचित जनप्रतिनिधिहरूसँग समन्वय गर्ने र पार्टीको तर्फबाट पालिकामा निर्वाचित स्थानीय जनप्रतिनिधि, पार्टीका उम्मेदवार पालिका समितिबिच प्रत्येक महिनामा कम्तीमा एकपटक बैठक बसी छलफल, परामर्श र आवश्यक निर्णय गर्ने ।
१६. सञ्चार माध्यम तथा सामाजिक सञ्जालमार्फत पार्टीका गतिविधिको व्यापक प्रचार प्रसार गर्न आवश्यक कार्य गर्ने गराउने ।
१७. आवश्यकताअनुसार विभिन्न समिति/उपसमिति गठन गर्ने ।
१८. वडा समितिहरूबाट प्राप्त रायसहित पार्टीको तर्फबाट उम्मेदवारको नाम सिफारिश र निर्णय गर्ने ।
१९. पार्टीको हितमा तोकिएबमोजिमका अन्य आवश्यक कार्यहरू गर्ने गराउने ।
२०. आवश्यकताअनुसार विभाग, संयन्त्र र कार्यदल गठन गर्ने, तिनको काम, कर्तव्य र अधिकार तोक्ने ।
२१. पालिका समितिले आवश्यकताअनुसार २५ जना सम्मको सल्लाहकार समिति गठन गर्ने ।
२२. पालिका समितिका पदाधिकारी तथा सदस्यहरूको कार्य विभाजन गर्ने ।
२३. पार्टीको विधान, नियमावली तथा विनियममा उल्लेख भएबमोजिम आर्थिक स्रोत परिचालन र व्यवस्थापन गर्ने, एक तह मातहतका समितिलाई लेभी तथा शुल्क तोक्ने र माथिल्लो समितिले तोकेको शुल्क, लेभी बुझाउने ।
२४. अनुशासन पालना नगर्ने मातहतको समितिलाई विधानबमोजिम विघटन वा पुर्नगठन गर्ने र त्यस्तो निर्णय जिल्ला समितिबाट अनुमोदन भएपछि कार्यान्वयन गर्ने । आफ्नो समितिका पदाधिकारी तथा सदस्यलाई अनुशासनको कारवाही गर्ने, मातहतका समितिबाट अनुशासनको कार्वाहीमा परेका व्यक्ति तथा समितिको उजुरी माथि निर्णय दिने ।
२५. पार्टीको विधान, नियमावली, निर्देशिका वा परिपत्रमा पालिकाले गर्ने भनिएको कार्य गर्ने ।
धारा - ७२ पालिका कार्यकारिणी समिति
पालिका कार्यकारिणी समिकिो काम, कर्तव्य र अधिकार देहायबमोजिम रहने छ ।
१. पालिका समितिको बैठक नबसेको समयमा पालिकाको अधिकार प्रयोग गर्ने छ । आवश्यक निर्णय गरी कार्यान्वयन गर्ने, गराउने छ ।
२. मातहतका समितिहरूलाई नेतृत्व प्रदान गर्ने ।
३. माथिल्लो समितिले गरेका निर्णयहरूलाई कार्यान्वयन गर्ने ।
४. पार्टीको दैनिक कार्य सञ्चालन गर्ने र निर्णयहरूको कार्यान्वयनको अनुगमन गर्ने ।
५. पार्टीको कामहरू, विभागहरू र संयन्त्रहरू तथा कार्यदल निर्माण गर्ने सन्दर्भमा आवश्यक गृहकार्य गर्ने ।
६. पालिका समितिले तोकेका अन्य कार्यहरू गर्ने ।
धारा - ७३ पालिका समितिका पदाधिकारी तथा सदस्यहरूको काम, कर्तव्य र अधिकार
पालिका समितिका पदाधिकारी र सदस्यहरूको अधिकर र कर्तव्य देहायबमोजिम हु ने छन् ।
१. अध्यक्षको काम, कर्तव्य र अधिकार
(क) पालिका क्षेत्रभित्र पार्टीको नेतृत्व गर्ने, पालिका अधिवेशन, पालिका समिति, कार्यकारिणी समिति र सचिवालयको बैठकको अध्यक्षता गर्ने ।
(ख) माथिल्लो निकायबाट प्राप्त नीति, निर्देशन, पालिका अधिवेशन र पालिका समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने ।
(ग) पालिका समितिका पदाधिकारीको कार्य विभाजन गर्ने र आवश्यकताअनुसार कार्यविभाजन हेरफेर गर्ने ।
(घ) पालिका समिति र पालिका अधिवेशनमा राजनीतिक प्रतिवेदन प्रस्तुत गर्ने ।
(ङ) अध्यक्ष आफ्नो कार्यक्षेत्रभन्दा बाहिर गएको अवस्थामा आवश्यकताअनुसार उपाध्यक्षलाई कार्यवाहक अध्यक्ष तोक्ने ।
(च) जिल्ला समिति, राष्ट्रिय समिति र केन्द्रीय समितिले तोकेका अन्य कार्यहरू गर्ने ।
२. उपाध्यक्षको काम, कर्तव्य र अधिकार
(क) अध्यक्षको काममा आवश्यक सहयोग गर्ने ।
(ख) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण कार्यहरू गर्ने ।
(ग) पालिका समिति र सचिवालयले तोकेका अन्य कार्यहरू गर्ने ।
३. सचिवको काम, कर्तव्य र अधिकार
(क) माथिल्लो समिति, पालिका अधिवेशनको निर्णय कार्यान्वयन गर्न कार्ययोजना तयार पार्ने र आफ्नो समितिसमक्ष प्रस्तुत गर्ने ।
(ख) आफ्नो समितिको कार्यालय सञ्चालन गर्ने ।
(ग) पालिका कार्य क्षेत्रभित्रको सङ्गठनात्मक कामको अनुगमन गर्ने, सङ्गठनात्मक अभिलेख राख्ने ।
(घ) अध्यक्षको परामर्शमा पालिका समितिको बैठकको कार्यसूची तयार गर्ने, बैठक बोलाउने र सञ्चालन गर्ने ।
(ङ) पालिकाको अधिवेशन र पालिका समितिको बैठकमा सङ् गठनात्मक प्रतिवेदन पेस गर्ने ।
(च) पालिका समिति र पालिका कार्यकारिणी समितिले तोकेका अन्य कार्यहरू गर्ने ।
४. उपसचिवको काम, कर्तव्य र अधिकार
(क) सचिवको काममा आवश्यक सहयोग गर्ने ।
(ख) सचिवको अनुपस्थितिमा सचिवले गर्ने कार्यहरू गर्ने ।
(ग) पालिका समिति र पालिका कार्यकारिणी समितिले तोकेका अन्य कार्यहरू गर्ने ।
५. कोषाध्यक्षको काम, कर्तव्य र अधिकार
(क) पालिकाको कोषको संरक्षण र सम्वर्द्धन गर्ने तथा आय-व्ययको अभिलेख राख्ने ।
(ख) कोषको निर्माण तथा व्यवस्थापन गर्ने ।
(ग) पार्टी कोषको सञ्चालन गर्ने ।
(घ) पालिका समितिको निर्णयबमोजिम बैंक खाता खोली कोषलाई व्यवस्थित गर्ने ।
(ङ) नियमानुसार लेखापरीक्षण गराउने ।
(च) माथिल्लो समिति र पालिका समितिले तोकेको अन्य कार्यहरू गर्ने ।
६. सदस्यको काम, कर्तव्य र अधिकार
(क) पालिका समिति, कार्यकारिणी समिति र सचिवालयले तोकेका कार्यहरू गर्ने ।
(ख) आफनो जिम्मेवारीका कार्यक्षेत्रमा पालिका समितिको प्रतिनिधिको हैसियतले कार्य गर्ने ।
(ग) आफनो कार्य क्षेत्रमा पालिका समिति तथा माथिल्लो समितिको निर्णय तथा निर्देशनअनुरूप पार्टी काम विस्तार गर्ने र पार्टीलाई सुदृढ तथा एकताबद्ध बनाउने ।
धारा - ७४ वडा अधिवेशन
१. वडा समितिले समान्यतया हरेक तीन वर्षमा वडा अधिवेशनको आयोजना गर्ने छ ।
२. वडा अधिवेशनमा देहायबमोजिमका प्रतिनिधि हुने छन् :
(क) वडा समिति र वडा सल्लाहकार समितिका पदाधिकारी तथा सदस्यहरू
(ख) वडा समितिले तोकेबमोजिम पार्टी सदस्यबाट निर्वाचित प्रतिनिधिहरू
(ग) निर्वाचित प्रतिनिधिको पाँच प्रतिशतमा नबढ् ने गरी वडा समितिबाट मनोनित प्रतिनिधिहरू,
(घ) १०० जनाभन्दा कम पार्टी सदस्यहरू रहेका वडामा सबै प्रतिनिधि हुने छन् ।
धारा - ७५ वडा अधिवेशनको काम, कर्तव्य र अधिकार
वडा अधिवेशनको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ ।
१. अधिवेशन सञ्चालन गर्न अध्यक्ष मण्डल र आवश्यक संरचनाहरू गठन गर्ने ।
२. वडा समितिको तर्फबाट प्रस्तुत राजनीतिक प्रतिवेदन, सङ् गठनात्मक प्रतिवेदन र आर्थिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।
३. वडा समितिका पदाधिकारी र सदस्यहरूको निर्वाचन गर्ने ।
धारा - ७६ वडा समिति
१. वडा समिति दुई अधिवेशनबिचको अवधिमा सम्बन्धित वडाको मुख्य कार्यकारी संस्था हुने छ । वडा समिति वडा अधिवेशन र माथिल्ला समितिहरू प्रति उत्तरदायी हुने छन् ।
२. वडा अधिवेशनले अध्यक्ष १, उपाध्यक्ष १, सचिव १, उपसचिव २, कोषाध्यक्ष १ र उपधारा (३)मा उल्लेखित अधिकत् म सङ् ख्यामा नबढ् ने गरी सदस्यहरू रहेको वडा समिति निर्वाचन गर्ने छ । वडा समिति मातहतका टोल समितिका अध्यक्षहरू वडा समितिका पदेन सदस्य हुने छन् ।
३. गाउँपालिका र नगरपालिका वडा समितिको अधिकतम सदस्य सङ् ख्या २१ जनासम्म, उपमहानगरका वडा समितिको अधिकतम सदस्य सङ् ख्या ३१ जनासम्म र महानगरपालिका वडा समितिको अधिकतम सदस्य सङ्ख्या ४१ जनासम्म हुने छ ।
४. वडा समितिमा पार्टी सदस्य सकभर समावेशी आधारमा चयन गरिने छ ।
५. वडा अधिवेशनबाट नयाँ वडा समिति निर्वाचित भई शपथग्रहण गरेपछि पुरानो समिति स्वत: विघटन हुने छ ।
धारा - ७७ वडा समितिको काम, कर्तव्य र अधिकार
वडा समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ ।
१. वडाभित्रको पार्टीको कामको नेतृत्व गर्ने । महाधिवेशन र माथिल्लो समितिको निर्णयको प्रतिकूल नहुने गरी आफनो कार्यक्षेत्रअन्तर्गतका राजनीतिक र सङ्गठनात्मक विषयमा निर्णय गरी कार्यान्वयन गर्ने गराउने । वडा समिति र माथिल्लो समितिका निर्णय र निर्देशन कार्यान्वयन गर्ने गराउने ।
२. वडा समितिको कार्यकारिणी र सल्लाहकार समितिको सङ् ख्या आवश्यकताअनुसार आफै तोकी गठन गर्ने ।
३. पार्टीको सदस्यता निरन्तर वितरण गर्ने, गराउने र यसको अभिलेख राखी पालिका समितिमा पठाउने ।
४. विधानबमोजिम योग्यता पुगेका पार्टीको सदस्यको सदस्यता नवीकरण गर्नका लागि टोल समिति समेतको रायको आधारमा नवीकरण गर्ने ।
५. पार्टीका सङ्गठित पार्टी सदस्यता प्रदान गर्न र सङ् गठित पार्टी सदस्यता नवीकरण गर्नका लागि माथिल्लो निकायमा सिफारिश गर्ने ।
६. वडा क्षेत्रभित्र पार्टीको प्रचार-प्रसार गर्ने ।
७. वडा क्षेत्रभित्रका टोल समितिहरूका बिच समन्वय कायम गर्ने ।
८. सबै तहका निर्वाचनमा टोल समितिसँग समन्वय गरी मतदान स्थलमा पार्टीका तर्फबाट आवश्यक व्यवस्थापन गर्ने ।
९. आवश्यकताअनुसार प्रशिक्षण, सभा, गोष्ठीको आयोजना गर्ने ।
१०. कम्तीमा ३/३ महिनामा वडाभित्रका पार्टी सदस्यहरूको भेला र अन्तरक्रियात्मक कार्यक्रम गर्ने ।
११. सबै तहका निर्वाचनको समयमा टोल समिति समेतको सहभागीतामा पार्टीको प्रचार-प्रसार, निर्वाचन तथा मतदानसँग सम्बन्धित आवश्यक व्यवस्थापन गर्ने र निर्वाचनको समग्र मूल्याङ्कन र समीक्षा गरी माथिल्लो निकायमा प्रतिवेदन पठाउने ।
१२. वडाभित्रका विकास निर्माण कार्यको अनुगमन, मुल्याङकन गर्ने र विकास निर्माणका काम सम्पन्न गर्नका लागि पार्टीका तर्फबाट आवश्यक पहल गर्ने ।
१३. पार्टीको तर्फबाट वडामा निर्वाचित स्थानीय जनप्रतिनिधि र पार्टीको वडा समितिका बिच कम्तीमा दुई महिनामा एकपटक अनिवार्यरूपमा बैठकको आयोजना गर्ने ।
१४. सञ्चार माध्यम र सामाजिक सञ्जालमार्फत पार्टीका गतिविधिको व्यापक प्रचारप्रसार गर्न आवश्यक कार्य गर्ने गराउने ।
१५. मातहत निकायबाट प्राप्त रायसहित पार्टीको तर्फबाट उम्मेदवारको नाम सिफारिश र निर्णय गर्ने ।
१६. आवश्यकताअनुसार विभिन्न समिति, उपसमिति र कार्यदल गठन गर्ने ।
१७. वडा स्तरीय जनवर्गीय सङ् गठनको गठन, परिचालन र समन्वय गर्ने ।
१८. पार्टीको हितमा अन्य आवश्यक कार्य गर्ने गराउने ।
धारा - ७८ वडा समितिका अध्यक्षको काम, कर्तव्य र अधिकार
१. पालिका वडामा पार्टीको नेतृत्व गर्ने । वडा समिति, वडा अधिवेशनको अध्यक्षता गर्ने ।
२. पार्टीको माथिल्लो निकायबाट प्राप्त नीति, निदे शन, पालिका वडा अधिवेशन, वडा समितिको निर्णय कार्यान्वयन गर्ने गराउने ।
३. वडा समितिका पदाधिकारीको कार्य विभाजन गर्ने र आवश्यकताअनुसार कार्यविभाजन हेरफेर गर्ने ।
४. पालिका समितिको बैठक बोलाउने ।
५. वडा समिति अध्यक्ष आफू -आफ्नो कार्यक्षेत्रभन्दा बाहिर गएको अवस्थामा वा आवश्यकताअनुसार उपाध्यक्षलाई कार्यवाहक अध्यक्ष तोक्ने ।
६. अन्य काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुने ।
धारा - ७९ वडा समितिका उपाध्यक्ष, सचिव, उपसचिव र कोषाध्यक्षको काम, कर्तव्य र अधिकार
पालिकाका वडा समितिका उपाध्यक्ष, सचिव, उपसचिव र कोषाध्यक्षको काम, कर्तव्य र अधिकार आफ्नो कार्यक्षेत्रभित्र समिति रहनेगरी पालिका समितिका उपाध्यक्ष, सचिव, उपसचिव र कोषाध्यक्षकोसरह नै रहने छ ।
धारा - ८० टोल समिति
१. टोल अधिवेशन सामान्यतया प्रत्ये क दुई वर्षमा हुने छ । टोल समितिका कार्यक्षेत्रका सम्पूर्ण सदस्यहरू टोल अधिवेशन का प्रतिनिधि हुने छन् ।
२. टोल अधिवेशनको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छन् ।
(क) अधिवेशन सञ्चालन गर्न अध्यक्ष मण्डल र आवश्यक संरचनाहरू गठन गर्ने ।
(ख) टोल समितिको तर्फबाट प्रस्तुत राजनीतिक, सङ् गठनात्मक, आर्थिक प्रतिवेदनमाथि छलफल गरी पारित गर्ने ।
(ग) अध्यक्ष - १, उपाध्यक्ष - १, सचिव - १, उपसचिव -२, कोषाध्यक्ष - १ र सदस्यहरू समेत बढीमा २१ सदस्यीय टोल समितिको निर्णय गर्ने छ ।
धारा - ८१ टोल समितिको काम, कर्तव्य र अधिकार
टोल समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ ।
१. आफ्नो क्षेत्रभित्रका सदस्यहरूको विवरण राख्ने, मतदाताहरूको विवरण राख्ने, अद्यावधिक गर्ने, मतदाता नामावलीमा नाम थपघट गर्ने ।
२. सबै तहका निर्वाचनको समयमा पार्टीको प्रचार-प्रसार, निर्वाचन तथा मतदानसँग सम्बन्धित कार्य गर्ने र निर्वाचनका समग्र मूल्याङ् कन । समीक्षा गर्ने तथा माथिल्लो निकायमा विवरण पठाउने ।
३ आफ्नो क्षेत्रका जनतासम्ग निरन्तर सम्पर्क र सम्वाद गर्ने तथा आवश्यकताअनुसार सहयोग पुर्‍याउने ।
४. समय समयमा नागरिकहितसँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन गर्ने ।
५. पार्टी हितमा अन्य कार्य गर्ने, गराउने ।
६. माथिल्लो समितिको निर्णय, निर्देशन र पार्टीको नीति प्रतिकूल नहुनेगरी आफ्नो कार्यक्षेत्रमा कार्यान्वयन गर्ने ।
७. राष्ट्र र जनताको हित रक्षाका लागि सङ्घर्ष, आन्दोलन र जनपरिचालनलगायत अन्य कार्यक्रम सञ्चालन गर्ने ।
८. आफ्नो टोलभित्रका जनतालाई पार्टीमा गोलबन्द गर्ने ।
९. अनुशासनको पालना नगर्ने सदस्यलाई कारवाही गर्ने ।
१०. पार्टी विधान, नियमावली, विनियम तथा निर्देशिकामा टोल समितिले गर्ने भनिएको कार्य गर्ने ।
धारा - ८२ टोल समितिका अध्यक्ष र पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार
१. टोल समितिका अध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ ।
(क) टोलमा पार्टीको नेतृत्व गर्ने ।
(ख) माथिल्लो निकायबाट प्राप्त नीति, निर्देशन, टोल समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने ।
(ग) टोल समितिको बैठक बोलाउने ।
(घ) टोल समितिका पदाधिकारीहरूको कार्यविभाजन गर्ने र आवश्यकताअनुसार कार्यविभाजन हेरफेर गर्ने ।
(ङ) टोल समितिका अध्यक्ष आफू आफ्नो कार्यक्षेत्रभन्दा बाहिर गएको अवस्थामा वा आवश्यकताअनुसार उपाध्यक्षलाई कार्यवाहक अध्यक्ष तोक्ने ।
(च) पदाधिकारीहरूको अन्य काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुने ।
२. टोल समितिका उपाध्यक्ष, सचिव, उपसचिव र कोषाध्यक्षको काम, कर्तव्य र अधिकार टोलभित्रको क्षेत्राधिकारमा सिमित रहने गरी वडा समितिका उपाध्यक्ष, सचिव, उपसचिव र कोषाध्यक्षसरह रहने छ ।
धारा- ८३ बुथ समितिको गठन तथा काम, कर्तव्य र अधिकार
१. निर्वाचनसम्बन्धी कामको व्यवस्थापन गर्न पालिका समितिले निर्वाचनका प्रत्येक बुथमा पर्ने टोल, वडा वा पालिका समितिहरूबाट प्रतिनिधित्व हुने गरी प्रत्येक बुथका लागि छुट्टा-छुट्टै बुथ समिति गठन गरी उनीहरूको काम कर्तव्य र अधिकार तोक्ने छ ।
२. बुथ समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ ।
(क) प्रत्येक बुथ समितिले पालिका समितिले तोकेको जिम्मेवारी र बुथ समितिले गरेका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने ।
(ख) बुथ समितिले आफ्ना बुथमा पर्ने सम्पूर्ण मतदाताहरूको तथ्याङ् क सङ् कलन गर्ने, निर्वाचनको समयमा आफ्नो पार्टी र पार्टी उम्मेदवारको पक्षमा मतदान गराउन पहल गर्ने ।
(ग) बुथ समिति गठन गरेपछि सोको जानकारी पालिका समितिले जिल्ला समितिमा पठाउने ।
(घ) तोकिएका अन्य कार्यहरू गर्ने, गराउने ।
परिच्छेद- १२
निर्वा चन, मनोनयन, पदरिक्तता र पदपूर्ति
धारा - ८४ निर्वाचन विधि
१. समन्वय समिति र तदर्थ समितिबाहेक पार्टीका सबै तहका समितिहरू महाधिवशेन वा अधिवेशनबाट निर्वाचित हुने छन् ।
२. लोकतान्त्रिक विधिअनुरूप राष्ट्रिय महाधिवेशन वा अधिवेशनबाट पार्टीका विभिन्न समिति वा निकायका पदाधिकारीहरू निर्वाचित हुने छन् ।
३. निर्वाचनसम्बन्धी व्यवस्था केन्द्रीय निर्वाचन आयोगबाट तयार गरिएको निर्वाचन नियमावलीबमोजिम हुने छ, प्रदेश निर्वाचन आयोगले पनि यसै नियमावलीअनुरूप कार्य गर्ने छ ।
४. सबै तहका पार्टी समिति, महाधिवेशन वा अधिवेशन प्रतिनिधिहरूको निर्वाचनका लागि आमरूपमा भूगोल, खुला र समावेशी गरी तीन क्षेत्र तोकिने छन् ।
५. सबै तहका निर्वाचित पार्टी समितिहरू, प्रादेशिक र स्थानीय विषेशताअनुरूप जातीय/समुदायिक रूपले समावेशी चरित्रको रहनेछन् र युवा तथा दलितको सहभागीतामा उचित ध्यान दिनुपर्ने छ ।
६. महिला प्रतिनिधित्वको स्वरूप पनि भूगोल र जातीय/सामुदायिकरूपले समावेशी चरित्रको हुनुपर्ने छ । न्यूनतम् योग्यता र मापदण्ड नपुगेको अवस्थामा भने महिला सदस्यहरूको स्थान खाली रहने छ ।
७. पार्टी समितिहरूमा प्रादेशिक र स्थानीय विशेषताअनुरूप मधेसी, आदिवासी जनजाति, खस, दलित, मुस्लिम, अल्पसङ्ख्यक समुदाय, पिछडावर्ग, थारू आदिको यथासम्भव प्रतिनिधित्व हुने छ ।
८. राष्ट्रिय महाधिवेशनबाट केन्द्रीय समिति तथा आयोगका पदाधिकारी र सदस्यहरूको निर्वाचन गर्न महाधिवेशन हलबाट निर्वाचन समितिको चयन गरिने छ ।
९. प्रदेश/राष्ट्रिय समिति, प्रदेश आयोगका पदाधिकारी एवम् सदस्यहरू र जनवर्गीय सङ्गठनका केन्द्रीय पदाधिकारी एवम् सदस्यहरूको निर्वाचन केन्द्रीय निर्वाचन आयोगले गराउने छ ।
१०. पार्टीका जिल्ला तथा पालिका समितिका पदाधिकारी एवम् सदस्यहरू, पार्टी सम्वद्ध जनवर्गीय सङ्गठनका प्रदेश तथा जिल्ला पदाधिकारी एवम् सदस्यहरूको निर्वाचन प्रदेश निर्वाचन आयोगले गर्ने छ ।
११. पार्टी सम्पूर्ण निर्वाचन, लो कतान्त्रिक प्रणाली, विधि, प्रक्रिया, मूल्य र मान्यताअनुरूप गरिने छ ।
धारा - ८५ उम्मेदवार हुन आवश्यक योग्यता
राष्ट्रिय महाधिवेशन र अधिवेशन वा कुनै पनि पार्टी समितिको पदाधिकारी वा सदस्य पदको उम्मेदवार हुन देहायबमोजिमको न्यूनतम योग्यता पूरा भएको हुनुपर्ने छ ।
१. राष्ट्रिय महाधिवे शनमा प्रतिनिधि चुनिनका लागि कम्तीमा १० वर्ष सङ्गठित पार्टी सदस्य भएर काम गरेको हुनुपर्ने छ । तर, जातीय/सामुदायिक समावेशी र महिलाको हकमा ७ वर्ष सङ्गठित पार्टी सदस्य भई काम गरेको भए योग्य ठहरिने छ ।
२. केन्द्रीय समितिको पदाधिकारीका लागि उम्मेदवार हुन केन्द्रीय समितिको सदस्य वा प्रदेश/राष्ट्रिय समितिको अध्यक्ष भई कम्तीमा पाँच वर्ष काम गरेको हुनुपर्ने छ ।
३. केन्द्रीय समितिको सदस्यको उम्मेदवार हुनका लागि सङ् गठित पार्टी सदस्य भई कम्तीमा १० वर्ष पार्टी सदस्य भएर केन्द्रीय समिति वा केन्द्रीय निकाय वा प्रदेश/राष्ट्रिय समितिको सदस्य वा केन्द्रीय विभागको सदस्य वा जिल्ला समितिको पदाधिकारी वा जनवर्गीय सङ् गठनको केन्द्रीय पदाधिकारी भई एक कार्यकाल वा लगातार पाँच वर्ष सम्म काम गरेको हुनुपर्ने छ ।
४. महिला, दलित, श्रमिक, मधेसी, आदिवासी जनजाति, थारू, मुस्लीम र अपाङ्गता भएका व्यक्तिको हकमा भने लगातार पाँच वर्ष वा एक कार्यकाल जिल्ला समिति वा प्रदेश/राष्ट्रिय समिति वा जनवर्गीय सङ् गठनका केन्द्रीय समितिका पदाधिकारी भई काम गरेको भए पुग्ने छ ।
५. केन्द्रीय अनुशासन आयोगको पदाधिकारी र सदस्य हुन केन्द्रीय समितिको सदस्यको योग्यता पुगेको र अनुशासनको कारवाहीमा नपरेको हुनुपर्ने छ ।
६. केन्द्रीय समितिको सदस्यको योग्यता पुगेको र आर्थिक प्र शासन तथा लेखा परीक्षणका विषयमा व्यवहारिक ज्ञान भएको व्यक्ति केन्द्रीय लेखा परिक्षण आयोगका पदाधिकारी र सदस्यका लागि योग्य हुने छ ।
७. निर्वाचनसम्बन्धी कानूनी तथा व्यवहारिक ज्ञान भएको केन्द्रीय समिति सदस्यको योग्यता पुगेको व्यक्ति केन्द्रीय निर्वाचन आयोगको पदाधिकारी एवम् सदस्यका लागि योग्य हुने छ ।
८. प्रदेश/राष्ट्रिय समितिको सदस्य हुन कम्तीमा पाँच वर्ष सङ् गठित पार्टी सदस्य भई काम गरेको र जिल्ला वा सोभन्दा माथिल्लो समिति वा प्रादेशिक विभागको सदस्य वा जनवर्गीय सङ्गठनको प्रदेश पदाधिकारी भई काम गरेको हुनुपर्ने छ । महिला र दलितको हकमा सङ्गठित पार्टी सदस्य भई कुनै पनि पार्टी सङ्गठन र जिल्ला समिति वा प्रदेश वा सोभन्दा माथिल्लो विभाग वा जनवर्गीय सङ् गठनमा कम्तीमा पाँच वर्ष काम गरेको हुनुपर्ने छ ।
९. केन्द्रीय विभागको सदस्य हुन कम्तीमा जिल्ला समितिमा एक कार्यकाल काम गरेको वा प्रदेश सदस्यको योग्यता पुगेको वा सम्बन्धित विषयको विज्ञ हुनुपर्ने छ ।
१०. जिल्ला समिति र जिल्ला समितिका मातहतका समिति, निकाय वा विभागको पदाधिकारी तथा सदस्य पदका लागि उम्मेदवार हुन जिल्ला अधिवेशन वा जिल्ला समितिले तोकेबमोजिमको योग्यता हुनुपर्ने छ ।
११. पार्टीको पदाधिकारी वा सदस्य पदमा निर्वाचनका लागि उम्मेदवारी दिंदा वा निर्वाचित भएपछि निर्वाचित व्यक्तिको योग्यता पुरा भएको छैन भनी उजुरी वा निवेदन परेमा सम्बन्धित समितिले छानबिन गर्दा न्यूनतम् योग्यता पुरा नभएको ठहरिएमा निज पदबाट मुक्त हुने छ ।
१२. अन्य पार्टी परित्याग गरी पार्टीमा प्रवेश गरेका व्यक्तिको हकमा पहिलो पटकका लागि महाधिवेशन वा अधिवेशनको प्रतिनिधि हुन कुनै पनि समिति र निकायको पदका लागि पार्टी सदस्यताको अवधिसम्बन्धी बाध्यात्मक व्यवस्था लागु हुने छैन ।
धारा - ८६ एउटै पदमा लगातार दुई कार्यकाल उम्मेदवार हुन नपाउने
पार्टीको निर्वाचित जिल्ला समिति, प्रदेश/राष्ट्रिय समिति र केन्द्रीय समितिको पदाधिकारीको हैसियतमा कार्यरत एउटै व्यक्ति, एउटै तह र एउटै पदमा लगातार दुई कार्यकाल वा १० वर्षभन्दा बढी कार्य पूरा गरी सकेको भए सोही पदका लागि पुन: उम्मेदवार हुन पाउने छैन ।

क्रमश:...

संक्षिप्त समाचार

मधेश प्रदेश सांसद यादवको निधन

जनकपुरधाम । मधेश प्रदेश सांसद विन्दुकुमारी यादवको ४४ वर्षको उमेरमा मंगलबार बिहान ८:३० बजे निधन भएको छ । उनी जनता समाजवादी पार्टी नेपालका केन्द्रीय सदस्य पनि थिइन् । उनी यादव समानुपातिक सांसद थिइन् । पाठेघरको मुखको क्यान्सरबाट दुई वर्षदेखि पीडित यादव १० दिनदेखि प्रादेशिक अस्पताल जनकपुरको आइसियुमा उपचाररत थिइन् । प्रादेशिक अस्पताल जनकपुरका निर्देशक एवम स्त्री तथा प्रसुति रोग विशेषज्ञ डा. रामनरेश पण्डितले उनको मंगलबार बिहान निधन भएको जानकारी दिएका छन् ।

चिनियाँ राजदूतविरुद्ध विरोध प्रदर्शन

काठमाडौं । नेपालका लागि चिनियाँ राजदूतको अभिव्यक्तिप्रति विरोध जनाउँदै लोकतान्त्रिक विद्यार्थी संघले विरोध प्रदर्शन गरेको छ । लोकतान्त्रिक समाजवादी पार्टी नेपालको भ्रातृ संगठन रहेको लोविसंघले शनिबार विरोध प्रदर्शन गरेको हो । लोविसंघका अध्यक्ष रोशन मिश्रको नेतृत्वमा निकालिएको विरोध जुलुसमा लोसपाका केन्द्रीय नेताहरु डा.सुरेन्द्र झा, मो.एकवाल अहमद शाह, हिन्दी भाषा अभियानी रमन पाण्डेय, मनिष मिश्र, रामकिशोर सिंहलगायतको सहभागिता रहेको थियो ।

स्रोत नखुलेको रकमसहित कर्मचारी पक्राउ

नेपालगन्ज । नेपालगन्ज विमानस्थलबाट स्रोत नखुलेको २६ लाखसहित कर अधिकृत पक्राउ परेका छन् । नेपालगन्ज विमानस्थलबाट २६ लाखसहित कर अधिकृत पक्राउ पर्नेमा दाङको तुलसिपुरस्थित आन्तरिक राजस्व कार्यालयमा कार्यरत कर अधिकृत खगेन्द्र सापकोटा रहेका छन् । विमानस्थलमा जाँचका क्रममा सापकोटाले बोकेको झोलाबाट स्रोत नखुलेको उक्त रकम बरामद गरिएको जिल्ला प्रहरी कार्यालय बाँकेले जानकारी दिएको छ । कर अधिकृत सापकोटाका साथमा रहेका तुलसिपुरस्थित आन्तरिक राजस्व कार्यालयमै कार्यरत दिपक पौडेल भने फरार भएका छन् । उक्त रकम लिएर सापकोटा श्री एयरलाइन्सको उडानबाट नेपालगन्जदेखि काठमाडौं जाँदै थिए ।

आठ क्विन्टल काजु बरामद

वीरगन्ज । सशस्त्र प्रहरी बल १३ नम्बर गण पर्साबाट खटिएको सशस्त्र प्रहरी टोलीले वीरगञ्ज १० स्थित एक गोदाममा छापामारी आठ क्विन्टल काजु बरामद गरेको छ । सशस्त्र प्रहरीले भन्सार छली भित्र्याइएको आशंकामा विशेष सूचनाको आधारमा सो परिमाणको काजु बरामद गरेको हो । वीरगञ्ज महानगरपालिका -१० ठाकुरराम बहुमुखी क्याम्पस पछाडिको बजरंग टोलको मगनी राउतको घरमा रहेको गोदाममा सोमबार सशस्त्र प्रहरी नायब उपरीक्षक देवेन्द्रबहादुर सिंह र वीरगञ्ज भन्सार कार्यालयका अधिकृत दिपेन्द्र शर्मा पौडेलको नेतृत्वमा खटिएको टोलिले काजु बरामद गरेको छ । बरामद गरिएको काजुको अनुमानित बजारमूल्य ७ लाख २० हजार रुपियाँ रहेको जनाइएको छ ।

१७३ केजी गाँजा बरामद

पर्सा । पकाहामैनपुर गाउँपालिका-१ धोरे बस्ने ५५ वर्षीय माधबलाल महेताको घरबाट अवैध लागूऔषध गाँजा १ सय ७३ केजी ५ सय ग्रामसहित बुधबार दिउँसो प्रहरीले बरामद गरेको छ । उनको घरमा लागूऔषध गाँजा रहेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी धोरेबाट खटिएको प्रहरीले तलासी गर्दा उक्त गाँजा फेला पारी बरामद गरेको हो । हाल फरार महेताको प्रहरीले खोजी गरिरहेको छ ।

ब्राउनसुगरसहित युवक पक्राउ

रूपन्देही । जिल्लाको देवदह नगरपालिका-१० चरङ्गे रम्भाटोल बस्ने ३० वर्षीय सुशिल पुनलाई ब्राउनसुगरसहित पक्राउ गरिएको छ । अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ४ ग्राम ७ सय ९० मिलिग्रामसहित उनलाई शुक्रबार दिउँसो प्रहरीले पक्राउ गरेको हो । विशेष सूचनाको आधारमा वडा प्रहरी कार्यालय बुटवलबाट खटिएको प्रहरीले उनको घर तलासी गर्दा उक्त पदार्थ फेला पारी पक्राउ गरेको जनाएको छ ।

ट्रकमा बस ठोक्किँदा सातको मृत्यु

बाँके । राप्तीसोनारी गाउँपालिका-८ सम्शेरगंजस्थित सडकमा बिग्रिएर रोकि राखेको ट्रकमा बस ठोक्किँदा सात जनाको ज्यान गएको छ । ना.८ ख ६४०५ नम्बरको ट्रकमा दाङबाट कोहलपुरतर्फ जाँदै गरेको ना.७ ख २३२१ नम्बरको बस ठक्कर खाई शुक्रबार राति दुर्घटना हुँदा बसमा सवार बर्दिया ठाकुरबाबा नगरपालिका-९ बस्ने ५० वर्षीय काशिराम थारू समेत ७ जनाको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर गाइते भएका उनीहरूको मेडिकल कलेज कोहलपुरमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । साथै दुर्घटनामा घाइते भएका अन्य ३३ जनालाई उपचारको लागि मेडिकल कलेज कोहलपुर पठाएकोमा ४ जनालाई थप उपचारको लागि नर्सिङ होम नेपालगञ्ज रिफर गरिएको छ भने २ जना उपचार पश्चात डिस्चार्ज भएका छन् । हाल फरार ट्रक चालकको प्रहरीले खोजी गरिरहेको छ ।

करेन्ट लागेर महिलाको मृत्यु

मोरङ । पथरी शनिश्चरे नगरपालिका-६ तितरी भ्याङ बस्ने ५६ वर्षीया शन्तीला भट्टराई लुईटेलको करेन्ट लागेर शनिबार बिहान मृत्यु भएको छ । आफ्नै घर आगाडि कलमा नुहाउने क्रममा पानी तान्ने मोटरको तारबाट करेन्ट लागेर गम्भीर घाइते भएकी उनको नोबेल अस्पताल विराटनगरमा उपचारको क्रममा मृत्यु भएको हो ।

बालिकालाई जबरजस्ती करणी गर्ने पक्राउ

बाँके । १३ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा एक युवक पक्राउ परेका छन् । बैजनाथ गाउँपालिका-८ पिपिरी बस्ने २१ वर्षीय गणेश सुस्लिङ मगरलाई मंगलबार दिउँसो प्रहरीले पक्राउ गरेको हो । मगरले ती बालिकालाई लखेटी फकाई गत आइतबार राति जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा ईलाका प्रहरी कार्यालय धनौलीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

सन्दर्भ : बाल दिवस

बाल अधिकार, बाल दिवसको सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानून

दिपेन्द्र सिंह चौधरी

बाल अधिकार बालबालिकाहरुको मानव अधिकार हो जुन विशेष ध्यान र नाबालिगहरुलाई दिइने हेरचाह को अधिकार मा विशेष ध्यान दिईन्छ, जसमा उनीहरु दुवै आमा बुवा संग सम्बन्ध को अधिकार, मानव पहिचान साथै खाना को लागी आधारभूत आवश्यकताहरु, सार्वभौमिक राज्य भुक्तानी शिक्षा, स्वास्थ्य हेरचाह र आपराधिक कानून हो। बालबालिकाको सामाजिक सुरक्षा, शिक्षा दिक्षा,माया, स्नेह,शान्ति समझदारी,बालमैत्री वातावरण, पोषिलो खानपान नैसर्गिक अधिकार हो। अझै भन्नुपर्दा बाल अधिकार अन्तर्गत बाल बचाउ, बाल विकास, बाल संरक्षण, बाल सहभागिता नै बाल अधिकार हो ।

बाल अधिकार बारे समकालीन विषयमा निकै चर्चा गर्ने गरिएको छ तर मानव अधिकारको क्षेत्र भित्र बाल अधिकारलाई समावेश गर्न धेरै वर्ष लागेको थियो पछिचममा औद्योगिक क्रान्तिको प्रारम्भिक समयमा बालकलाई एउटा सम्पत्तिको रुपमा लिइन्थ्यो। सन् १९२४ मा लिगअफनेशनले पारित गरेको घोषणापत्रमा बालबालिकालाई चोटबाट मुक्ति र अरु भौतिक आवश्यकता बारे उल्लेख गरेको भएतापनि बालअधिकारलाई मानवअधिकारको रुपमा औपचारिक रुपमा सन् १९४८ को विश्व मानव अधिकार घोषणा पत्रले स्वीकारेको थियो। बालअधिकारको बारेमा चर्चा गर्दा बाल अधिकार सम्बन्धी महासन्धि १९८९ लाई महत्वपूर्ण दस्तावेजको रुपमा लिन्छौ' जसले बालबालिकाको अधिकारको संरक्षण र सर्म्वर्धनमा महत्वपूर्ण भूमिका खेलेको छ। नेपालले बालअधिकारसम्बन्धी महासन्धी १९८९ लाई १४ सेप्टेम्बर १९९० मा अनुमोदन गरेर बालबालिकाको विकास, बालअधिकारको संरक्षण र बालसहभागितादस्ता विषयमा आफ्नो अन्तर्राष्ट्रिय प्रतिबद्धता प्रकट गरेको दिनकै अवसरमा नेपालले हरेक वर्ष भदौ २९ गते राष्ट्रिय बाल दिवस मनाउँदै आएको छ ।विक्रम सम्वत २०२१ भाद्र ४ गतेदेखि मनाउन सुरु गरिएको बाल दिवस विक्रम सम्वत २०६३ पछि भाद्र २९ गते मनाउन सुरु गरियो। प्रत्येक वर्ष महत्वपूर्ण नारा सहित महत्वपूर्ण सन्देश दिने र बाल अधिकारको सर्न्दभमा सु-सूचित गराई बाल अधिकार संरक्षण गर्न यस दिवसले महत्वपूर्ण भूमिका खेलेको पाइन्छ।

बाल अधिकारसम्बन्धी महासन्धिका आधारभूत चार सिद्धान्तः

भेदभावरहित सबै बालबालिकालाई विना भेद्भाव, विना पक्षपात सम्पूर्ण अधिकारहरू उपलब्ध गराउन पर्दछ । कुनैपनि बालबालिकालाई निजको वा उसका बाबुआमा, अभिभावकका जाति, लिङ्ग, भाषा, धर्म राजनीतिक वा अन्य आस्था, राष्ट्रिय, जातीय वा सामाजिक उत्पति, सम्पति अशक्ततता, जन्म वा अन्य हैसियतको आधारमा भेदभाव नगरी समान रूपमा सम्मान गर्नुपर्छ ।

बालबालिकाको सर्वोत्तम हितः बालबालिकाहरूका निम्ति गरिने प्रत्येक कार्यहरूमा बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिनुपर्दछ । सार्वजनिक तथा कल्याणकारी संस्थाहरू, अदालत, प्रशासनीक निकाय, विधायिकालगायत सबैले बालबालिकासँग सम्बन्धित काम गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनुपर्छ ।

दीर्घजीवन र विकासः बाँच्न पाउनु बालबालिकाको जन्मसिद्ध अधिकार हो । बालबालिकाको दीर्घजीवन र विकाका निम्ति राज्यले यथासम्भव बढी भन्दा बढी प्रयास गर्नुपर्दछ ।

बालबालिकाको विचार र भावनाको कदरः बालबालिकाहरूसँग सम्बन्धित विषयमा उनीहरूले आफ्नो विचार व्यक्त गर्न पाउनु पर्दछ । बालबालिकाका विचार र भावनाको कदर गर्दै उनीहरूको उमेर र परिपक्वता अनुसार त्यसलाई उचित मान्यता पनि दिनुपर्दछ ।

नेपालले पहिलो पटक बालबालिकासम्बन्धी ऐन २०४८, बालबालिकासम्बन्धी नियमावली २०५१, ल्याये । बालश्रम (निषेध र नियमित गर्ने ऐन, २०५६ तथा बालश्रम निषेध र नियमित गर्ने) नियमावली, २०६२ बनेका छन् । २०६३ सालमा बालन्यायको क्षेत्रमा छुट्टै बालन्याय (कार्यविधि) नियमावली, २०६३ कार्यान्वयनमा ल्याएर बालबालिकाको हितमा कार्य गर्ने जमकों गरेको पाइन्छ । नेपालको अन्तरिम संविधान, २०६३ मा बालबालिकाको हक सम्बन्धमा संवैधानिक व्यवस्था भएको थियो । सो संविधानमा बालकको संरक्षण, सशक्तिकरण वा विकासको लागि कानुनद्वारा विशेष व्यवस्था गर्न सक्ने व्यवस्था गरिएको थियो ।नेपाल सरकारले बालबालिकासम्बन्धी ऐन २०७५ ल्याएको छ । यो ऐन बालबालिकाको क्षेत्रमा पछिल्लो महत्वपूर्ण ऐन हो ।

नेपालको संविधान २०७२ ले पनि बालबालिका को हकलाई प्रत्याभूत गरेको छ। धारा ३९ ले बाल बालबालिकाहरुको मुख्य अधिकारहरुलाई उल्लेख गरेको छ जसमा पहिचान सहित नामाकरण तथा जन्म दर्ताको हक, परिवार तथा राज्यबाट शिक्षा स्वास्थ्य पालनपोषण उचित स्याहार खेलकूद मनोरञ्जन तथा सवाङ्गीण व्यक्तित्व विकासको हक, प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक, बाल विवाह गैह्र कानूनी ओसार पसार तथा अपहरण विरूद्धको हक, शारीरिक मानसिक यौनजन्य वा अन्य कुनै प्रकारको शोषण विरूद्धको हक, घर विद्यालय वा जुनसुकै स्थान र अवस्थामा दिइने शारीरिक मानसिक वा अन्य कुनै किसिमको यातना विरुद्धको हक, बाल अनुकूल न्यायको हक, असहाय, अनाथ, अपांगता भएका, द्वन्द्व पीडित, विस्थापित एवम् जोखिममा रहेका बालबालिकाहरुलाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक र पीडित बालबालिकालाई पीडितबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक आदि रहेका छन्।

विद्यमान अवस्थाः

नेपालले बाल अधिकारसम्बन्धी महासन्धि अनुमोदन गरेको ३० वर्षभएको छ । बालबालिकासम्बन्धी ऐन निर्माण गरेको २८ वर्षभयो । नेपाली बालबालिकाको अवस्थामा के कति सुधार आयो ? यो महत्वपूर्ण सवाल बनेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा बालबालिकाका लागि आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाई लगायत बाल संरक्षणसँग सम्बन्धित विविध विषयगत पक्षहरूमा स्थानीय सरकारका अङ्गहरूले गर्नुपर्ने उल्लेख भए पनि एकाध स्थानीय तहले बाहेक यो व्यवस्थालाई कार्यन्वयनमा ल्याएका छैनन् ।

विश्वमा बालदिवस मनाइरहँदा अन्तर्राष्ट्रिय समुदाय समक्ष नेपालले बाल अधिकारका रक्षा गर्ने सम्बन्धमा प्रतिबद्धता गरेको छ भने देशमा कानुन पनि बनाएको छ । देशभर तीन तहका सरकारले बाल अधिकार रक्षा गर्न विभिन्न संयन्त्र बनाएका छन् । दुःख लाग्दो पक्ष प्रतिबद्धता अनुसार पर्याप्त कार्यन्वयन गर्ने जमकों गरेको छैन । नेपालका ४४ दशमलव ४ प्रतिशत बालबालिका भोलिका देश निर्माणका सम्वाहक हुन् । उनीहरूका पक्षमा लागनी नगर्नु भविष्यको सुन्दर नेपाल बन्नमा बाधा पुग्नु हो । तसर्थ राज्य बालबालिका पक्षमा लगानी गर्न पछि हटुनु हुँदैन ।

(लेखक कानूनका विद्यार्थी एवं लोकतान्त्रिक विद्यार्थी संघ कपिलवस्तुका जिल्ला अध्यक्ष हुन् ।)

चिनियाँ राजदूतको विरूद्धमा काठमाडौं च्याली निकालियो

काठमाडौं । राष्ट्रिय एकता अभियानले नेपालका लागि चिनियाँ राजदूत चेङ सोडको विरूद्धमा नाराबाजी गर्दै काठमाडौमा च्याली निकालेको छ ।

प्रदर्शनकारीले चिनियाँ राजदूतलाई फिर्ता गर, चिनियाँ बिस्तारवाद मुर्दाबाद, आन्तरिक मामिलामा हस्तक्षेप बन्द गर, ऋणजाल चाहिदैन, देश डुबाउन पाईदैन जस्ता नारा लगाएका थिए । अभियानका केन्द्रीय संयोजक विनय यादवको नेतृत्वमा निकालिएको रैली बबरमहलबाट नयाँ बानेश्वर पुगेर कोणसभामा परिणत भएको थियो ।

संविधानसभा सदस्य एवम अभियानका वरिष्ठ नेता वीपी यादवले चीनले तिब्बत र ताइवानजस्तै नेपाललाई उपनिवेश बनाउन खोजेको आरोप लगाए ।

उनले नेपाल-चीन सम्बन्ध बढाउनु भन्दा पनि नेपाललाई कसरी ऋणको जालमा फसाउने भन्ने विषयमा चिनियाँ राजदूत बढी सक्रिय रहेको आरोप लगाए । चिनियाँ राजदूत सोडले नेपाललाई भारतसँगको आर्थिक सम्बन्ध घटाएर चीनसँग थप घनिष्ठ हुन सुझाव दिनु अशोभनीय रहेको बताए। नेता यादवले चिनियाँ राजदूतको भनाइले नेपालको आन्तरिक मामिलामा चीनले हस्तक्षेप गर्दै देशको राष्ट्रिय स्वाधीनतालाई खतरामा पारेको थपे। उनले यस विषयमा नेपाल सरकारले कडा कदम चाल्दै चिनियाँ राजदूतलाई फिर्ता पठाउन माग समेत गरे।

अभियानका महासचिव डा प्रभात कुशवाहाले च्यालीको उद्देश्य चिनियाँ राजदूतको विवादास्पद अभिव्यक्तिको विरोध गर्दै नेपाल सरकारलाई चीनसँगको सम्बन्ध पुनरावलोकन गर्न आग्रह गर्नु रहेको बताए । उनले नेपालले चीनको आर्थिक र राजनीतिक प्रभावबाट जोगिन र भारतसँगको परम्परागत सम्बन्धलाई बलियो बनाउनुपर्ने बताए ।

च्यालीमा सहभागी अन्यले पनि चिनियाँ राजदूतको भनाइको निन्दा गर्दै उनलाई फिर्ता पठाउन नेपाल सरकारसँग माग गरेका थिए । उनीहरूले चीनले नेपाललाई उपनिवेश बनाउने र देशको स्वाधीनतालाई खतरामा पार्न खोजेको बताए । रैलीमा अभियानको महिला संयोजक रीता साह, मधेश सम्पर्क समिती काठमाडौंका संयोजक विनोद सिंह, सल्लाहकार जयनारायण यादव, अभियानका युवा नेता धीरज गिरी, राष्ट्रिय विद्यार्थी परिषदका महार्दाचिव पप्पु यादव, अभियानीहरू सूजन यादव, गणेशकुमार सिंह, चन्द्रमोहन सिंह लगायत सहभागी भए।

चिनियाँ राजदूत चेन सोडले सेप्टेम्बर ३, २०२३ मा एक सम्बोधनको क्रममा नेपालले भारतसँगको आर्थिक सम्बन्धलाई घटाएर चीनसँग थप घनिष्ट सम्बन्ध राख्न आवश्यक रहेको बताएका थिए। उनले नेपालले भारतसँगको व्यापार घाटा भोग्दै आएको र यसको उत्पादन क्षेत्र संकुचित हुँदै गएको बताए । उनले चीनबाट नेपालले आर्थिक विकासको पाठ सिक्नुपर्ने बताए ।

चेडको भनाइको नेपालमा चौतर्फी आलोचना भईरहेको छ । धेरैले उनलाई नेपालको आन्तरिक मामिलामा हस्तक्षेप गरेको र देशको स्वाधीनतालाई खतरामा पारेको आरोप लगाएका छन् ।

चिनियाँ राजदूतलाई तत्काल फिर्ता पठाउन लोविसंघको माग

काठमाडौं । नेपालका लागि चिनियाँ राजदूत छन् सोडले नेपाल-भारत व्यापार सम्बन्धबारे दिएको अभिव्यक्तिप्रति लोकतान्त्रिक विद्यार्थी संघले आपत्ति जनाएको छ ।

लोकतान्त्रिक समाजवादी पार्टी नेपाल निकट लोविसंघका अध्यक्ष रोशन कुमार मिश्रले शुक्रबार एक विज्ञप्ति जारी गरी चिनियाँ राजदूतलाई तत्काल फिर्ता पठाउने प्रक्रिया कुटनीतिक पहल गर्न सरकारसँग माग गरेका छन् ।

अध्यक्ष मिश्रले विज्ञप्तिमा भनेका छन्, 'चिनियाँ राजदूतद्वारा हाम्रो राष्ट्रिय स्वाधीनता माथि प्रहार गरी दिइएको कुटनीतिक मर्यादा विपरीतको अभिव्यक्तिप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । हाम्रो देशको असंलग्न परराष्ट्र नीति रहेकोले हामी कुनै पनि देशको आन्तरिक मामिलामा हस्तक्षेप गर्दैनौं र कुनै पनि देशबाट हामी माथी हुने कुनै पनि प्रकारको हस्तक्षेप सहन गर्न सक्दैनौं ।'

'नेपाली जनता आफ्नो हित अहितको खयाल राख्न आफै सक्षम छ । एकाइसौं शताब्दीमा कुनै पनि देशले कसैको सार्वभौमसत्ता माथी प्रहार गर्नु भनेको राष्ट्र संघको मान्यता विपरीत हो । नेपाल र नेपाली जनताले कुन देशसँग कस्तो सम्बन्ध राख्ने हाम्रो विवेक माथी भर पर्ने कुरा हो ।' उनले भनेका छन् ।

तसर्थ नेपाल सरकारले चिनियाँ राजदूतलाई तत्काल फिर्ता पठाउने प्रकृयाको कुटनीतिक पहल गर्न माग गरेका छन् । साथै आम स्वाभिमानी नेपालीलाई चिनियाँ हस्तक्षेपको खुलेर विरोध गर्न अध्यक्ष मिश्रले आह्वान गरेका छन् ।

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ त्यसबाट हुने फाइदा लिऔ।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाब नगरौं र खुला दिसापिसाब मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर बरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

वीरगन्ज महानगरपालिका
पर्सा, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ त्यसबाट हुने फाइदा लिऔ।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाब नगरौं र खुला दिसापिसाब मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर बरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

मटिहानी नगरपालिका
महोत्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

'व्यक्तिगत घटना दर्ता गरौ त्यसबाट हुने फाइदा लिऔ।'

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । 'कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।'
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाब नगरौं र खुला दिसापिसाब मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैंगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर बरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

छिन्नमस्ता गाउँपालिका
सप्तरी, मधेश प्रदेश

विश्व परिवेश

नयाँदिल्लीमा सम्पन्न जी २० सम्मेलनको घोषणापत्र जारी

काठमाडौं । भारतको नयाँदिल्लीमा आयोजित जी-२० सम्मेलनमा सहभागीहरु नयाँदिल्ली लिडर्स घोषणापत्रमा सहमत भएका छन् । सम्मेलनले भारत-मध्यपूर्व-युरोप आर्थिक करिडोर घोषणासमेत गरेको छ । यसले चीनको बीआरआई परियोजनालाई चुनौती दिने ठानिएको छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले भारत, मध्यपूर्व र युरोपलाई जोड्ने आर्थिक करिडोरको काम छिट्टै सुरु हुने बताएका छन् । यसअन्तर्गत सन्चार र भौतिक पूर्वाधारका काम हुने छन् ।

अमेरिकी राष्ट्रपति जो बाइडन, साउदी अरबका क्राउन प्रिन्स मोहम्मद बिन सलमान र युरोपियन कमिसनका प्रमुख उर्सला वान डेर लियेनको उपस्थितिमा आर्थिक करिडोर घोषणा गर्दै मोदीले भनेका छन्, 'यसले पूरै विश्वलाई कनेक्टिभिटी र विकासको लागि दिगो बाटो देखाउने छ । बलियो सन्चार र भौतिक पूर्वाधार मानव सभ्यताको विकासको मूल आधार हो ।' यसअन्तर्गत निर्माण हुने रेलवे मार्गबाट भारत र युरोपबीचको व्यापार सहज र छिटो हुने अपेक्षा छ ।

घोषणापत्र जारी

रुस र चीनका राष्ट्रप्रमुख सहभागी नभएको यो सम्मेलनले नयाँदिल्ली लिडर्स घोषणा पत्रसमेत जारी गरेको छ । यस्तो घोषणा जारी गर्नेमा शंका व्यक्त भइरहेको थियो । सम्मेलनमा रुसी विदेशमन्त्री र चिनियाँ प्रधानमन्त्री सहभागी थिए । उनीहरुलाई नचिह्नयाउने गरी रुस-स्युक्रेन युद्धबारे नरम भाषा प्रयोग गरी घोषणा पत्रमा सबै देशलाई सहमत गराउन भारत सफल

भएको भारतीय मिडियाहरुले उल्लेख गरेका छन् ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी आफैंले नयाँदिल्ली लिडर्स घोषणा पत्रमा सहमति भएको र यसबाट इतिहास रचेको जानकारी दिएका छन् । उनले भनेका छन्, 'हाम्रो टिमको कडा परिश्रम र तपाईहरु सबैको सहयोगबाट नयाँदिल्ली जी-२० लिडर्स घोषणा पत्रमा सहमती जुटेको छ । यो सहमतिसँगै नयाँ इतिहास रचिएको छ ।'

उनले सामाजिक सन्जालमा थप लेखेका छन्, 'सर्वसम्मति र मानोभावनाका साथ हामी एकजुट भएर राम्रो, अधिक समृद्ध र समन्वय भविष्यका लागि सहयोगका साथ काम गर्ने संकल्प गर्दछौं ।'

यसअघि युरोपेली मुलक र अमेरिकाले युक्रेनविरुद्ध आक्रमण गरेको भन्दै रुसको कडा आलोचना गर्नुपर्ने लबिइड्ड गरेका थिए । त्यसो हुँदा सम्मेलनमा सहभागी रुस चिढिने र यही कारण संयुक्त घोषणा पत्र जारी नहुने खतरा थियो । यही जोखिमका कारण मध्यमार्गी बाटो पहिल्याएको र घोषणापत्र स्वीकार गर्न बैठकमा गरिएको प्रस्तावलाई सहभागी सबै सदस्य राष्ट्रहरुले समर्थन गरेको बताइएको छ ।

घोषणा पत्रमा युक्रेनमा युद्धको सम्बन्धमा बालीमा भएको चर्चालाई दोहोऱ्याइएको छ । साथै रुसको नाम नलिई कुनै देशविरुद्ध परमाणु हतियारको धम्की वा त्यसको प्रयोग अस्वीकार्य हुने घोषणापत्रमा उल्लेख छ । घोषणापत्रमा लेखिएको छ, 'कुनै देशको क्षेत्रीय अखण्डता, सम्प्रभूता या राजनीतिक स्वतन्त्रताविरुद्ध बल उपयोगबाट जोगिनु पर्ने र परमाणु हतियारको प्रयोग वा प्रयोग गर्ने धम्की अस्वीकार्य छ ।' अहिलेको युग युद्धको नभएको भन्दै संयुक्त राष्ट्र संघको बडापत्रको सिद्धान्त अनुरुप काम गर्नेसमेत घोषणापत्रमा उल्लेख छ ।

अब अफ्रिकन युनियन पनि सदस्य

जी-२० मा विश्वका शक्तिशाली अर्थतन्त्र भएका देशहरुको समूह हो । नयाँदिल्ली सम्मेलनबाट अफ्रिकन युनियनलेसमेत यसको स्थायी सदस्यता पाएको छ । यसअघि जी-२० मा १९ देश र एक युरोपेली युनियन सदस्य थिए । अफ्रिकन युनियनसमेत थपिएपछि अब जी-२० मा १९ देश र दुई युनियन सदस्य बनेका छन् ।

जी-२० मा अर्जेन्टिना, अस्ट्रेलिया, ब्राजिल, क्यानडा, चीन, फ्रान्स, जर्मनी, भारत, इन्डोनेसिया, इटली, जापान, दक्षिण कोरिया, मेक्सिको, रुस, साउदी अरब, दक्षिण अफ्रिका, टर्की, बेलायत र अमेरिका सदस्य छन् ।

यद्यपि सम्मेलनमा ३० भन्दा धेरै राष्ट्राध्यक्ष, शीर्ष नेताहरु र १४ अन्तर्राष्ट्रिय संगठनका प्रमुखहरु समेत सहभागी थिए । उनीहरु आजबाट स्वदेश फर्किने क्रम सुरु भएको छ ।

चिनियाँ राजदूतलाई 'पर्सना नन ग्राटा' घोषणा गर्न माग

काठमाडौं । राष्ट्रिय एकता अभियानले नेपालका लागि चीनका राजदूत छन सडलाई 'पर्सना नन ग्राटा' घोषणा गर्न माग गरेको छ । अभियानले आइतबार परराष्ट्रमन्त्री एनपी साउदलाई ज्ञापन पत्र बुझाउँदै यस्तो माग गरेको हो ।

केही दिन अगाडि राजदुत छन सडले एक भाषणमा भारतसँग नेपालको सम्बन्धको आलोचना गरेको विषय स्मरण गराउँदै यस्ता गैरकुटनीतिक अभिव्यक्ति दिने राजदुतलाई फिर्ता पठाउनु पर्ने ज्ञापन पत्रमा माग गरिएको छ।

भारतसँगको व्यापारमा घाटा भइरहेकाले नेपालले चीनसँग व्यापार बिस्तार गर्नुपर्ने उनको भनाई नितान्त गैर-कुटनीतिक भएको भन्दै अभियानले राजदुत छन सडलाई 'पर्सना नन ग्राटा' घोषणा गर्नुपर्ने माग गरेको हो ।

यो एउटा कूटनीतिक शब्दावली हो । जसअनुसार कुनै पनि देशको राष्ट्र वा सरकार प्रमुखले आफ्नो देशको कुनै राजदूतलाई 'पर्सना नन ग्राटा' घोषणा गरेपछि उ सम्बन्धित देशको दूतावासमा अयोग्य ठहर्छ ।

चिनियाँ राजदुतले केही दिनअघि नेपालले आफ्नो अर्थतन्त्रलाई कसरी विकास गर्ने भनेर चीनबाट सिक्नुपर्ने समेत बताएका थिए।

'भारतसँगको उर्जा व्यापार सम्भौतालाई नेपाल सरकारले उल्लेखनिय उपलब्धि मानेको छ। र नेपाल-भारत विद्युत व्यापारको बिस्तार नेपालको घोषित नीति हो' ज्ञापन पत्रमा भनिएको छ- 'राजदूत छनको त्यो भनाइ नेपाल सरकारको नीतीको ठाडो विरोध मात्र होइन, सामान्य कूटनीतिक शिष्टाचारको उल्लङ्घन पनि हो।'

चिनियाँ राजदूतको भनाई नेपालको आन्तरिक मामिलामा गरिएको कडा र अशोभनिय टिप्पणी भएको अभियानले जनाएको छ। नेपालले चीन र भारत दुबैसंगको सम्बन्ध सन्तुलनमा ल्याउने प्रयास गरिरहेको बेला आएको यस्तो अभिव्यक्तिका विषयमा नेपाल सरकारले कुनै प्रतिक्रिया नदिनु रहस्यमय भएको पनि ज्ञापन पत्रमा उल्लेख छ।

राजदूत छनको भनाइले नेपाल र चीनबीचको सम्बन्ध बिग्रिएको भन्दै यसले नेपाललाई चीनसँग आर्थिक र अन्य विषयमा सहकार्य गर्न पनि गाह्रो भएको जनाईएको छ ।

'तसर्थ राजदूत छनलाई पर्सना नन ग्राटा घोषणा गरी चीन फिर्ता पठाउन नेपाल सरकारलाई आग्रह गर्दछौं । यसले चीनलाई नेपालले आफ्नो आन्तरिक मामिलामा हस्तक्षेप सहने छैन भन्ने सन्देश दिनेछ ।' अभियानका अध्यक्ष विनय यादवद्वारा हस्ताक्षरित ज्ञापन पत्रमा भनिएको छ।

ज्ञापन पत्र बुझाउन अध्यक्ष यादव, वरिष्ठ नेता बिपी यादव, महासचिव डा. प्रभात कुशवाहा, महिला संयोजक रीता साह, मधेश सम्पर्क समिति काठमाण्डौंका संयोजक बिनोद सिंह, सल्लाहकार जयनारायण यादव, युवा प्रमुख दिवस पटेल, धीरज गिरी, विद्यार्थी परिषदका महासचिव पप्पू यादव, केन्द्रीय सदस्य चन्द्र यदुवंशी, अभियन्ता गणेश कुमार सिंहलगायत मन्त्रालयमा पुगेका थिए।

'भ्रष्टाचार विरोधी अभियानले प्रतिगामीको सात्तो उड्यो'

हेटौंडा । प्रधानमन्त्री तथा नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) ले सरकारले सुरु गरेको नयाँ अभियानले हिजो सत्तामा हुँदा देश र जनताप्रति गद्दारी गर्नेहरुको सात्तो गएको बताएका छन् ।

समाजवादी मोर्चाले बागमती प्रदेशअन्तर्गत आइतबार हेटौंडामा आयोजना गरेको सन्देश सभालाई सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्डले सरकारले सुरु गरेको भ्रष्टाचारविरुद्धको अभियानले प्रतिगामीहरुको सात्तो उडेको बताएका हुन् । यसपटक सरकारको नेतृत्व गरिरहँदा देश र जनताको पक्षमा देखिनेगरी काम सुरु गर्ने आफ्नो योजना अनुरुप भ्रष्टाचारविरुद्ध निर्मम भएर काम गरिरहेको प्रधानमन्त्री प्रचण्डले उल्लेख गरे ।

उनले सरकार भ्रष्टाचारलाई निर्मुल पार्न, सामाजिक न्याय र सुशासन कायम गर्न कुनैपनि मूल्य चुकाउन तयार रहेको प्रष्ट पारे । हिजो कुशासन चलाउनेहरु अहिले सरकारले सुरु गरेको अभियानबाट आतिएर सरकारविरुद्ध षड्यन्त्र र घेराबन्दी सुरु गरिरहेको प्रधानमन्त्री प्रचण्डले उल्लेख गरे ।

सरकारको अभियानबाट आतिएका प्रतिक्रियावादीहरुले विभिन्न नाममा एकजुट भएर अहिले विस्तृत शान्तिसम्झौताको भावना र संविधानको मर्म विपरीत सरकारविरुद्ध सबै खाले षड्यन्त्र र तानाबाना बुन्न तल्लिन रहेको प्रधानमन्त्री प्रचण्डले बताए ।

'सरकारले जसरी एकपछि अर्को भ्रष्टाचारका काण्डहरु खोल्दै गएको एकाथरीलाई मन परेको छैन् । उनीहरु सरकारविरुद्ध लागेका छन् । हिजो अनेकन भ्रष्टाचारका काण्ड मच्चाउनेहरु एकजुट भएर सरकारविरुद्ध लागेका छन् । कुनै पनि षड्यन्त्र, गुटबन्दी र धम्कीले सरकार अभियानबाट पछि हड्दैन् । यसलाई अझै सशक्त ढंगबाट लगिने छ,'- प्रधानमन्त्री प्रचण्डले भने ।

जिल्ला समाचार

कोशी प्रदेशको मुख्यमन्त्रीमा कार्की नियुक्त

विराटनगर । कोशी प्रदेशको मुख्यमन्त्रीमा नेकपा एमालेका संसदीय दलका नेता हिक्मत कुमार कार्की नियुक्त भएका छन् । प्रदेश प्रमुख परशुराम खापुड्ले प्रदेश प्रमुखको कार्यालय, विराटनगरमा नेपालको संविधानको धारा १६८ को उपधारा (३) बमोजिम कोशी प्रदेश सभाका सदस्य कार्कीलाई प्रदेश सरकारको मुख्यमन्त्री पदमा नियुक्त गरी पद तथा गोपनियताको शपथ गराएका हुन् । त्यसैगरी मुख्यमन्त्री कुमार कार्कीको सिफारिसमा नेपालको संविधानको धारा १६८ को उपधारा (९) बमोजिम मन्त्रीपरिषद् गठन भई कार्यविभाजन पनि गरेका छन् । कार्यविभाजन अनुसार हिक्मत कुमार कार्की मुख्यमन्त्री, आर्थिक मामिला तथा योजना मन्त्री, आन्तरिक मामिला तथा कानुन मन्त्रालय, सामाजिक विकास मन्त्रालय, तिलकुमार मेत्याङ्बो मन्त्री खानेपानी, सिंचाइ तथा ऊर्जा, स्वास्थ्य, पंचकर्ण राई मन्त्री पर्यटन, वन तथा वातावरण मन्त्रालय, भुमि व्यवस्था तथा सहकारी मन्त्रालय, एकराज कार्की मन्त्री भौतिक पूर्वाधार विकास मन्त्रालय र सृजना राई राज्यमन्त्री सामाजिक विकास रहेका छन् । मन्त्रीहरूलाई प्रदेश प्रमुखबाट र राज्यमन्त्रीलाई मुख्यमन्त्रीबाट पद तथा गोपनियताको शपथ ग्रहण भएको छ ।

सहयोगको रकममा अनियमितताको आरोप

प्रेमचन्द्र झा, रौतहट । नेपाल सरकारले कोरोना पीडित जनतालाई सहयोग गर्न दिएको अनुदान रकममा अनियमितता भएको स्थानीयले आरोप लगाएका छन् । परोहा नगरपालिकाले २ वर्ष आगाडि कोरोना पीडितलाई सहयोग रकम वितरण गर्न एक सहकारी संस्थालाई दिएपनि हालसम्म सबै जनालाई वितरण नगरे पछि अनियमितता नै भएको दावी गरेका छन् । नेकपा माओवादीका नेता तथा परोहा नपा वडा नम्बर ४ का वडा प्रत्यासी अमिन्द्र यादवले दिएको जानकारी अनुसार पालिकामा क वर्गको प्रभु बैक परोहा शाखा हुँदाहुँदै पनि कखापाखा गर्ने मनलाग्दी गर्ने नियतले पुजनिय सहकारी संस्थाको खातामा रकम पठाई नगर प्रमुख शेख बकिलले नियतवश भ्रष्टाचार गर्न खोजेको आरोप लगाएका छन् । नगरप्रमुख शेख बकिल र पुजनिय सहकारी संस्थाले रकम हिनामिना गर्न खोजेको आरोप लगाउँदै स्थानीय युवा इन्जिनियर सतेन्द्र प्रसाद यादवले बुधवारसम्म सबै कोरोना पीडितलाई रकम वितरण नगरे नगरपालिका घेराउ गर्ने सामाजिक सञ्जाल मार्फत चेतावनी समेत दिएका छन् । नगरप्रमुख शेख बकिल र पुजनिय सहकारी संस्थालाई कोरोना पीडित जनताका लागि आएको सहयोग समयमा वितरण गर्नु पर्दछ नियत भएको भए २ वर्षदेखि पबकै रोकेर राख्दैन थिए नेता यादवले बताए । परोहा नगरपालिकालाई नेपाल सरकारले कोरोना पीडितलाई सहयोग गर्न सशर्त अनुदान शिर्षकमा ९० लाख रुपैयाँ पठाएको र रकम फ्रिज नहोस् भनी सहकारी संस्थाको खाता रकम पठाउन लगाएको नगर प्रमुख शेख बकिलले बताए । सबै वडामा रकम वितरण भइरहेको दावी गर्दै अब ३० लाख रुपैयाँ मात्र वितरण गर्न बाँकी रहेको बताए । वडाको सिफारिसमा नगरपालिकले उक्त रकम वितरण गर्न निकै कठिनाई भएको र चुनाव विचमा परेका कारण पनि आफूले बदनाम हुने डरले केही समय रकम रोकेर राखेको नगर प्रमुख शेख बकिलले स्वीकार गरेका छन् ।

नेकपा एसका केन्द्रीय सदस्य आजपामा प्रवेश

विराटनगर । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का केन्द्रीय सदस्य भानुभक्त कोईराला आम जनता पार्टी (आजपा) मा प्रवेश गरेका छन् । कोईरालालाई आजपा अध्यक्ष प्रभु साहले पार्टीमा स्वागत गर्दै शुभकामना व्यक्त गरेका छन् । विराटनगरमा आजपाको कोशी प्रदेश स्तरीय बैठकको अवसरमा कोईराला एकीकृत समाजवादी पार्टी परित्याग गरी आजपामा प्रवेश गरेका हुन् । आजपा प्रवेश गर्दै कोईरालाले मुलुकको शासन व्यवस्थामा आम जनताको नेतृत्व हुनुपर्ने र समृद्ध मुलुक निर्माणका लागि आजपा नै उपयुक्त पार्टी भएको बताए । 'मुलुकलाई समृद्ध बनाउँन अहिलेका राजनीतिक दल र नेताहरु असफल भइसकेका छन् । शासन व्यवस्थामा आम जनताको नेतृत्व हुनुपर्छ, त्यसका लागि आजपा नै उपयुक्त पार्टी हो । प्रभु साहजीको नेतृत्वमा समृद्ध मुलुक निर्माण गर्न हामी एकजुट भएर अगाडी बढनुको बिकल्प छैन, त्यसैले म आजपा पार्टीमा प्रवेश गरेको छु। आजपाले नै समृद्ध मुलुक निर्माण गर्न सक्छ भन्ने मेरो विश्वास छ' आजपा प्रवेश गर्दै कोईरालाले भने ।

फरार प्रतिवादीहरू पक्राउ

कपिलवस्तु । कपिलवस्तु प्रहरीले चार जना फरार प्रतिवादीलाई पक्राउ गरेको छ । जिल्लाका विभिन्न स्थानबाट उनीहरूलाई पक्राउ गरेको प्रहरीले जनाएको छ । बडा प्रहरी कार्यालय चन्द्रौटाले लागुऔषध मुद्दामा फरार रहेका शिवराज नगरपालिका ५ बालापुरका गोपी बुढालाई पक्राउ गरेको हो । यसैगरी इलाका प्रहरी कार्यालय बहादुरगन्जले जबरजस्ती करणी मुद्दाका फरार रहेका कृष्णनगर नगरपालिका -८ बहादुरगन्जका राजु यादवलाई पकाउ गरेको छ । वन मुद्दामा फरार प्रतिवादी हरिशचन्द्र थार र सवारी ज्यान मुद्दामा कैद भुक्तान गर्न बाँकी गोविन्दप्रसाद थारुलाई बाणगंगा नगरपालिका -३ सिउटीबाट पकाउ परेको जनाएको छ । पक्राउ पर्ने चार जनालाई कारवाहीका लागि कपिलवस्तु जिल्ला अदालतमा बुझाइएको हो ।

असोज १० गतेदेखि हार्डवेयर एक्सपो हुने

कैलाली । धनगढीमा तेस्रो हार्डवेयर एक्सपो आयोजना हुनेभएको छ । हार्डवेयरको व्यापार प्रवर्धन र विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कम्पनीका उत्पादनको प्रचार-प्रसार गर्ने उद्देश्यका साथ हार्डवेयर एक्सपो आयोजना गर्न लागिएको जनाइएको छ । हार्डवेयर एक्सपो आगामी असोज १० देखि १४ गतेसम्म धनगढीको सौंराइ स्क्वायरमा आयोजना हुने आयोजक कैलाली हार्डवेयर संघले जनाएको छ । हार्डवेयर एक्सपोमा स्वदेशी तथा विदेशी कम्पनीको उत्पादन बारेमा विस्तृत जानकारी दिने बताइएको छ । प्रदर्शनीमा निर्माणका लागि चाहिने सरिया, सिमेन्ट, सेक्सन, जिआई तार, सेनेट्री टायल्स तथा होम डेकोरका लागि चाहिने सबै सामानहरू राखिनेछ । यी वस्तुहरूको गुणस्तर र मूल्यबारेमा प्राविधिक पक्ष हेर्ने इन्जिनियर, आर्किटेक्ट्स, इन्टेरियर डिजाइनरले अवलोकनकर्तालाई जानकारी दिइने जनाएको छ । निःशुल्क प्रवेश रहने एक्सपोमा सम्पूर्ण निर्माण सामग्री तथा हार्डवेयर कम्पनीका गरी ५० बटाभन्दा बढी स्टल रहने आयोजकले जनाएको छ । एक्सपोमा नयाँ प्रविधि, उपकरण, मेसिनको जानकारी दिइनेछ । यसैगरी, नयाँ निर्माण गर्ने योजना बनाइरहेकालाई आवश्यक परामर्श दिने, भूकम्प प्रतिरोधी निर्माणसम्बन्धी जानकारी दिने जनाएको छ ।

प्रदेशस्तरीय महिला सचेतना कार्यक्रम

रुपन्देही । संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (जेटीयुसिस)ले बुधबार बुटवलमा प्रदेश स्तरीय महिला सचेतना कार्यक्रम गरेको छ । महिला श्रमिकहरुको पेशागत अधिकार, लैङ्गिक समानता, श्रम ऐन, आई.एल.ओ. लगायतका विषयमा जानकारी गराउनको लागि महिला सचेतना कार्यक्रम गरेको हो । कार्यक्रममा बोल्दै नेपाल ट्रेड युनियन कंग्रेस लुम्बिनी प्रदेश अध्यक्ष काजिमान श्रेष्ठले श्रम ऐनको कार्यान्वयन, लैङ्गिक समानता तथा महिला श्रमिको पेशागत अधिकार सुनिश्चिता गराउनको लागि संयुक्त ट्रेड युनियन समन्वय केन्द्र मार्फत यो कार्यक्रम गरिएको र महिला ससक्तिकरणले महिला श्रमिकहरुको स्थापित अधिकार कार्यान्वयनमा सहयोग पुग्ने विश्वास व्यक्त गरेका छन् । संयुक्त ट्रेड युनियन समन्वय केन्द्र लुम्बिनीका संयोजक तथा जिफन्टका प्रदेश अध्यक्ष हुमाकान्त काफ्लेको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल ट्रेड युनियन कंग्रेस महिला समिति अध्यक्ष प्रमिला ढुंगाना र समाजवादी ट्रेड युनियनकी महिला सदस्य सरीता पाण्डेले श्रमिक सचेतना, महिलाका पेशागत अधिकार, लैङ्गिक समानता, श्रम ऐन लगायतका विषयमा प्रशिक्षण गरेका थिए । मजदुरको पेशागत अधिकारका विषयमा संयुक्त रुपमा पहल तथा पैरवी गर्नको लागि नेपाल ट्रेड युनियन कंग्रेस, जिफन्ट लगायतका ट्रेड युनियन मिलेर संयुक्त ट्रेड युनियन समन्वय केन्द्र गठन गरी संयुक्त कार्यक्रम सञ्चालन गर्दै आएका छन् ।

करेन्ट लागेर एकको मृत्यु

कपिलवस्तु । कपिलवस्तुमा घाँस काट्नेक्रममा करेन्ट लागेर एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा शिवराज नगरपालिका -१ बनकसबासामा बस्दैआएका धनबहादुर थापा रहेको प्रहरीले जनाएको छ । आइतबार बिहान अन्दाजी ९ बजेतिर बिद्युतको पोल नजिकैको रुखमा चढेर घाँस काट्नेक्रममा थापालाई करेन्ट लागेको थियो ।

फरार प्रतिवादी पक्राउ

धनगढी । प्रहरीले बैङ्डिड कसुरका फरार एक जना प्रतिवादीलाई पक्राउ गरेको छ । प्रहरीले घोडाघोडी नगरपालिका -४ महितुवा टोलका ३६ वर्षिय ज्ञानबहादुर चौधरीलाई पक्राउ गरेको हो । जिल्ला प्रहरी कार्यालयका अनुसार ६ लाख रुपियाँको चेक बाउन्स गरेको भन्दै चौधरीविरुद्ध जाहेरी परेको थियो । चेक बाउन्स गरी बैङ्डिड कसुर मुद्दामा फरार रहेका चौधरीलाई जिल्ला प्रहरी कार्यालयबाट खटेको प्रहरी टोलीले घरबाटै पक्राउ गरेको जनाएको छ । पक्राउ परेका चौधरीलाई कैलाली जिल्ला अदालतमा पेस गरिएको छ ।

चन्द्रयान ३ र सूर्य मिसनपछि अब समुद्रको गहिराइ नाप्ने तयारीमा भारत

काठमाडौं । छिमेकी मुलुक भारतले चन्द्रयान ३ र सूर्य मिसन पश्चात् अब समुद्रको गहिराइ नाप्ने तयारी गरिरहेको छ । यसका लागि भारतले समुद्रमा जाने यानको निर्माण गरिरहेको छ । जसको नाम समुद्रायन हो ।

यसलाई मत्स्य ६००० पनि भनिएको छ । उक्त समुद्रायनमा तीनजना मानिसहरु समुद्रको ६ किलोमिटर गहिराईसम्म जानेछन् अनि त्यहाँ अध्ययन अनुसन्धान गर्नेछन् ।

भारतका पृथ्वी विज्ञानमन्त्री किरेन रिजिजूले सेप्टेम्बर ११ मा एक ट्वीट गर्दै भारतको अबको मिसन समुद्रयान भएको बताएका छन् । चेन्नाइको नेशनल इन्स्टिच्यूट अफ ओशन टेक्नोलोजीले उक्त यान बनाएको हो ।

यसका माध्यमबाट तीनजना व्यक्ति समुद्रभित्र ६ हजार मिटरको गहिराइसम्म पुग्नेछन् । उनीहरुले त्यहाँका स्रोत तथा जैविक विविधताको अध्ययन गर्नेछन् ।

उक्त परियोजनाको कारणबाट समुद्रको पर्यावरणमा कुनै नोक्सानी नहुने मन्त्रीको दाबी छ ।

यो एक गहिरो सामुद्रिक मिसन हुनेछ जसबाट सामुद्रिक अर्थतन्त्र अर्थात् ब्लू इकोनोमीको विकास गर्ने उद्देश्य छ । यसबाट समुद्रको भित्र रहेका जे जानकारीहरु प्राप्त हुनेछन् त्यसबाट कैयन् मानिसहरुलाई रोजगारी मिल्नेछ । किनकि यसबाट सामुद्रिक स्रोतसाधनको प्रयोग हुनेछ ।

रोचक कुरा त के भने एकातर्फ भारतीय अन्तरिक एजेन्सी इसरोले चन्द्रयान ३, गगनयान तथा सूर्य मिसनजस्ता अन्तरिक्ष मिसन चलाइरहेको बेला पृथ्वी विज्ञान मन्त्रालयले समुद्रको गहिराइ नाप्ने तयारी गरिरहेको हो ।

भारतको नेसनल इन्स्टिच्यूट अफ ओसन टेक्नोलोजीले यसअघि एक पर्सनल स्फेयर यान बनाएको थियो । जुन समुद्रको ५ सय मिटर सम्मको गहिराइमा जान सक्थ्यो । उक्त यानमा एकजना मात्रै व्यक्ति बस्न मिल्थ्यो । यो २.१ मिटर व्यासको एउटा गोलाकार पनडुब्बी थियो जुन माइल्ड स्टीलबाट बनेको थियो । बंगालको खाडीमा एक जहाजबाट उक्त यानको परीक्षण गरिएको थियो । त्यसमा सफलता प्राप्त भएसँगै संस्थानले समुद्रयान परियोजना अगाडि बढाएको हो ।

'संयुक्त नाई श्रमिक व्यवसायी संघ' घोषणा

काठमाडौं । संघीय राजधानी काठमाडौंमा सक्रिय रहेका विभिन्न नाई श्रमिक संगठनहरु मिलेर 'संयुक्त नाई श्रमिक व्यवसायी संघ' घोषणा गरेका छन् ।

सोमबार काठमाडौंस्थित मधेश मिडिया हाउसमा विभिन्न नाई श्रमिक संगठनहरुले रामशिला देवी ठाकुरको अध्यक्षतामा ९ सदस्यीय संयुक्त श्रमिक व्यवसायी संघ घोषणा गरिएको हो ।

गजेन्द्र ठाकुर नेतृत्वको नेपाल नाई ट्रेड युनियन, बबलु ठाकुर नेतृत्वको अखिल नेपाल नाई मजदूर संघ र राजेश ठाकुर नेतृत्वको नेपाल नाई संघ उपत्यका समितिले संयुक्त नाई श्रमिक व्यवसायी संघ गरेका छन् ।

संघका उपाध्यक्षमा राजेश ठाकुर, महासचिवमा गजेन्द्र ठाकुर, सचिव महादेव ठाकुर र कोषाध्यक्षमा नागेन्द्र ठाकुर रहेका छन् । यसैगरी सदस्यहरुमा मो.जोबैर, गंगा ठाकुर, बिजुली ठाकुर र अच्छेलाल ठाकुर रहेका छन् ।

मधेशमा...

गछौं', उनले भने ।

मन्दिर, मस्जिद, कब्रस्थानसहितका कामका लागि यसवर्ष १० करोड बजेट छुट्र्याएको पनि मुख्यमन्त्री यादवले बताए । उनले यो धर्म निरपेक्ष देश भएकाले आफू सद्भाव कायम राखेर काम गर्न चाहेको बताए ।

हिन्दू मुस्लिमलाई लडाएर संघीयता खारेज षड्यन्त्र भइरहेको भन्दै उनले सचेत हुन आग्रह समेत गरेका थिए ।

संविधानको...

मुलुकलाई समृद्ध बनाउँन आम जनताको शासन आवश्यक रहेको बताउँदै उनले दलतन्त्र र मुठिभर नेताहरुको गलत क्रियाकलापले देशको आर्थिक अवस्था झनझन बिग्रदै गएकोमा उनले चिन्ता व्यक्त गरे ।

एक मधेस एक प्रदेशको नारा दिने तर मधेसलाई लुटने काम बाहेक अरु केही नभएको बताउँदै उनले मधेस विकासको सूचांकमा किन पछाडी पर्यो भन्ने विषयमा जवाफ लिनुपर्ने बताए । एक मधेसको नारा दिएर आठ जिल्लाको मधेस बनाउँने काम किन भयो ? उनले प्रश्न गरे ।

'तराई मधेस हिजोको दिनमा समृद्ध थियो । छुटै गौरव महसुश हुन्थ्यो तर आज त्यही समृद्ध मधेसलाई लुटने बाहेक अरु केही भएको छैन् । हिजोको दिनमा पहाडबाट मान्छेहरु तराईमा झर्दा गौरव महसुश गर्थे, तराईमा बसाईसराई गर्न चाहन्थे' साहले भने, 'मधेस हरेक हिसावले समृद्ध भए पनि यहाँ, शिक्षा, स्वास्थ्य, विकास लगायतका क्षेत्रमा किन पछाडी पर्यो ? मानव विकास सूचांकमा किन पछाडी छ ? यहाँको सरकारले जवाफ दिनुपर्छ ।'

महासंघ...

पनि सम्बन्धीत जिल्लाका अध्यक्षहरुको नियत प्रष्ट हुन्छ ।विभिन्न वाहना बनाएर सक्रिय रुपमा पत्रकारीता गरि रहेका पत्रकार साथीहरुको सदस्यता खोस्ने काम भएमा नेपाल प्रेस युनियन सर्लाहीसहित प्रेस सेन्टर नेपाल जिल्ला समन्वय समिति सर्लाही र अन्य विभिन्न पत्रकारहरुका संघ-संगठनहरु कडा आन्दोलन गर्न बाध्य हुने विज्ञप्तीमा उल्लेख गरिएको छ । उत्पन्न हुने परिस्थितिको सम्पूर्ण जिम्मेवारी अध्यक्षहरूले लिनुपर्ने विज्ञप्तिमा उल्लेख छ ।

पुजारीलाई आक्रमण गर्नेलाई कारबाही गर्न महाअभियानको माग

काठमाडौं । समतामूलक समाज निर्माण महाअभियानले रौतहट जिल्लामा एक मन्दिरका पुजारी (संत) माथि सांघातिक आक्रमण गर्नेलाई कडा कारवाही गर्न माग गरेको छ ।

महाअभियानका महासचिव अभिषेक तिवारीले शुक्रबारा एक विज्ञप्ति जारी गरी रौतहटको एक मन्दिरका पुजारीमाथि भएको सांघातिक आक्रमण अत्यन्तै निन्दनीय रहेको बताएका छन् ।

विज्ञप्तिमा भनिएको छ, 'नेपालमा बस्ने हामी तीन करोड नेपालहरु मध्ये ८४ प्रतिशत हिन्दु तथा ओमकार परिवार गरि ९४ प्रतिशतले वैदिक सनातन हिन्दु धर्म संस्कृति आत्मसात गरेका छौं। बहुसंख्यक हिन्दु धर्मावलम्बीहरुको आस्था माथि खेलवाड गर्दै रौतहट जिल्लामा साधु संत माथी पटक पटक सुनियोजित तवरले संघातिक हमला हुदै आएको सर्वबिदितै छ र हिजो पुन: उक्त जिल्लाको दुर्गा भगवती गाउँपालिका वडा नं. ३ देवीपर्सा टोलस्थित श्री रामजानकी मन्दिरका पुजारी मिश्रीलाल साह माथी मिति २०८०/०५/२१ गते बिहिवार राति करिब ११ बजेको समयमा षड्यन्त्रपूर्वक गरिएको सांघातिक आक्रमणको हामी कडा शब्दमा निन्दा गर्दै घोर भत्सर्ना गर्दछौं।'

तसर्थ रौतहटमा साधु संतलाई लक्षित गरि निरन्तर भैरहेको हमला र आक्रमणको अत्यन्त गम्भीर विषयलाई यथाशीघ्र विशेष चासोका साथ राज्यले विगत र वर्तमान अवस्थामा भएका र घटाइएका यस्ता नियोजित तथा बदनियतपुर्ण घटनाहरुको निष्पक्ष छानबिन गरि दोषी लाई सम्बन्धित पक्षसँग कडा भन्दा कडा कानुनी कार्यवाहीको माग गरेको छ ।

यदि कुनै पनि बहाना कार्यवाही प्रक्रिया ओझेल पारिएको खण्डमा समतामूलक समाज निर्माण महाअभियान कडा संघर्षमा उत्रन बाध्य हुने चेतावनी दिएको छ ।

नार्कलाई अनुसन्धान प्रणालीको रूपमा विकास गर्नुपर्ने सास नेपालको जोड

काठमाडौं । कृषि अनुसन्धानको गुणस्तरका लागि नेपाल कृषि अनुसन्धान परिषद (नार्क) लाई राष्ट्रिय कृषि अनुसन्धान प्रणालीको रुपमा विकास गर्नुपर्ने विज्ञहरुले जोड दिएका छन् ।

कृषि वैज्ञानिक समाज नेपाल (सास नेपाल) को आयोजनामा नार्कको केन्द्रिय कार्यालय खुमलटार, ललितपुरमा 'नेपालका प्रमुख कृषि नीतिहरू: नीतिगत प्रावधान, अन्तर र अगाडिको बाटो' बिषयक कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै विज्ञहरुले यस्तो जोड दिएका हुन् ।

कृषि अर्थशास्त्र समाजका महासचिव एवं नार्कका सेवानिवृत्त वरिष्ठ बैज्ञानिक डा. देवेन्द्र गौचनले राष्ट्रिय कृषि अनुसन्धान कोषलाई कार्यान्वयनमा ल्याई कृषि अनुसन्धानलाई प्रतिस्पर्धी बनाउनुपर्ने जनाएका छन् । संविधानले कृषि प्रसार गर्ने मुख्य जिम्मेवारी स्थानिय सरकारलाई अधिकार दिएता पनि आर्थिक स्वतन्त्रता र दक्ष जनशक्तिको अभाव तथा संघीय सरकार प्रतिको जवाफदेहीता न्युन भएका कारण पनि कृषि नीतिहरु कार्यान्वयनमा समस्या भएको निष्कर्ष गौचनको रहेको छ ।

राष्ट्रिय कृषि नीति अनुसन्धान केन्द्रका प्रमुख डा.कृष्ण प्रसाद तिम्सिनाले नेपालमा कृषिसंग सम्बन्धित मुख्य नीतिहरुमा भएका प्रावधान, कार्यान्वयनमा देखिएका समस्या र नीतिगत सुधार र अन्तरको विश्लेषण गर्दै कार्यपत्र प्रस्तुत गरेका थिए ।

कृषि नीतिहरुलाई मुल्य श्रृखलाका आधारमा मुख्य गरी चार भागमा बिभाजन गरी विश्लेषण गरेका तिम्सिनाले कृषक तथा व्यावसायीका माग अनुसार छोटो अवधिमा पाक्ने जलवायु अनुकुलन र पोषण युक्त जातहरु उन्मोचन गरिएको कार्यपत्रमा प्रस्तुत गरे ।

भू-क्षय न्यूनीकरणका उपाय अपनाऔं

- वस्तीको माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- जमिन चिरा परेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था विचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं ।

भू-क्षयबाट बचौं र बचाऔं ।

नेपाल सरकार

विज्ञापन बोर्ड

आयुर्वेदिक उपचार

शीघ्र पतन के हो, यसको कारण र उपचार

डा. सबरी साह
एम.डी.(आयुर्वेद)
वरिष्ठ कन्सलटेंट आयुर्वेद विज्ञ
सिंहदरबार वैद्यखाना विकास समिति

सेक्सको मामलामा यो शब्द वीर्यको स्खलनका लागि प्रयोग गरिन्छ । पुरुषको इच्छाको विरुद्ध उसको वीर्य अचानक स्खलित भइहाल्छ । स्त्री सहवास गर्ने बेलामा संभोगको शुरूमा वीर्यपात हुनु वा पुरुषले रोक्न चाहेर पनि वीर्यपातलाई रोक्न नसक्नु, बीचमै अचानक स्त्रीको सन्तुष्टि वा तृप्ति प्राप्त हुनुभन्दा पहिले नै पुरुषका वीर्य स्खलित हुनु नै शीघ्रपतन (Premature Ejaculation) हो । यसको कुनै निश्चित मापदण्ड छैन । यो प्रत्येक व्यक्तिको मानसिक एवं शारीरिक स्थितिमा निर्भर हुन्छ । इन्टरनेशनल सोसाइटी ऑफ सैक्सुयल मेडिसिनको अनुसार इन्टरकोर्स शुरू गरेको ६० सेकेण्ड भित्र नै पुरूषको वीर्य-स्खलन हुनुलाई शीघ्र-पतन (premature ejaculation) परिभाषित गरेको छ । यस्तो अवस्थामा पुरुषहरूमा असन्तुष्टि, आत्मग्लानी, हीन-भावना, नकारात्मक विचारहरू आउनु एवं आफ्नो साथीसँगको सम्बन्धमा तनाव आउनु स्वाभाविक हो । शीघ्र पतनको सबभन्दा खराब स्थिति भनेको सम्भोग क्रिया शुरू गर्दा नै वा हुनुभन्दा पहिले नै वीर्यपात हो ।

कारण :-

शीघ्रपतन विभिन्न मनोवैज्ञानिक, शारीरिक और व्यावहारिक कारणबाट हुन्छः-

१. मनोवैज्ञानिक कारण :- चिंता, तनाव, अवसाद आदिको कारण शीघ्रपतन हुन्छ ।
२. शारीरिक कारण : हार्मोनल असन्तुलन, मस्तिष्कमा न्यूरोट्रांसमीटरको असामान्यस्तर र प्रोस्टेट वा मूत्रमार्गको समस्या ।
३. वंशानुगत कारण ।
४. इरेक्टाइल डिस्फंक्शन ।
५. अनुभवको अभाव ।

प्रकार :- यो दुई प्रकारको हुन्छ :-

१. आजीवन (प्राथमिक) शीघ्र पतन : जब कुनै पुरुषको आफ्नो पहिलो यौन सम्बन्धदेखि नै Premature Ejaculation को अनुभव हुन्छ । र यो पूरे यौन जीवनमा रहिरहन्छ ।
२. एक्सवायर्ड शीघ्र पतन : यो प्रकार सामान्य यौन क्रियाको केही अवधिको पश्चात विकसित हुन्छ । यो विभिन्न कारणले शुरू हुन्छ । जस्तै मनोवैज्ञानिक तनाव, पति - पत्नी बीचको सम्बन्ध, औषधिको दुष्प्रभाव आदि ।

उपचार :-

१. परामर्श चिकित्सा अत्यधिक प्रभावकारी हुन्छ ।
२. व्यावहारिक तरीका ।
३. जीवनशैलीमा परिवर्तन ।
४. पेलभिक फ्लोरको व्यायाम ।
५. सन्तुलित आहारको सेवन ।
६. संयोजन चिकित्सा (Coordination Therapy) ।
७. औषधि उपचार ।

कृषि एम्बुलेन्स खरिदमा सहयोग दिइने : कृषि प्रमुख ढकाल

कमल राज पौडेल देवकमल, बर्दिया । एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय गुलरिया बर्दियाका कार्यालय प्रमुख सागर ढकालले जिल्लामा क्रियाशील कृषि सहकारी संस्थाहरुले कृषि एम्बुलेन्स खरिद गरि संचालन गर्न चाहेमा एकीकृत कृषि कार्यलयले अनुदान स्वरुप सहयोग दिने बताएका छन् । एकीकृत कृषि तथा पशुपन्छी कार्यालयको वार्षिक स्वीकृत कार्यक्रम सार्वजनिकीकरण कार्यक्रममा उक्त कुरा उनले बताएका हुन् ।कार्यक्रमको अध्यक्षता समेत गरेका कृषि प्रमुख ढकालले जिल्लामा विभिन्न ठाउँमा उत्पादन भएका कृषि उपजलाई सुरक्षित तवरले बजार र उपभोक्तासम्म पुर्याउन कृषि एम्बुलेन्स संचालन गर्न सकेमा कृषि उत्पादनले समयमै बजार पाउने र उपभोक्ता र कृषक दुवैले लाभ लिन सक्ने उनले बताए ।

कार्यक्रममा प्रमुख अतिथि रहेका जिल्ला समन्वय प्रमुख सुर्य बहादुर बिष्टले राष्ट्रिय निकुञ्ज र अन्य वन क्षेत्रसंग जोडिएका किसानहरुले जंगली जनावरका कारण धेरै क्षति व्यहोरिरहेका छन् ।

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड द्वारा प्रवर्द्धित STC ग्याँस

तौल पूर्ण, सुरक्षा सम्पूर्ण

- ISI स्टाण्डर्डको भित्र बाहिर रवर कोट मै बीचमा स्टिलको जाली भएको ३ तहको होजपाइप
- उच्च गुणस्तरको रेगुलेटर
- पुनः प्रयोग गर्न न सकिने प्लाष्टिक सिल भएको सिलिण्डर
- कम्प्यूटर प्राविधिबाट चल्ने प्लान्ट, तौलमा सोह्रै आना दुक्क हुनुहोस्

मेट्रो काठमाडौं ग्याँस इण्डष्ट्रिज लिमिटेड
जुंगे खोला, धादिङ्ग
सम्पर्क कार्यालय कालिमाटी, काठमाडौं
फोन: ४२८८६९६, समराईज बैंक रहेको भवनको माथिल्लो तल्ला
ईमेल: metro@stcnepal.com

साल्ट ट्रेडिङ्ग समूहका उत्कृष्ट खाद्य बस्तुहरु

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

शुल्क	सेवा
रू. ५०००/- (पाँच हजार मात्र)	फोन, फ्याक्स, इमेल

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com

मधेशवाणी प्रा.लि.द्वारा प्रकाशित, का. सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,
Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं